# नेपालमा प्रहरी सेवा
# लेखहरूको सङ्ग्रह



# नेपालमा प्रहरी सेवा

## लेखहरूको सङ्ग्रह

सेफरवर्ल्ड
सेप्टेम्बर २००७

सर्वाधिकार © २००७ सेफरवर्ल्ड
मुद्रण : एपोलो अफसेट प्रेस प्रा. लि., चावहिल, फोन : ९७७१ ४४८१३८६
ई-मेल : apollopress@wlink.com.np

## सम्पादकको टिप्पणी

यो प्रकाशन नेपालको प्रहरी सङ्गठन तथा त्यसको व्यवस्थापन, सामुदायिक सुरक्षा र न्याय-प्रावधानका बारेमा लेखिएका लेखहरूको सङ्ग्रह हो । यसमा आ-आफ्नो क्षेत्रका अनुभवसिद्ध व्यक्तिहरूको विचार समेटिएको छ । सफेरवर्ल्डले लेख सङ्कलन, सम्पादन, अनुवाद र प्रकाशन गरेको हो । सो कार्य गर्दा यसले लेखकको आशय, मर्म र भावना जस्ताको त्यस्तै प्रकट हुन सकोस् भन्ने कुरामा गम्भीर ध्यान पुऱ्याएको छ । लेखमा व्यक्त विचारका लागिलेखकस्वयं जिम्मेबार हुनुहुन्छ, त्यसमा सेफरवर्ल्डको सहमति र समान धारणा हुनैपर्छ भन्ने छैन ।

# विषय सूची


परिचय

*- साइमन रिन* १

नेपालको सन्दर्भमा प्रहरी सेवा र शान्ति निर्माण

*- चन्द्रदेव भट्ट* ९

प्रहरीमा सुधार र सैनिक संख्या कटौती

*- ध्रुवकुमार* १५

युद्धबाट शान्तितर्फ संक्रमण : डीडीआर तथा नेपालमा प्रहरी

*- विष्णुराज उप्रेती* २४

नेपालमा विधिको शासन र प्रहरी प्रशासन

*- सपना प्रधान मल्ल* ३०

प्रहरी सुधारमा भ्रष्टाचार : नेपाल प्रहरीको स्थिति

*- शिवकुमार ढुङ्गाना* ३७

प्रहरी अनुसन्धान : सोधपुछका विधि र तिनको असर

*- युवराज सङ्ग्रौला* ४६

सशस्त्र प्रहरी तथा नेपालमा प्रहरी व्यवस्था

*- डा. चुडाबहादुर श्रेष्ठ* ५१

संक्रमणकालीन न्याय : नेपालमा कार्यान्वयनको प्रश्न

*- हरि फुयाँल* ५६

साझेदारीमा प्रहरी : सामुदायिक सुरक्षाको माग

*- राजेन्द्रबहादुर सिंह* ६१

नेपाली सिकाइको सन्दर्भमा सामुदायिक प्रहरी

*- डा. गोविन्दप्रसाद थापा* ६८

नेपाल प्रहरी तथा दलित समुदाय

*- दुर्गा सोब* ७६

नेपालमा प्रहरी व्यवस्था : लैङ्गिक चासोहरू

*- बन्दना राणा* ८१

प्रहरी सुधारमा सामाजिक समावेशीकरण

*- शोभा गौतम* ८८

नेपालमा मानवअधिकार र प्रहरी

*- सुबोधराज प्याकुरेल* ९४

# परिचय

## द्वन्द्वपछिको समाजमा प्रहरीः

द्वन्द्वपछिको वर्तमान अवस्थामा जनताले पुनर्निर्माणका लागि योगदान दिँदै आएका छन् तर, असुरक्षाका कारणले समुदायमा वितृष्णा पनि सिर्जना भएको छ । खासगरी गरिब तथा आपतग्रस्त वर्गलाई सुरक्षा तथा न्याय प्राप्तिमा प्राथमिकता दिइनुपर्दछ । त्यसमा उनीहरूको पहुँच हुनुपर्छ भन्ने कुरालाई महत्व दिँदै अनुकूल परिस्थितिको निर्माण गर्न र शान्तिलाई स्थायी स्वरूप प्रदान गर्न प्रयास पनि भएको छ । यसका लागि प्रहरी र सेनाजस्ता सार्वजनिक सुरक्षा निकायहरूमा सुधार ल्याउनु र सही ढङ्गले विकास गर्नु आवश्यक छ । धेरै मुलुकहरूमा सुरक्षा निकायले नागरिकको आवश्यकता पूरा गर्न नसकेका कारण विभिन्न समस्या सिर्जना भएको देखिन्छ । हिंसापूर्ण द्वन्द्व भड्किएपछि त्यसको नियन्त्रणका लागि तयार बनेको सुरक्षा निकायले पनि आमनागरिको चाहना पूरा गर्न सकिरहेको छैन । द्वन्द्वका क्रममा प्रहरी सेवामा सैनिकीकरण हावी हुनु सामान्य विषय थियो । त्यो बेला फौजको हात विभिन्न क्षेत्रमा विस्तार भयो । उसले आमजनताको भन्दा बढी सत्ता अथवा राज्यको हितमा काम गर्न थाल्यो ।

द्वन्द्वपछिको परिस्थितिमा राज्यमा कानुन कार्यान्वयन गराउन र सार्वजनिक सेवा उपलब्ध गराउन प्रष्टरूपमा तोकिएको निकाय प्रहरी नै हो । उनीहरूको आचरण, भूमिका, संगठन र सेवाको प्रकार विषेश परिस्थितिमा विषेश हुनु आवश्यक हुन्छ । शान्ति सम्झौता र शान्ति निर्माणका लागि द्वन्द्वपछिको अवस्था महत्वपूर्ण हुनु स्वाभाविक हो । स्थानीय समुदायको सहभागिताका साथ सुरक्षा निकायले काम अघि बढाउन सकेमा नै द्वन्द्व फर्केर आउने सम्भावना र असुरक्षाको स्थिति हटेर जानेछ ।

## नेपालमा प्रहरी-पछिल्लो इतिहास

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) सँगको प्रारम्भकालको द्वन्द्वताका नेपाल सरकारले आतङ्ककारी दबाउन र अमनचैन कामय गर्ने जिम्मा नेपाल प्रहरीलाई नै सुम्पेको थियो । परिणामस्वरूप नेपाल प्रहरी नै सशस्त्र द्वन्द्वका कारण सबैभन्दा बढी क्षति व्हन गर्ने पक्ष हुन पुग्यो । प्रहरी चौकीहरू राज्यको प्रतिनिधिका रूपमा मुलुकका विभिन्न क्षेत्रमा रहेकाले त्यसलाई विस्थापित गरेर राज्यसँग युद्ध गर्ने

नीति माओवादीले लियो । माओवादीको सामना गर्न कम स्रोत, साधनको कमीले प्रहरी क्रमशः अक्षम हुनथाल्यो । माओवादी दबाबका क्षेत्रहरूबाट प्रहरी चौकीहरू विस्थापित हुनथाले । कुनैबेला २ हजारको परिमाणमा रहेका प्रहरी चौकीहरू घटेर २००६ को नोभेम्बर महिनामा युद्धविराम हुँदा ६ सय हुन पुगे । यही परिस्थितिलाई ख्याल गर्दै २००१ बाट सशस्त्र प्रहरी बललाई पनि परिचालन गरियो । तत्कालीन शाही नेपाली सेनाको नेतृत्वमा गठित युनिफाइड कमाण्डमा जनपद प्रहरी र सशस्त्र प्रहरीलाई समावेश गरियो । सशस्त्र द्वन्द्वमा सरकारतर्फमा भएको सर्वाधिक क्षति प्रहरीमा नै देखियो । १९९६ देखि आजका मितिसम्म सशस्त्र द्वन्द्वका कारण नेपाल प्रहरीका तर्फमा सर्वाधिक हताहत भएको मानवअधिकार अभिलेखमा जनाइएको छ । अभिलेखले माओवादी आक्रमणको पनि आलोचना गरेको छ । देशव्यापी रूपमा सुरक्षा प्रबन्ध मिलाउन खटिएको प्रहरीको आत्मबल कमजोर बनेको र सेवा दिने मानसिकता पनि क्षीण भएको टिप्पणी अभिलेखमा गरिएको छ ।

द्वन्द्वको पछिल्लो कालखण्डमा पनि नेपालको प्रहरी, न्याय क्षेत्रसमेतमा विविधतायुक्त मुलुकको छवि देखा पर्न सकेन । नेपालमा प्रहरी तथा न्यायिक सेवा स्वभावका कारणले भिन्न भए तापनि  कानुन कार्यान्वयन गराउन यी पक्षहरूको सहकार्य महत्वपूर्ण हुन्छ । १९ औं शताब्दीमा स्थानीय राज्य-रजौटा र गभर्नर केन्द्रीय सरकारको नाममा शासन गर्थे । यसका लागि उनीहरूले केन्द्रबाट अख्तियारी पाएका हुन्थे । कति ठाउँहरूमा गाउँका मुखियाहरू नै परम्परा र चालचलनका आधारमा मुद्दा किनारा लगाउने काम पनि गर्थे । बीसौं शताब्दीमा प्रवेश गर्ने क्रममै केन्द्रीय प्रहरीको अंश मुलुकका विभिन्न ठाउँमा छरिन पुग्यो । १९५० को दशकमा मात्र राणाविरुद्ध क्रान्ति भयो, केन्द्र सरकार आधुनिकतातर्फ प्रवेश गर्न थाल्यो र प्रहरीमा आधुनिकीकरण सुरु भयो । सशस्त्र विद्रोहमा लागेका पूर्वलडाका तथा मिलिसिया समूहलाई समावेश गरेर नेपाल प्रहरीको सिङ्गो स्वरूप निर्माण गरियो । १९५५ मा आएर नेपाल प्रहरी ऐन पारित भयो, जसलाई आधुनिक प्रहरीको संरचनाको जग मानिन्छ । नेपाल प्रहरीको आधुनिकीकरणमा छिमेकी मुलुक भारतको पनि प्रेरणा प्राप्त भयो । आजको नेपालमा नेपाल प्रहरी पूर्णतः नागरिक शक्तिको नियन्त्रणमा रहेको छ । यसलाई केन्द्रमा गृह मन्त्रालयले निगरानी गर्दछ । यसको स्थानीय स्तरको प्रतिनिधि प्रमुख जिल्ला अधिकारी (सिडियो) रहेका छन् । स्थानीय प्रहरी अधिकारी, चौकी हवल्दार र थानाका प्रहरी निरीक्षकले सिडिओलाई कामको रिपोर्ट बुझाउनुपर्छ ।

समय व्यतीत हुँदै जाँदा नेपाल प्रहरी विभिन्न प्रवृत्तिको नीतिमा पर्न गयो । प्रहरी सेवामा कानुनी शासनले प्रधानता पाउन सकेन । १९९० मा बहुदलीय व्यवस्थाको पुनःस्थापना भएपछि अन्य सुरक्षा निकायहरूका साथ राजा र शासक वर्गको स्वार्थमा यो सुरक्षा निकाय प्रस्ट रूपमा समर्पित भएको देखियो । नागरिक तथा राजनीतिक अधिकार व्यापक रूपमा कटौती हुन पुग्यो । प्रहरीलाई

लोकतान्त्रिक स्वरूप प्रदान गर्नका लागि कुनै पनि प्रयास भएन । उनीहरूमा न त हिंसात्मक द्वन्द्वको दबाब सहन गर्न सक्ने तत्परता विकास हुन पायो न त पार्टीको प्रभावबाट मुक्त व्यावसायिक छविको नै विकास हुनसक्यो । सम्भ्रान्त वर्गको प्रभावमा रहेको राजनीतिक पार्टीको नेतृत्वप्रति नै प्रहरी सेवा समर्पित हुन पुग्यो । छिमेकी प्रहरी पद्धतिको शुभारम्भ १९८२ को प्रारम्भमै भए पनि (सिङ्गापुरको छिमेकी प्रहरी कार्यालयको अवधारणाबाट अभिप्रेरित) त्यसले निरन्तरता पाउन सकेन । यसका लागि प्राप्त सहयोग पनि प्रहरी प्रधान कार्यालयमै सीमित हुन पुग्यो । त्यसैगरी करिब २ सय सामुदायिक सेवा केन्द्रहरूको स्थापना पनि भयो । प्रहरी पोष्टभित्रै त्यस्ता केन्द्रहरू खोलिए । यसले समुदायमा आधारित प्रहरीको नमूना अङ्गीकार गरेको थियो तर सेवाभित्रको अन्योलता र सरकारभित्रको सङ्कीर्ण सोचका कारण यस कार्यको उचित संरक्षण हुन सकेन, यस कार्यक्रमलाई लिएर राष्ट्रिय नीति पनि बनेन । त्यसबाट पाठ सिकेर अगाडि बढ्ने प्रयासः पनि भएन । विस्तारित रूपमा भन्नुपर्दा नेपाल प्रहरी सांगठनिक विकासका लागि आफैं योजना बनाउन र आफ्नो आवश्यकता र महत्व परिभाषित गर्न सकिरहेको छैन । यसको परिदृश्य, लक्ष्य र व्यवस्थापन-दर्शन तयार हुन सकेको छैन ।

नेपालको अन्तरिम सरकारले हालै एक कमिटी गठन गरी सुरक्षा क्षेत्र सुधारको प्रश्न अघि बढाएको छ । सेनाको संख्या घटाउने र माओवादी पूर्वलडाकाहरूलाई सेनामा प्रवेश गराउने विषयमा पनि सो समितिले अध्यन गर्न थालेको छ । यस सन्दर्भमा खुला छलफल हुन बाँकी नै छ । मुलुकका दुई प्रहरी संरचना जनपद र सशस्त्र प्रहरी संगठनहरू प्रभावित हुन पुग्छन् कि पुग्दैनन् भन्ने सन्दर्भमा पनि छलफल हुन बाँकी नै छ । वर्तमान सन्दर्भमा सेना ब्यारेकमा थन्किएको र बृहत् शान्ति सम्झौता अनुसार काम गर्न खोजिएको परिस्थिति कायम छ । निर्वाचनको कार्यक्रम र अपराधको बढ्दो दरका कारण सुरक्षा अङ्गहरूलाई बढी प्रभावकारी रूपमा कसरी सञ्चालन गर्ने भन्ने सवाल पनि उठ्न थालेको छ । खासगरी आगामी वर्षहरूमा नेपाल प्रहरीको भूमिका सङ्कटग्रस्त हुन्छ । यसको सार्वजनिक सुव्यवस्था कायम गर्ने, अपराध रोक्ने जनताको धनजनको सुरक्षा गर्ने, अपराध अनुसन्धान गर्ने, गिरफ्तारी तथा गुप्तचरी गर्ने, ट्राफिक नियन्त्रण, सामुदायिक मध्यस्थता र सङ्कटकालीन राहत वितरणजस्ता विषयमा पनि प्रहरीले भूमिका खेलिरहेको छ । नेपाल प्रहरीका अधिकांश चौकीहरू पुनःस्थापना हुँदैछन् । काठमाडौंमा नयाँ महानगरीय प्रहरी सेवा थालिएको छ । ८ हजार नयाँ प्रहरी भर्ना गरिएका छन् भने करिब ७० हजार प्रहरी आगामी संविधानसभाको निर्वाचनका लागि खटिँदै छन् । यति सबै भएर पनि नेपाल प्रहरीका अधिकृतहरू समस्या निरूपण गर्न सकिरहेका छैनन् । उनीहरूमध्ये अधिकांश समर्पित व्यावसायिक क्षमताका छन् । दैनिक रूपमा आइपर्ने समस्याको सामना गर्दैछन् तर नेपाल प्रहरीभित्रको ठूलो संख्याले आमनागरिकको विश्वास जित्न सकेको छैन, कमजोर तालिम र स्रोत-साधन, न्यून आत्मबल र मनोवैज्ञानिक घात,

भ्रष्टाचारको व्यापकता र दण्डहीनता, राजनीतिकरण र संगठनको विस्तार गर्ने पर्याप्त परिदृश्यको अभावका कारण नेपाल प्रहरी समस्यामा परेको छ । यी आदि सवालहरूलाई ख्याल गर्दा संगठनको भावी भूमिका गम्भीर हुनु आवश्यक हुन्छ र समयको अन्तरालसँगै यसको विकास कसरी गर्ने भन्ने चुनौती ठडिन आइपुग्छ ।

## प्रहरी सुधारः महत्वपूर्ण मुद्दा

यो नेपालमा प्रहरीको अवस्थाका विषयमा लेखिएका लेखहरूको सङ्कलन हो । २००७ को प्रारम्भसँगै सेफरवर्ल्डले सुरु गरेको २००६ को नोभेम्बरमा सम्पन्न बृहत् शान्ति सम्झौताको परिणामस्वरूप यो सङ्कलन तयार भएको हो । नेपाल कम्युनिस्ट पार्टी माओवादी र सात संसदीय पार्टीको सरकारबीच सम्पन्न सो सम्झौताको अनुगमन यसको आधार हो । यहाँ सबै लेखहरू विभिन्न पृष्ठभूमि र दृष्टिकोण तथा बौद्धिक क्षमताका पूर्वप्रहरी अधिकारी र मानवअधिकार तथा शान्ति कार्यकर्ताका लेख सङ्कलन गरिएका छन् । यसले नेपालमा प्रहरीको वर्तमान अवस्था र भविष्यको सम्भावनालाई विश्लेषण गरेको छ । सामूहिक रूपमा लेखहरूले शान्ति निर्माण तथा राष्ट्रिय मेलमिलापका क्षेत्रमा प्रहरीको भूमिका ऊजागर गरेको छ । नेपाल प्रहरी सार्वजनिक सुरक्षा प्रदान गर्ने प्रारम्भिक निकाय रहेकोले नेपालको सुरक्षा र संरक्षणका सन्दर्भमा लेखहरूले जोड दिएका छन् । यहाँ सङ्कलित लेखहरू प्रहरीसँग सम्बन्धित रहेर पनि विविध विषयसँग सम्बन्धित छन् । यस संग्रहमा समष्टिगत रूपमा कुनै निष्कर्ष दिने वा सिफारिस गर्ने काम गरिएको छैन । खासगरी छलफलका लागि प्रहरी संगठन र प्रशासनको सुधारका लागि उपयुक्त वातावरण बनाउने प्रयास गरिएको छ । न्याय दिने तथा सुरक्षा प्रदान गर्ने निकायका रूपमा प्रहरीको सुधार हुनुपर्ने र नेपाली नागरिकको सहज पहुँच बन्नुपर्ने मान्यताका साथ विचार अभिव्यक्त भएको छ । छलफलका माध्यमद्वारा चेतना अभिवृद्धि गर्न, सान्दर्भिक सवालहरू उठाउन र नागरिकमा मौलिक क्षमताको विकास होस् र त्यो क्षमता सुरक्षा क्षेत्रमा पनि देखिनुपर्छ भन्ने आग्रह यहाँ प्रकट भएको छ । मुलुकका सुरक्षा निकायहरू परम्परागत शैलीमा प्रशिक्षित रहेका कारण लोकतान्त्रिक अभ्यास उनीहरूका लागि नयाँ चुनौती बनेको छ, यस सन्दर्भमा पनि प्रस्तुत संग्रहको महत्व बढ्न जाने विश्वास लिइएको छ ।

यसै अवधारणालाई मस्तिष्कमा राखेर विभिन्न लेखकहरूले द्वन्द्वपछिको नेपालको सन्दर्भमा प्रहरी सुधार तथा विकासको विषयलाई सापेक्ष राख्दै आफ्नो तर्फबाट योगदान दिएका छन् ।

**चन्द्रदेव भट्ट**ले शान्ति निर्माण तथा प्रहरी' शीर्षकमा लेख लेख्दै प्रहरी सुधार तथा बृहत् शान्ति सम्झौताको कार्यान्वयनका सन्दर्भमा समष्टिगत सम्बन्ध देखाउने प्रयास गर्नुभएको छ । प्रहरीले शान्ति प्रक्रियामा कस्तो योगदान पुऱ्याउन सक्छ र

सकारात्मक योगदानका लागि कस्तो अवसर प्रदान गरिनुपर्छ जसले गर्दा ऊ विस्तृत शान्ति सम्झौताको रक्षक तथा प्रवर्द्धक सावित हुनसक्छ भन्ने प्रश्न उठाउनुभएको छ ।

प्रहरी तथा नेपाल सेनाको सुधारका बीचमा सम्बन्ध स्थापित गर्ने र त्यसको परीक्षण गर्ने काम त्रिभुवन विश्वविद्यालयस्थित नेपाल तथा एसियाली अध्ययन केन्द्रका **ध्रुवकुमार**ले गर्नुभएको छ । नेपाली सेनाको संख्या घटाउने कार्यले प्रहरीको क्षमता बढाउनमा कस्तो योगदान दिनसक्छ र यस अभ्यासले कुन कुन पक्षमा प्रभाव पार्दछ भन्ने विषयमा उहाँले प्रस्ट पार्नुभएको छ ।

साउथ एसिया समन्वय कार्यालयस्थित स्विस नेसनल सेन्टर अफ कम्पिटेन्स इन रिसर्चका **विष्णुराज उप्रेती**ले नेपालका पूर्वद्वन्द्वरत पक्षहरूले हतियार तथा हतियारधारीहरूको व्यवस्थापनमा गरिएको सम्झौताको कार्यान्वयनका एक अङ्गका रूपमा प्रहरी व्यवस्थापनलाई हेर्नुभएको छ । उहाँले प्रहरीभित्र पूर्वलडाकाहरूलाई समावेश गर्ने सम्भावनाको विश्लेषण गर्नुभएको छ । प्रहरीभित्र उनीहरूको समायोजन हुँदा के प्रभाव पर्छ, समुदायले उनीहरूप्रति हेर्ने दृष्टिकोण कस्तो हुन्छ र यस कार्यका लागि कति खर्च लाग्छ भन्ने विषयमा उहाँले समीक्षा गर्नुभएको छ ।

महिला कानुन तथा विकास फोरमका अध्यक्ष **सपना प्रधान मल्ल**ले प्रहरी र विधिको शासनका विषयमा प्रकाश पार्दै कानुन कार्यान्वयनमा आउने चुनौतीको लेखाजोखा गर्नुभएको छ । उहाँको लेखले कानुनको कार्यान्वयन हुनैपर्ने पक्षमा वकालत पनि गरेको छ ।

प्रहरी संगठन तथा नेपालको न्यायिक पद्धतिबीचको सम्बन्ध देखाउने र पुनरावलोकन गर्ने काम काठमाडौं स्कुल अफ लका **युवराज संग्रौला**ले गर्नुभएको छ । फौजदारी न्याय प्रणालीका दुई फरक तत्वहरूबीच सफलता तथा असफलताको क्षेत्र ऊजागर गर्ने र यसमा सुधारको आवश्यकता देख्ने काम संग्रौलाको लेखले गरेको छ ।

शान्तिका लागि साथी नामक संस्थाका अनुसन्धानकर्ता **शिवकुमार ढुङ्गाना**ले नेपाल प्रहरीभित्र हुने गरेको भ्रष्टाचारको प्रवृत्तिलाई ऊजागर गर्नुभएको छ । उहाँको चिन्ता प्रहरीलाई कसरी जवाफदेही र पारदर्शी बनाउने भन्ने विषयमा केन्द्रित छ ।

**चुडाबहादुर श्रेष्ठ** पूर्वप्रहरी अधिकृत हुनुहुन्छ । उहाँले सशस्त्र प्रहरीको भूमिका ऊजागर गर्नुभएको छ । उहाँको लेखमा कानुन तथा व्यवस्थाको वर्तमान प्रावधान शान्ति र सुरक्षाको स्थितिका सन्दर्भमा सशस्त्र प्रहरीको वर्तमान संरचना

र कार्यको विश्लेषण गरिएको छ । लेखले सशस्त्र प्रहरीको भविष्यप्रतिको सम्भावना र द्वन्द्वपछिको वातावरणमा तटस्थता देखाउने र आमनागरिकको विश्वास जित्नुपर्ने आवश्यकतामाथि प्रकाश पारेको छ ।

**हरि फुयाल** बेलायतस्थित एसेस विश्वविद्यालय र भारतको बैङ्गलोरस्थित नेसनल ल स्कुल अफ इन्डिया युनिभर्सिटीबाट स्नातकोत्तर, एलएलएम गरेका विद्वान् हुनुहुन्छ । उहाँले संक्रमणकालीन न्याय र नेपालले प्राप्त गर्नसक्ने उपलब्धिका विषयमा प्रकाश पार्नुभएको छ ।

पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक **राजेन्द्रबहादुर सिंह**ले नेपाली समुदायमा विधिको शासनको कार्यान्वयन गर्न आइपर्ने समस्या र चुनौतीका विषयमा विश्लेषण गर्नुभएको छ । यी समस्याहरू ब्वास्तवमै समस्या हुन् वा समस्याका रूपमा मात्र चित्रण गरिएको हो, नेपालको वर्तमान अवस्थामा कुन नमूनाको प्रहरी व्यवस्थापन उपयुक्त हुन्छ र संक्रमणकालीन अवस्थामा कुन अवधारणालाई प्राथमिकता दिनुपर्छ भन्ने पक्षहरूको विश्लेषण गर्नुभएको छ ।

सुरक्षा तथा न्याय अध्ययन केन्द्रका अध्यक्ष तथा अवकासप्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक **गोविन्द थापा**ले सामुदायिक प्रहरी सेवामा नेपालको अनुभवबाट सिकेका पाठहरू प्रस्तुत गर्नुभएको छ । उहाँले विगतका सफलताहरूको सूची प्रस्तुत गर्दै त्यसका लागि सामना गर्नुपरेका चुनौती र सामुदायिक प्रहरी सेवाको आवश्यकतामाथि प्रकाश पार्नुभएको छ ।

महिला दलित संगठन (फेडो) का अध्यक्ष **दुर्गा सोब**ले तथाकथित तल्लो जात र प्रहरी सेवाका विषयमा व्याख्या गर्दै कानुनले दलितलाई अझ बढी समान व्यवहार गर्ने पद्धतिको विकास कसरी गर्ने, दलित समुदायविरुद्ध गरिने पक्षपात तथा प्रशासनिक क्षेत्र तथा नियुक्ति प्रक्रियामा हुने विभेद कसरी हटाउने र प्रहरीमा दलितको प्रतिनिधित्व कसरी बढाउने भन्ने सवाल उठाउनुभएको छ ।

साथी संस्थाकी उपाध्यक्ष **बन्दना राणा**ले प्रहरीमा महिलाको भूमिका र प्रहरीले महिला तथा बालबालिकाको हित संरक्षणका लागि गर्नुपर्ने कामका बारेमा प्रकाश पार्नुभएको छ । उहाँले नेपालमा लैङ्गिक अपराधको प्रकृति, प्रहरीको लैङ्गिक चेतना र यसखाले अपराधलाई प्राथमिकता दिने विषयहरूमा प्रकाश पार्दै प्रहरी व्यवस्थापनमा सुधार ल्याउनुपर्ने आवश्यकता औंल्याउनुभएको छ । राणाले प्रहरीभित्र महिलाको पर्याप्त प्रतिनिधित्व भएमा मात्र महिलाको हितमा यस संगठनले अपेक्षित काम गर्नसक्ने धारणा राख्नुभएको छ ।

मानवअधिकार सञ्चार प्रतिष्ठान नेपालकी **शोभा गौतम**ले सामाजिक समावेशीकरणलाई प्रहरी व्यवस्थापनको सुधारमा पर्याप्त महत्व दिनुपर्ने विचार

प्रकट गर्नुभएको छ । प्रहरीको मौजुदा सामाजिक संरचना र मुलुकभित्रका विभिन्न क्षेत्रमा रहेको विविधताबीच तालमेल हुनुपर्ने दृष्टिकोण राख्दै गौतमले विभिन्न सामाजिक समुदायबीच शैक्षिक तथा अनुभवको भिन्नताले उनीहरूले पाउने अवसरमा पनि प्रभाव पारेको उल्लेख गर्नुभएको छ । यी सम्पूर्ण पक्षहरूलाई समावेश गर्दै प्रहरी प्रशासनमा सुधार हुनु आवश्यक रहेको धारणा उहाँको रहेको छ ।

अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) का अध्यक्ष **सुवोधराज प्याकुरेल**ले नेपालको प्रहरी प्रशासन र मानवअधिकारका सन्दर्भमा समीक्षा गर्नुभएको छ । मानवअधिकारका विषयलाई अगाडि बढाउनका लागि प्रहरी प्रशासनलाई योग्य बनाउनुपर्ने दृष्टिकोण राख्नुभएको छ । प्रहरी प्रशासनभित्र मानवअधिकारको प्रवर्द्धन गर्ने र त्यसको मापन गर्ने प्रक्रियाले नै उसको सफलता देखाउँछ । प्रहरी अधिकारीहरूको व्यक्तिगत अधिकारको रक्षा पनि ध्यानदिनु पर्ने विषय हो, उहाँ लेख्नुहुन्छ ।

**साइमन रिन, सेफरवर्ल्ड, जुलाई २००७ ।**

## सेफरवर्ल्ड के हो ?

सेफरवर्ल्ड स्वतन्त्र गैरसरकारी संस्था हो । यसले सशस्त्र हिंसा रोक्न र नागरिकले शान्तिपूर्ण र सम्मानित जीवन बाँच्ने उपयुक्त समुदायको निर्माण गर्न सघाउँदै आएको छ । सुरक्षा तथा न्याय प्राप्तिका लागि नेपालले भोगिरहेको समस्या निवारणका लागि स्थानीय रूपमा उपयुक्त दीर्घकालीन समाधानको खोजी गर्न यसले अनुसन्धान, क्षमता अभिवृद्धि तथा चेतनाको विकासका लागि बहस सञ्चालन गर्दछ ।

यस संग्रहको उत्पादन तथा प्रकाशन सेफरवर्ल्डको सहयोगमा भएको हो ।

सेफरवर्ल्ड
द ग्रेस्टोन सेन्टर
२८ चार्ल्स स्क्वायर
लण्डन एन १ सिक्ष्थ
संयुक्त अधिराज्य
फोन: + ४४ (०)२० ७३२४ ४६४६
फ्याक्स: + ४४(०)२० ७३२४ ४६४७)
वेब: www.saferworld.org.uk
इमेल: general@saferworld.org.uk

# नेपालको सन्दर्भमा प्रहरी सेवा र शान्ति निर्माण

- चन्द्रदेव भट्ट

## परिचयः

द्वन्द्वोत्तर अवस्थामा न्याय र सुव्यवस्था कायम गर्न सुरक्षाको प्रत्याभूति हुनुपर्दछ । यस कुरालाई व्यापक रूपमा स्वीकार गरिए तापनि युद्ध सकिएपछि धेरैजसो देशमा पहिले यस्तो सेवा दिँदै आएका संस्थाहरू विघटन हुने गर्छन् । तसर्थ देशमा सशस्त्र द्वन्द्वबाट उत्पन्न भएका आन्तरिक सुरक्षा क्षमताको विकासले महत्व पाउँछन् र खासगरी प्रहरी सुधारमा जोड दिनका लागि नीति निर्माताहरूले सुरक्षा क्षेत्रको सुधारमा बढी ध्यान दिनुपर्ने हुन्छ ।[1] कसैले पनि प्रहरी सुधारको बारेमा सोच्दा शान्ति स्थापनालाई एक व्यापक अर्थ राख्ने (वा निश्चित आकारप्रकार नभएको) शब्दावलीका रूपमा लिन्छ । यसो भए तापनि यस कार्यपत्रमा शान्ति स्थापनाको परिप्रेक्ष्यमा प्रहरी सुधारसम्बन्धी व्याप्त अवधारणाहरूबारे स्पष्ट गर्ने प्रयास गरिनेछ ।

## परिप्रेक्ष्य

शान्ति निर्माणमा शान्ति कायम राख्ने र शान्ति बनाउने कुरासँग सम्बन्धित व्यापक गतिविधिहरू पर्छन् । शान्ति निर्माणलाई हिंस्रक द्वन्द्व कम भएपछि वा समाप्त भएपछि घटित हुने तथा क्षमता अभिवृद्धि, सद्भाव कायम गर्ने, पुनःएकीकरण, पुनर्स्थापना, सामाजिक रूपान्तरण र यसभन्दा पनि बढी अन्य थुप्रै गतिविधि समावेश भएको दीर्घकालीन प्रक्रिया भनेर पनि परिभाषित गर्न सकिन्छ ।[2] शान्ति निर्माणको केन्द्रीय काम चाहिं सकारात्मक शान्तिको सिर्जना गर्नु हो - यो एक "नयाँ वितण्डा सुरु भएर युद्धको रूप लिने परिस्थिति नभएको स्थिर सामाजिक समीकरण" हो र यसले पुराना द्वन्द्वहरूको पुनरावृत्ति हुनबाट

---

[1] कल. सी, "कम्पिटिङ योनर अप्रोचेज टु पोस्ट-कन्फलिक्ट पुलिस रिफर्म", *कनफ्लिक्ट, सेक्युरिटी एन्ड डिभलपमेन्ट* २:१, २००२

[2] बुत्रोस-घाली, बी, *यन एजेन्डा फर पिस,* (युनाइटेड नेसन्स, १९९५)

रोक्दछ ।[३] त्यसकारण द्वन्द्वोत्तर अवस्थामा शान्ति निर्माण भन्ने कुरा समस्या समाधान वा द्वन्द्व व्यवस्थापन विधिहरूभन्दा पनि पर पुग्छ । यसमा द्वन्द्वका कारणहरूको प्रभावकारी व्यवस्थापनका लागि कार्यविधि उपलब्ध गराउने संस्थाहरूको सिर्जना तथा सुधार गर्नेजस्तो कार्य पनि समावेश हुन्छ । र, यसले समाजमा सुरक्षाको अनुभूतिको सिर्जना गर्दछ ।

## शान्ति निर्माण र प्रहरी : अन्तरविरोध

द्वन्द्वोत्तर अवस्थामा रहेका राज्यहरू समाजमा शान्ति कायम गर्ने सन्दर्भमा धेरैखालका चुनौतीहरूको जटिल गुम्फनसँग जुझ्न पुग्छन् । यस्तो किन हुन्छ भने त्यस्ता राज्यमा व्यापक सुरक्षा संयन्त्रको स्थापना र कार्यान्वयन गर्ने कुनै खास सुरक्षाकर्मी (प्रहरी वा सशस्त्र बल) ले सम्पूर्ण अधिकार पाएको हुँदैन । वस्तुतः वैधानिकताको संकटले गर्दा यसो हुन जान्छ । सुरक्षाकर्मीहरू खुला वा गोप्य रूपमा राजनीतिक आन्दोलनलाई दबाउन संलग्न भएको हुनाले र उनीहरू विकसित भइरहेको राजनीतिक वातावरणका प्रतिनिधि-पात्र नभएकाले यसप्रकारको वैधानिकताको संकट उत्पन्न हुन जान्छ ।[४]

नागरिक द्वन्द्वको सन्दर्भमा प्रहरीलाई आफ्ना विगतका कामकारबाहीको आधारमा यो वा त्यो समूहसँग पूर्वाग्रही रहेको मान्न सक्ने धेरै सम्भावना हुन्छ । तिनीहरूलाई कुनै खास सत्ता विशेषको दलाल वा समाजको कुनै खास स्वार्थ समूहको सहयोगीका रूपमा देख्ने गरिन्छ ।[५]

द्वन्द्वोत्तर समाजमा सुरक्षा सेवादाताको वैधानिकता वा क्षमताको सीमितताको फलस्वरूप शान्ति प्रक्रियालाई सहयोग पुऱ्याउने सन्दर्भमा विधिको शासनमा जोड दिइएको हुन्छ किनभने प्रहरी सेवा शान्ति प्रक्रियालाई सुदृढ पार्ने र सामाजिक असन्तुलनलाई फेरि सन्तुलनमा फर्काउने दुवै काम प्रहरी सेवाका लागि पूर्वसर्त हुन् । हुन पनि आन्तरिक सुरक्षाको सबैभन्दा बढी दृश्यवान् रूप प्रहरी नै हो ।[६]

---

[३] हागेरुब्राटन एच, "पिस बिल्डिङः सिक्स डाइमेन्सन्स एन्ड टु कन्सेप्ट्स्", अफ्रिकन सेक्युरिटी रिभ्यू, ७.६, १९९८

[४] मेसे एम्. कन्फ्लिक्ट रिसर्च कन्सोर्टियम, युनिभर्सिटी अफ कोलाराडो, बाउल्डर, "ह्वाट इट मिन्स टु बिल्ड अ लास्टिङ पिस", सेप्टेम्बर २००३, www.beyondintractibility.org/essay/peacebuilding/।

[५] मार्क्स जी., "पुलिस एण्ड डेमोक्रेसी", अमीर एम र आइन्स्टाइन एस् (सं.), *पोलिसिग, सेक्युरिटी एन्ड डेमोक्रेसी*

[६] हेर्नु: बेले डी. *डेमोक्रेटाइजिङ द पोलिस अब्रोड,* (वासिंगटन, २००१), पृ. १३ र त्राभिस जे., *पोलिसिङ इन ट्रान्जिसन,* (बुडापेस्ट, १९९८) पृ. २

यसैगरी प्रतिनिधि प्रहरी बलको सशक्तीकरण दिगो शान्ति स्थापनाका लागि अत्यावश्यक हुन्छ किनभने कानुनको शासन अन्तर्गत प्रहरी सञ्चालन हुँदा उनीहरूले कानुनको सम्मान गरेर र अपराधको रोकथाम तथा कमी गराएर दुवै किसिमले प्रजातन्त्रको संरक्षण गर्दछन् ।

## कस्तो प्रकारको प्रहरी सेवा ?

शान्ति निर्माण तथा प्रहरी सेवाको परिप्रेक्ष्य हेरिसकेपछि शान्ति निर्माणमा कस्तो प्रकारको प्रहरी सेवा राम्रो हुन्छ त भन्ने पहिलो प्रश्न हाम्रा अगाडि तेर्सिन्छ । यस सन्दर्भमा दुई विचार पद्धतिहरू दिमागमा आउँछन् । पहिलो, प्रहरीको ज्यादाजसो काम अपराधसँग लड्नु हो भन्ने परम्परागत विचारमा आधारित छ (अपराध अन्वेषण गर्ने र रोकथाम गर्ने तथा अपराधीलाई थुनामा राख्ने) ।[7] दोस्रो, प्रहरी समाजका लागि सेवादाता हो भन्ने अवधारणा । आमजनताको परामर्शमा चल्ने 'हाम्रो प्रहरी' र त्यसको उल्टो 'सरकारको पुलिस' वा 'उनीहरूको पुलिस' भन्ने धारणाले बनेको विचार ।

यस कार्यपत्रको उद्देश्य पूरा गर्नका लागि हामी दोस्रो विचार प्रणालीमा घोत्लिने छौं । यो विचार शान्ति निर्माणको सन्दर्भमा बढी प्रासांगिक छ । यसले प्रहरी र अझ राज्यलाई निरन्तर काम गर्नका लागि वैधानिकता दिन्छ । यसले कुनै अभिजात्य समूहको विभाजित स्वार्थको सेवा गर्नुभन्दा नागरिकका अधिकार र जिम्मेवारीलाई बुझेर समाज र प्रहरीका बीचमा विश्वास बढाउँछ र शान्ति निर्माण प्रक्रियालाई उन्नत पार्छ ।

## नेपालको परिप्रेक्ष्यमा प्रहरी सेवा

नेपाल प्रहरी जनताको सुरक्षाको संरक्षण गर्न भनी खडा गरिएको प्रमुख संगठन हो । यसो भए तापनि केही वर्षयता प्रहरीमा विश्वासको संकट देखिएको छ । आंशिक रूपमा ठीकै हो, धेरैले प्रहरी निर्ममताको पीडा खपेका छन्, प्रहरीबाट गरिएका भ्रष्टाचारको शिकार भएका छन् र धेरैले प्रहरी सेवाको असक्षमताको अनुभव गरेका छन् । साथै प्रहरी बललाई सत्तासीन अभिजात वर्गले आफ्नो स्वार्थ पूरा गर्न सोझै दुरुपयोग गरेका छन् ।

दृष्टान्त स्वरूप, पञ्चायतकालमा (१९६०-१९९७) प्रहरीलाई विपक्षीहरूलाई सत्तामा जान रोक्ने काममा प्रयोग गरिएको थियो । १९९० मा प्रजातन्त्रको

[7] श्रेष्ठ, चुडाबहादुर, *कोपिङ विथ माओइस्ट इन्सर्जेन्सीः कन्फ्लिक्ट एनालिसिस एन्ड रिसोल्युसन्स,* (चेतना लोक्सम, २००४)

उषाकालमा मुलुकका सबैभन्दा बढी घृणित र निन्दित संस्थाहरूमध्ये प्रहरी बल एउटा थियो । यसलाई जनतामाथि निर्मम तरिकाले दमन तथा विपक्षी राजनीतिक नेताहरूमाथि अमानवीय व्यवहार गर्नमा जिम्मेवार ठानिएको थियो । १९९० मा बहुदलीय राजनीतिको पुनरागमन भएर लोकतान्त्रिक मूल्यमा आधारित संविधान लागू भए तापनि प्रहरीले परिवर्तनलाई आत्मसात् गर्न सकेन ।[8]

राजनीतिक परिवर्तनले प्रजातन्त्रको पुनःस्थापना गरेपछि पनि प्रहरी बलको छवि, प्रवृत्ति र कार्यशैलीमा परिवर्तन आएन । प्रहरीको निरन्तर राजनीतिकरणका कारण यसो हुन गयो । यसमा सुधार हुन नसक्नुलाई आलोचकहरूले माओवादी विद्रोह बढ्नुको एक मुख्य कारणका रूपमा लिएको पाइन्छ ।[9]

## शान्ति निर्माणको सन्दर्भमा प्रहरी सेवा

नेपाल प्रहरी फेरि एकपटक संक्रमणकालीन अवस्थामा छ[10] र देशमा विगतमा जस्तै कानुन व्यवस्थामा बारम्बार भाँजो पर्ने गरेको छ । बढ्दो अस्थिरता र हिंसाले गर्दा शान्तिसुरक्षामा सुधार गर्नको निम्ति प्रहरीमा सुधार गर्नु एक मुख्य काम बन्न गएको छ ।

२००६ मा सरकार र माओवादीमा औपचारिक वार्ता सम्पन्न भएपछि संगठित अपराधी समूहहरू, माओवादीबाट छुट्टिएका समूहहरू, स्वार्थ समूहहरू, राज्यभन्दाबाहिरका खेलाडीहरू र गैरराज्यीय समूहहरू (मधेसी फोरमजस्ता सशस्त्र समूहहरू र भिजिलान्तेहरू) स्वतन्त्र रूपले चलखेल गर्न थाल्दैछन् । बारम्बार प्रकट हुने खासखास 'राजनीतिक असक्षमता'[11] का कारण द्वन्द्वोत्तर अवस्थाको सुरक्षा वास्तविकताको दबाबलाई प्रहरीले थेग्न नसक्नाले यस्तो स्थिति उत्पन्न भएको हो । यसका साथै सेवा सञ्चालन गर्न सक्ने विज्ञहरूको कमी हुनु तथा द्वन्द्वोत्तर अवस्थाको जटिल वातावरणलाई व्यवस्थापन गर्न नसक्नु पनि यसका कारण हुन् ।

---

8 इनेब्लिङ स्टेट प्रोग्राम (डिएफआइडीको सहयोगमा सञ्चालित)) समक्ष प्रहरी सुधारका लगि प्रहरी प्रधान कार्यालय, काठमाडौँद्वारा २००३ मा प्रस्तुत गरिएको प्रस्तावपत्र

9 *जेन्स डिफेन्स विक्ली*, २७ मार्च २००२

10 नेपालले गत आधा शताब्दीमा राजनीतिक अस्थिरताका कैयौं शृंखला देखेको छ र कैयौं राजनीतिक संक्रमणबाट गुज्रनुपरेको छ । हालको संक्रमण अझै सकिएको छैन ।

11 उदाहरणका लागि, विभिन्न समूहका गुनासा सुन्ने र गैरराज्यीय समूहहरूलाई कडाइका साथ नियन्त्रण गर्ने साँच्चिकैको राजनीतिक इच्छाशक्तिको अभाव । संभवतः द्वन्द्वोत्तर सरकार विविध सामाजिक मुद्दाहरूलाई सम्बोधन गरी समाजलाई एकीकृत तुल्याउनतिर लाग्नुभन्दा पनि आफैँमा शान्तिको लाभांश बाँड्न अति व्यस्त छ ।

परिणामस्वरूप, नेपाल प्रहरी नेपालको शान्तिसुरक्षालाई चुनौती दिइरहेका भयानक समस्याहरू सम्बोधन गर्न संघर्ष गर्दैछ । प्रहरीको प्राधिकारवादी ढाँचालाई निरन्तर संस्थागत मान्यता दिनाले पनि समस्या जटिल बन्न गएको हो । अपराध रोकथाम र सेवामुखी सामुदायिक प्रहरीको सेवा उपलब्ध गराउन गर्नुपर्ने सुधारको मूल्यमा यसो गरिएको छ ।

तसर्थ नेपालले 'विधिको शासन' कायम गर्न नसकेर एक खालको शून्यजस्तो संकटको चुनौती व्यहोर्नुपरेको छ । फलतः असली शान्ति निर्माण प्रक्रियाले गम्भीर धक्का व्यहोर्नुपर्ने (अझसम्म यस्तो भइसकेको त छैन) हुन सक्छ ।

## के गर्नुपर्ला त ?

माथि गरिएको छलफलबाट के स्पष्ट हुन्छ भने समाजलाई विधिको शासनतिर अग्रसर बनाउनका लागि समग्र प्रहरी बललाई सुदृढ पार्नुपर्छ, प्रशिक्षित तुल्याउनुपर्छ र वर्तमान यथार्थसँग जुझ्नका लागि आवश्यक स्रोत उपलब्ध गराउनुपर्छ । यस सन्दर्भमा ध्यान दिनैपर्ने कुरा के छ भने प्रहरीबारेको जनताको बुझाइ (वा त्यसको उल्टो) बदल्नुपर्छ । जनसाधारणबीच 'उनीहरूको पुलिस' का सट्टा 'हाम्रो प्रहरी' को भावना जागृत गरी त्यसलाई स्थापित गर्नुपर्छ ।

प्रहरीमा भयानक भ्रष्टाचार र नातावाद रहनु धेरैजसो विभाजनकारी निहीत स्वार्थी तत्वहरूका कारणले नै हो र यसलाई निरुत्साहित तुल्याउनैपर्छ । यसमा अझ महत्वपूर्ण कुरा के छ भने प्रहरीको राजनीतिकरण र राजनीतिक दलहरूले तिनलाई दुरुपयोग गर्ने काम रोक्नैपर्छ । यसैगरी, प्रहरीमा सम्बन्धित मन्त्रालय ( गृह मन्त्रालय) को र खासगरी बढी मात्रामा केही प्रभावशाली राजनीतिज्ञ र उच्चपदस्थ कर्मचारीहरूमा रहेको स्वामित्वलाई जनतामा हस्तान्तरण गर्नुपर्छ । यसले नै शक्तिमा रहेका सत्तासीन राजनीतिक दल र व्यक्तिले कानुन लागू गर्नमा प्रभाव पार्ने गरेको वर्तमान कार्यशैलीलाई निषेध गर्न मदत पुऱ्याउन सक्छ ।

यसैगरी प्रहरी र अन्य सरोकारवाला (नागरिक समाज, स्वार्थ समूहहरू, फुटेर गएका समूहहरू, गैरराज्यीय खेलाडी) हरूलाई शान्ति प्रक्रियामा लगाइराख्ने कामलाई बलियो तुल्याउनुपर्छ । अहिले यो काम या त गरिएकै छैन या नेपाली सेनाले छायाँमा पारिदिएको हुनुपर्छ । नेपाल प्रहरी द्वन्द्वोत्तर राजनीतिक हिंसासँग लड्ने तथा कानुन व्यवस्था र स्थिरता कायम गर्न जिम्मेवार तथा प्राथमिक संस्था भएकाले यसलाई द्वन्द्वोत्तर सुरक्षा क्षेत्र सुधार कार्यसम्बन्धी बहसमा लगाउनु अति नै आवश्यक छ ।

## निष्कर्ष

प्रहरीलाई कति राम्रोसँग सुधार गर्ने र प्रहरीले कसरी लोकतन्त्रको प्रवर्द्धन गर्न, कसरी विधिको शासनको सम्मान र शान्तिको अभिवृद्धि गर्न तथा समाजमा व्याप्त हिंसालाई सम्बोधन गर्ने आफ्नो क्षमतालाई बढाउन सक्छ भन्ने सुनिश्चित गर्नु नेपालको कुनै पनि नयाँ सत्ताका लागि चुनौतीको विषय हो ।

निम्नानुसारका सिफारिसहरू सिद्धान्त र व्यवहार दुवैबाट निःसृत भएका हुन् । यी सिफारिसहरू नेपाल प्रहरीमा पर्याप्त र सकारात्मक सुधार गर्न उपयोगी हुन सक्छन् अनि अन्ततः देशको शान्ति निर्माण प्रक्रियालाई अघि बढाउन सक्छन् ।

- कानुन व्यवस्था लागू गर्ने मामलामा मुख्य काम क्रियान्मुखी अपराध रोकथाम भएको हुनाले अहिले प्रचलित नियन्त्रणमुखी विधिको स्थानमा सेवामुखी विधि अपनाउने
- (भर्ती र सरुवा बढुवामा पारदर्शितासहित) प्रहरी बललाई राजनीतिबाट अप्रभावित राख्ने
- (प्रहरी सेवा आयोगले विश्वास गुमाइसकेकाले) लोकसेवा आयोगको माध्यमबाट प्रहरी भर्ना गर्ने ।
- प्रहरी अधिकृतहरूलाई जटिल राजनीतिक आपत्कालीन अवस्थामा काम गर्न सक्ने किसिमले प्रशिक्षित गर्ने । तालिममा मानवअधिकार र लोकतान्त्रिक मूल्यहरूलाई जोड दिने ।
- प्रहरीमा भ्रष्टाचारका सम्भावनालाई कम गर्ने किसिमले समय समयमा तलबमानको समीक्षा गर्ने ।
- खस्केको आत्मविश्वासलाई फेरि माथि उठाउने काममा नागरिक समाज र समाजका अन्य अंगहरूलाई समावेश गर्ने ।
- राजपत्रांकित अधिकृतहरू र अन्य दर्जाका प्रहरीहरूका बीच पर्याप्त अन्तर्क्रिया गरी प्रहरी संगठनभित्र आन्तरिक लोकतन्त्रको संवर्द्धन गर्ने ।
- प्रहरी र समाजका बीच हुने द्वन्द्वको न्यूनीकरण गर्ने र सद्भावको वृद्धि गर्ने क्रममा अधिकार र कर्तव्यसम्बन्धी नागरिक शिक्षा लागू गर्ने ।

# प्रहरीमा सुधार र सैनिक संख्या कटौती

- ध्रुवकुमार

प्रहरी नागरिकको दैनिक सुरक्षा हेर्ने निकाय हो । नेपालमा भने यसप्रकारको सेवामा सन्तुष्ट हुने ठाउँ छैन । यसले गर्दा अपराध र सामूहिक हिंसाको परिमाणमा मात्र वृद्धि भएको होइन, प्रहरीले समान रूपमा कार्य गर्दछ भन्ने विश्वासमा समेत आघात पुग्न गएको छ ।[1] जनमानसमा यसप्रकारको अवधारणा विकास भएका कारण प्रहरीले कानुन कार्यान्वयनको जिम्मेवारी पूरा गराउन सकिरहेको छैन । सामान्य पक्रियाबाट कानुन कार्यान्वयन गराउन नसकेपछि 'अधिक शक्ति' को प्रयोग गर्नु परेको छ । जसले गर्दा असुरक्षाको स्थितिमा वृद्धि भएको छ ।[2] यसरी प्रहरीको केन्द्रीय जिम्मेवारी सार्वजनिक सुरक्षाका लागि अझ आवश्यक देखिन आएको छ । सरकारले प्रहरी स्वतन्त्र तथा निष्पक्ष ढङ्गले प्रजातान्त्रिक अवधारणामा प्रवेश गर्न सकोस् भन्ने सोच बनाउनु आवश्यक छ । अनुभवले के देखाउँछ भने कुनै पनि सुधार प्रक्रिया प्रतिबद्धताबिना सफल हुँदैन । १९९३ को प्रहरी सुधार सुझाव आयोगको प्रतिवेदनको कार्यान्वयन हुन नसक्नुले सोही कुराको पुष्टि गर्दछ । त्यस प्रतिवेदनमा प्रहरी सेवालाई विशिष्ट श्रेणीहरूमा वर्गीकरण गर्न सुझाव दिइएको थियो तर सरकारको प्रतिबद्धताको अभावका कारण सो सिफारिस कार्यान्वयन भएन ।

आधिकारिक रूपमा परिभाषित प्रहरी सेवाको लक्ष्य 'निष्पक्ष तथा एकताका साथ बहुदलीय लोकतन्त्रको भावनाभित्र रही प्रहरी संगठनको मूल्य-मान्यता अनुसार कार्य गर्ने',[3] रहेको छ । यो कार्यादेश हिंसात्मक द्वन्द्व सिर्जना भएका कारण व्यवहारमा देखा पर्न सकेन । नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को आक्रमणमा सर्वाधिक प्रभावित प्रहरीले दुर्गम क्षेत्रमा सरकारको प्रतिनिधित्व गर्दै आएको छ । आक्रमणका क्रममा माओवादी प्रभावित क्षेत्रहरूबाट प्रहरी चौकीहरू विस्थापित हुँदै गए । यसप्रकार १ हजार ९ सय ७९ प्रहरी पोष्टहरू कायम रहेकोमा १९९६

---

[1] 'गौरमा रक्तपात २७ को मृत्यु ४० घाइते' द हिमालयन टाइम्स, २२ मार्च २००७

[2] "अप्रिल विद्रोहः लोकतान्त्रिक अधिकार र फौजको अधिक प्रयोग' मानव अधिकारका लागि उच्चायुक्तको कार्यालयद्वारा प्रस्तुत रिपोर्ट, २० सेप्टेम्वर २००६ 'फौजको अधिक प्रयोग' का कारण २००७ को जनवरी-फेब्रुबरीमा मधेशी जनअधिकार फोरमको आन्दोलनमा ३७ व्यक्तिको मृत्यु भएको थियो ।

[3] नेपाल प्रहरीको मिसन वक्तव्य, पुलिस मिररः नेपाल प्रहरी प्रदान कार्यालय, १९९७ मा उद्धृत ।

पछि १२७१ विस्थापित भए ।[४] २००६ को २१ नोभेम्बरमा बृहत् शान्ति सम्झौतामा हस्ताक्षर हुनेबेलामा केवल ५ सय ७६ प्रहरी एकाइहरू कार्यरत थिए । अहिले आएर प्रहरी पोष्टहरू पुनःस्थापना गर्न प्रोत्साहन गरिएको छ तर यस प्रोत्साहनमा वस्तुवादी विश्लेषण भने छैन । पहिला प्रहरी चौकी भएको स्थानमा प्रहरी कार्यालय पुनःस्थापना गर्दा आइपर्ने कठिनाइको हिसाब गरिएको छैन । प्रहरी प्रधान कार्यालयबाट प्राप्त प्रतिवेदनले ६ सय ३७ नयाँ प्रहरी पोष्टहरू निर्माण हुनुपर्ने जनाएको छ । यसमध्ये ४ सय ६ वटा पुनर्निर्माण र २ सय ६ वटा प्रहरी पोष्टहरू मर्मतसम्भार गर्नुपर्ने देखिन्छ । यसका लागि लागत ३ अर्ब रुपियाँ खर्च लाग्ने अनुमान गरिएको छ ।[५]

## सुधारको सन्दर्भ र समस्या

नेपालमा सुरक्षा क्षेत्र सुधार (एसएसआर) द्वन्द्वपछिको पुनर्निर्माण अभियानको एक बुँदा हो । प्रहरी संक्रमणकालीन निर्माणको प्रक्रियामा रहेकाले बढी अपेक्षा गर्न सकिन्न । लोकतान्त्रिक परिवर्तनलाई बलियो बनाउन सुरक्षा क्षेत्रको सांगठनिक संरचनामा सुधारका लागि विशेष ध्यान दिनु आवश्यक छ । सरकारले यसका लागि व्यावहारिक प्रस्ताव अघि सार्नुपर्छ ।

द्वन्द्वपछिको वातावरणमा सुरक्षा क्षेत्रको प्रभावकारी विकासका लागि राजनीतिक नेताहरूमा सहमति हुनु आवश्यक छ । प्रहरीमा प्रभावकारी पद्धतिको स्थापनाका लागि विशेष ध्यान दिनु आवश्यक छ । सशस्त्र आक्रमणले क्षतविक्षत बनेको सुरक्षा क्षेत्रमा आजसम्म पनि रिक्तता कायम छ । त्यस रिक्तताले कानुनी शून्यताको स्थिति कायम गराएको छ ।

प्रहरीले समाजको विश्वास जित्नका लागि कठोर मेहनत गर्नु आवश्यक छ । जिल्लाका विभिन्न क्षेत्रमा रहेका प्रहरी पोष्टहरू पुनःस्थापना गर्दैमा त्यो विश्वास प्राप्त हुनसक्छ भन्ने होइन । जनतासँग घुलमिल हुने र उनीहरूको विश्वास जित्ने कार्य व्यवहारमा देखाउने र मानसिक तत्परताले प्रमाणित गर्ने विषय हो । प्रहरी पोष्टहरू जनताका सम्पत्ति हुन् र प्रहरी जनताको सेवक हो भन्ने भावना जागृत गराउन सचेतनाका कार्यक्रमहरू अघि बढाउनु आवश्यक हुन्छ । किनभने आजसम्म पनि प्रहरी अधिकारीहरू करिब-करिब सबै जनतालाई सम्भाव्य अपराधीका रूपमा हेर्ने दृष्टिकोणले प्रशिक्षित बनेका छन् । महानगरीय प्रहरी ( जसले १९९७ मा स्थापना गरिएको काठमाडौं उपत्यका प्रहरीलाई विस्थापित

[४] 'पुनःस्थापित नहुँदै विस्थापित' नेपाल साप्ताहिक, १८ मार्च २००७ पृष्ठ १३-१५

[५] 'मेकसिट पुलिस पोष्ट', हिमाल खबर पत्रिका, १३-२७ फेब्रुवरी २००७ पृष्ठ १६-१८ 'प्रहरी प्रमुख राणा भन्नुहुन्छ १२७१ प्रहरी एकाइहरु पुनःस्थापित भएका छन्,' द हिमालयन टाइम्स १२ मार्च २००७

गऱ्यो) का लागि प्रस्तावित नियमावलीमा पनि यही अवधारणा प्रतिविम्बित भएको छ । प्रस्तावित नियमावलीमा

'पाँच जनाभन्दा बढी व्यक्ति भेला हुन नदिने, कर्फ्यु घोषणा गर्ने, अखबारको दर्ता तथा वितरणमा सावधानी अपनाउने, अपराध गर्नुभन्दा अगाडि सङ्कास्पद व्यक्तिलाई पक्राउ गर्ने, वारेन्ट जारी गर्ने र अन्य यस्तै कार्य गर्ने'[६] प्रावधान प्रस्ताव गरिएको छ । यदि यो प्रस्ताव स्वीकार गरिएमा लोकतान्त्रिक अवधारणा त समाप्त हुन्छ नै साथसाथै नागरिकको मानवअधिकार पनि क्षतिग्रस्त हुन पुग्दछ । समुदायमुखी अपराध नियन्त्रणको प्रवर्द्धन सपनाको विषय हुन जान्छ ।

द्वन्द्वपछिको वातावरणमा फौजदारी न्याय पद्धतिको प्रभावकारिता बढाएर सुधारका क्षेत्रमा अघि बढ्न सकिन्छ । यस अभ्यासका लागि न्यायक्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । राजनीतिक हस्तक्षेपबाट मुक्त स्वतन्त्र न्यायप्रणालीलाई राष्ट्रले अङ्गीकार गरेमा मात्र प्रहरी प्रशासनको प्रभावकारिता स्थापित हुनसक्छ । कुनै अपराध गरेका कारण पक्राउ परेको व्यक्ति राजनीतिक कारणले मुक्त हुनपुग्यो भने प्रहरीले सार्वजनिक सुरक्षा र संरक्षण गर्न सक्तैन । प्रहरीले हामीलाई छुन सक्तैन भन्ने मानसिकता अपराधीहरूमा बढ्न जान्छ । त्यसैले प्रहरीभित्र मात्र सुधार गर्छु भनेर हुँदैन, न्याय तथा सजाय पद्धतिमा नै सुधार हुनु आवश्यक हुन्छ । संसारको अनुभवले के देखाएको छ भने प्रहरी नै सुधारका लागि सबैभन्दा कठिन निकाय हो ।

परम्परागत मान्यता र संस्कारलाई आत्मसात् गर्दै अघि बढेको संस्थालाई परिवर्तनप्रति सापेक्ष गराउनु र समयको मागप्रति स्वीकार गर्ने बनाउनु ठूलो चुनौतीको विषय हो । सुधारका लागि ऐन, कानुनको निर्माण गर्न गारो छैन, नियम र आचारसंहिताहरू बनिबनाउ नै छन् तर जब अभ्यासको कुरा गरिन्छ तब नेपालको कानुन कार्यान्वयन पद्धतिको विकासमा वास्तविक अभ्यास भएको पाइँदैन ।

विगत दशकहरूमा नेपाल बढी सैनिकमाथि केन्द्रित हुन पुग्यो । नागरिकको सुरक्षा सेनाले मात्र गर्न सक्तछ भन्ने अवधारणा ल्याइयो तर वर्तमान अवस्थामा सेना ब्यारेकभित्र सीमित हुन पुगेको छ । सर्वसाधारणको सुरक्षा गर्ने जिम्मेवारी प्रहरीकै काँधमा आइपुगेको छ । करिब ४ हजार गाउँ विकास समिति र ५८ नगरपालिकाको सुरक्षाका लागि प्रहरीले आफूलाई तयार राख्नुपरेको छ ।

यस अतिरिक्त प्रहरीसँग सुरक्षा दिनसक्ने क्षमता सीमित रहेको र स्रोत साधनको अभाव तथा तनावपूर्ण मानसिकता कायम रहेको स्थितिलाई पनि बिर्सन सकिन्न ।

---

[६] अधिकारी एस, 'सुरक्षामा बेलायती मोडेल', नेपाल साप्ताहिक १२ नोभेम्बर २००६, पृष्ठ १६-१७ ।

उदाहरणका लागि काठमाडौं उपत्यकामा ३० लाख बासिन्दाहरू छन् । २००६ को तथ्याङ्क हेर्दा ५ हजार ३ सय ४० प्रहरी अधिकारीहरू रहेको देखिन्छ । यसअनुसार ५ सय ६१ जना स्थानीय बासिन्दाका लागि एकजना प्रहरी प्रतिनिधि भागमा आउँछ । नगरपालिका क्षेत्रमा २५० जनामा एक प्रहरी पर्न आउँछ । यसैगरी ९ हजार ३ सय ४५ प्रहरी ६४ लाख मध्यमाञ्चल क्षेत्रका व्यक्तिको सुरक्षामा तोकिएका छन् । त्यहाँ एक प्रहरीले ६ सय ८२ व्यक्तिको सुरक्षा गर्नुपर्ने हुन्छ ।[7] कम जनघनत्व भएको क्षेत्रमा पनि एक प्रहरीले ५ सय नागरिकको सुरक्षा गर्नुपर्दछ । २ करोड ५० लाख जनसंख्याको मुलुकमा प्रहरी र जनताको अनुपात १:५२७ हुन आउँछ ।

## वर्तमान अवस्थाः

राजनीतिक संक्रमणमा नेपाल प्रहरीले महत्वपूर्ण भूमिका खेल्न सक्छ । खासगरी संविधानसभाको निर्वाचनको प्रक्रियामा यसको भूमिका अहम् रहन्छ । यस चुनौतीलाई सामना गर्न सुधार प्रक्रियालाई सावधानीपूर्वक अघि बढाउनु आवश्यक छ । सुधार गर्दा प्रशासनिक संरचनामात्र परिवर्तन गरेर हुँदैन । जनतामा प्रहरी मेरो हो भन्ने भावना विकास गराउनु नै सही अर्थमा सुधार हो ।

सरकारले प्रहरी सेवाको वर्तमान क्षमता मूल्याङ्कन गर्नु आवश्यक छ । त्यसपछि प्राथमिकताको क्रममा तत्काल आवश्यक पर्ने सेवा र चुनौतीको स्थिति हेर्नु पर्दछ । प्रहरीको सुधार र क्षमता अभिवृद्धिका लागि सहयोग जुटाउन सकिने आधार र कमजोरीहरूको पनि समीक्षा हुनु पर्दछ । नीति निर्माण गर्दा प्रजातान्त्रिक आधारभूत पक्षहरूलाई समेट्नु, प्रहरीलाई जवाफदेही बनाउनु सार्वजनिक सुरक्षाका मुद्दामा समुदायलाई संलग्न गराउनु आवश्यक छ । प्रहरी सेवालाई सुदृढ गर्न यी आवश्यक महत्वपूर्ण सवालहरू हुन् जसले सार्वजनिक सुरक्षाको जिम्मेवारी निर्वाह गर्दछ । उसको समीक्षा सामाजिक सान्दर्भिक कसीका आधारमा निष्कर्षमा पुग्न प्रारम्भिक महत्वको विषय हो । सजाय पद्धतिको प्रभावकारिता तथा मानवअधिकारको संरक्षणमा संवैधानिक सुनिश्चितताको संरक्षणका लागि प्रहरीले आफ्नो कर्तव्य पूरा गर्न क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

प्रहरी आज संख्या, तालिम, पूर्वाधार, यन्त्र-उपकरण तथा मात्मबलका कारण कमजोर बनेको छ । 'न्यूनतम शक्तिको प्रयोग' गर्ने अवधारणा अनुसार उनीहरूको संख्या कटौती भएको होइन, हातहतियारको उपलब्धताका कारण

---

[7] पुलिस मिरर : वार्षिक प्रकाशन, नेपाल प्रहरी प्रधान कार्यालय, २००६ पृष्ठ १०४

उनीहरू कमजोर बनेका हुन् ।[8] तर सेना र प्रहरीका लागि माओवादी आक्रमण सुरु भएयताको बजेट वितरण हेर्ने हो भने दुई संगठनहरूका लागि छुट्याइएको बजेटमा खासै फरक छैन ।[9] यसरी हेर्दा प्रहरी सेवालाई तिरस्कृत गरिएको भन्न मिल्दैन, नत प्रदान गरिएको स्रोत नै अपर्याप्त हो । यस सन्दर्भमा दुई पूर्वप्रहरी महानिरीक्षकले उल्लेख गरे अनुसार समस्या प्रहरी संगठनभित्र नभएर बाहिर कतै छ । एक पूर्वप्रहरी महानिरीक्षकका अनुसार प्रहरीको नियुक्ति, सरुवा, बढुवा आदिमा बाहिरको प्रस्ट हस्तक्षेप देखिन्छ । यो बाहिर भनेको सरकारको विभिन्न निकाय हो । 'प्रहरी सेवाभित्र गुट निर्माण गर्ने, अर्को गुटलाई सहयोग नगर्ने, संगठनलाई कमजोर पार्ने र अनावश्यक दबाब सिर्जना गर्ने कामले प्रोत्साहन र संरक्षण पाएको छ ।'[10] प्रहरी सेवा मुख्यतः तीन समस्याले ग्रस्त रहेको अर्का पूर्वप्रहरी महानिरीक्षकले बताएका छन् । १. प्रभावकारी सेवा प्रदान गर्न आर्थिक तथा भौतिक सुविधाको कमी, २. प्रहरी विभागको जनशक्ति व्यवस्थापनमा प्रतिक्रियात्मक कार्यशैली र जनशक्तिको अपर्याप्तता, ३. प्रहरी सेवाप्रति जनताको नकारात्मक दृष्टिकोण ।[11]

परिणामस्वरूप आन्तरिक सुरक्षा स्थितिको विकासका लागि प्रहरीको संख्या र आत्मबल बढाउनु आवश्यक हुन्छ । वर्तमान चुनौतीको सामना गर्न र निर्धारित उद्देश्य पूरा गर्न प्रहरीमा व्यावसायिक प्रतिस्पर्धा र व्यक्तिगत प्रतिष्ठा उच्च हुनुपर्छ । साथै सांगठनिक क्षमता संस्थागत विश्वसनीयताको पनि अभिवृद्धि हुनुपर्छ । प्रहरी, न्याय क्षेत्र र सजाय पद्धतिबीच सहयोग र समन्वयको स्थिति सिर्जना गरिनुपर्छ र प्रहरीको भूमिकाप्रति नागरिकलाई सचेत पनि गराउनुपर्छ ।

शान्ति निर्माण तथा स्थायित्व सिर्जना गर्ने कार्यमा प्रहरीको पहुँच गराएर र सक्रिय हुने अवस्था सिर्जना गरेर उनीहरूको आत्मबल बढाउन सकिन्छ । प्रहरीको आत्मबल बढाउने सवालमा के पनि भनिन्छ भने प्रहरीलाई सेनामा 'पहुँच' गराउनु पनि एक विकल्प हुनसक्छ । यस भनाइलाई पुष्टि गर्नेहरूको तर्क के छ भने प्रहरी नै सेना बन्ने भएपछि सशस्त्र फौजको विघटन र अरिचालनको चुनौतीबाट पनि मुलुक सुरक्षित हुनेछ । केही अवकाशप्राप्त सैनिक अधिकारीहरू शान्ति प्रक्रियालाई सघाउन द्वन्द्वकालमा थपिएको सुरक्षा फौज 'कटौती गर्नुपर्छ'[12] भन्छन् ।

---

[8] सशस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदलद्वारा तयार पारिएको प्रतिवेदन, अप्रिल २०००, पृष्ठ ७-८

[9] बजेट भाषणः अर्थमन्त्री ।

[10] पूर्वप्रहरी माहानिरीक्षक दुर्लवकुमार थापाको पुलिस मिररः बार्षिक प्रकाशनमा प्रकाशित अन्तरवार्ता, नेपाल प्रहरी प्रधान कार्यालय, २००६, पृष्ठ १२४ ।

[11] पूर्वप्रहरी माहानिरीक्षक मोतीलाल बोहरा, पुलिस मिररः बार्षिक प्रकाशन, नेपाल प्रहरी प्रदान कार्यालय, १९९५, पृष्ठ- १९ ।

[12] गुरुङ्ग सी, 'सो फार सो गुड' नेपाली टाइम्स, १-७ डिसेम्बर २००६ ।

अन्यको भनाइ सुन्ने हो भने, सुरक्षा क्षेत्रमा पुनर्संरचना[13] गर्ने निर्णय लिनुभन्दा अघि पनि सतर्क हुनुपर्ने धारणा राख्ने गरेको पाइन्छ ।[14] यस समयको महत्वपूर्ण प्रश्न सशस्त्र फौजको 'कटौती गर्ने' वा 'ठीक आकारमा ल्याउने' भन्ने नै हो । 'ठीक आकार' भनेको कति हो भन्ने निर्णय गर्नका लागि सैनिकीकरणका लागि लाग्ने खर्चको सन्दर्भलाई ध्यान दिनुपर्दछ । तालिका १:

सुरक्षाफौजको वर्तमान अवस्था, २००७

| **समूह** | **२००१ को नोभेम्बरअघि** | **वर्तमान अवस्था** | **टिप्पणी** |
|---|---|---|---|
| सेना | ४७,४११८ (२००१) | ९८,०००* | दुई स्वरूपमा रहेका सेनामा कुल ६ विभाग छन् । २००६ को १४ नोभेम्बरमा ४ हजार सैनिक भर्ना गर्ने घोषणा गरियो । कुल १,१५८ महिला सैनिकमा एक सय इनफेन्ट्री र १०६ महिला प्राविधिक क्षेत्रमा कार्यरत छन् । २००६ को नोभेम्बरयता ९०५ जना सैनिक भिडन्तमा मारिए । |
| सशस्त्र प्रहरी (अर्धसैनिक फौज) | १५,१५६ (२००१** मा स्थापित) | २५,००० | ३५ हजारसम्म पुऱ्याउने योजना |
| नगरिक प्रहरी | ३७,७८३ (१९९५*** को संख्या) | ४७,४११**** | खाली पदमा नियुक्ति गर्दै लगिएको । मन्त्रिपरिषद्ले ८ हजार नयाँ भर्नाको निर्णय गऱ्यो । विभिन्न स्तरमा गरी जम्मा १,७६१ महिला प्रहरी । १९९६ देखि २००५ सम्ममा भएको भिडन्तमा १,४०४ प्रहरी मारिए । |
| महानगरीय प्रहरी | २००६ मा स्थापित | १२, ०००***** | २००६ को नोभेम्बर १७ देखि कार्यरत । जम्मा १३,७५२ बनाइने । |

*स्रोतः औपचारिक/ मिति, २००७*

* *रक्षा सचिव विष्णुदत्त उप्रेतीले २००६ को जुलाई २० तारिखमा प्रतिनिधिसभाको राज्य व्यवस्थापन समितिसमक्ष प्रस्तुत गरेको तथ्याङ्कमा सशस्त्र फौज ९२ हजार ३ सय ८ रहेको जनाइएको छ- कान्तिपुर दैनिक, २००६ को जुलाई २१ ।*

---

13 ब्रिग्रेडिएर जनरल गोपाल सिंह बोहराले सेनाको संख्या घटाउन उच्च पदस्थ सैनिक अधिकारीहरुको नियुक्ति र पदोन्नति स्थगित गरेर सुरु गर्नुपर्ने विचार व्यक्त गरेका छन् । हेर्नुहोस् 'लोकतन्त्र र सशस्त्र फौज, फ्रिडम फोरम काठमाडौं, ९ मे २००६ मा आयोजित समावेशी लोकतन्त्र विषयक छलफल कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

14 महरा जी, सेनाप्रतिको अवधारणा, कान्तिपुर दैनिक, ११ मे २००६ ।

** *२००० को अप्रिल महिनामा सशस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदलद्वारा तयार पारिएको प्रतिवेदनको पृष्ठ २१ ।*

*** *पुलिस मिररः वार्षिक प्रकाशन, (नेपाल प्रहरी प्रधान कार्यालय, १९९५) पृष्ठ १९*

**** *वर्तमान प्रहरी महानिरीक्षक ओमविक्रम राणाले २००७ को मार्च ११ तारिखका दिन प्रस्तुत गर्नुभएको तथ्याङ्क । हेर्नुहोस्, २००७ मार्च १२ को द हिमालयन टाइम्स ।*

***** *२००६ नोभेम्बर १८ को द हिमालयन टाइम्स*

- तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभाको बीसौं अधिवेशनमा प्रस्तुत गर्नुभएको तथ्याङ्क । २००१ को नोभेम्बर २६ तारिखमा घोषित राष्ट्रिय सङ्कटकालको तीन साताअघि उनले यो घोषणा गरेका हुन् । हेर्नुहोस्, २००१ नोभेम्बर २ तारिखको राजधानी दैनिक ।

## सेना घटाउने, प्रहरी बढाउने

सुरक्षाफौजले जनआन्दोलन भाग- २ मा निर्वाह गरेको भूमिकाको विश्लेषण गर्दै सुरक्षाफौजको ऐतिहासिक विरासतलाई चुनौती दिने काम राजनीतिक नेतृत्वले गरेको छ । सशस्त्र फौजको संख्या घटाउने र यस क्षेत्रको सुधार गर्ने प्रस्तावलाई नेतृत्वले गम्भीर रूपमा लिएको प्रतीत हुन्छ । सेनालाई राजाको निजी फौजका रूपमा सञ्चालन गरिएको सम्बन्धमा लामो विवाद चल्दै आएको छ । केही संसदीय कारबाहीले सुरक्षाफौजलाई राजासँगको सम्बन्ध छुटाउने प्रस्ताव पारित गरेको छ । उदाहरणका लागि राजालाई दिइएको परम सेनाधिपतिको पद्वी खारेज गरिएको छ । सेनालाई संसद्प्रति जवाफदेही बनाइएको छ ।[15] आलङ्कारिक समारोहहरू जो राजाका साथमा गरिन्थे सो हटाइएको छ, जस्तो शपथग्रहण प्रक्रिया र श्रीपेचप्रति समर्पित हुने पद्धति खारेज गरी संसद्प्रति समर्पित हुने प्रावधान स्थापित गरिएको छ । सेनापतिको नियुक्ति प्रधानमन्त्रीले गर्ने व्यवस्था महत्वपूर्ण कदमका रूपमा रहेको छ, जसले राजासँगको गहिरो परम्परागत सम्बन्ध भङ्ग गरिदिएको छ । यद्यपि यससम्बन्धमा धेरै सुधार गर्न बाँकी छ ।

नेपालका राजनीतिक नेताहरू सेनाका उच्चपदस्थ व्यक्तिहरू लोकतान्त्रिकीकरण तथा राजनीतिक स्थायित्वमा हानिकारक रहेकोमा सचेत छन् ।[16] यद्यपि राजाको प्रत्यक्ष शासनपछि गठित सरकार र द्वन्द्वपछिको अवस्था अझै पनि तरल अवस्थामै छन् । यस अवस्थाले सशस्त्र फौज वा सेनालाई आवश्यक मात्रामा प्रभाव पार्न सकिरहेको छैन । यद्यपि नेपाली सेना लोकतान्त्रीकरणमा नकारात्मक

---

[15] प्रतिनिधिसभाको घोषणा, २०६३, प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, १८ मे २००६ ।

[16] कोइराला बी.पी., आत्मवृतान्त, जगदम्बा प्रकाशन १९९८ ।

रहेको मानिएको छ । राजनीतिक सम्भ्रान्त वर्ग शान्ति प्रक्रिया पूर्ण रूपले सफल बनाउन सेनाको सहयोग आवश्यक ठान्दछ । परिणामस्वरूप नेताहरूले अझै पनि विवादास्पद प्रस्तावहरूमा काम गर्दै आएका छन् । माओवादी गोरिल्लाहरूलाई सैनिक फौजमा समावेश गर्ने प्रश्न पनि यस्तै एक विवादास्पद प्रश्न बनेको छ ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) २००७ को अप्रिल १ तारिखमा गठित अन्तरिम सरकारमा समावेश भएको छ । सशस्त्र फौजको 'लोकतान्त्रीकरण' को प्रश्नमा उनीहरूको आफ्नै प्रस्ताव रहेको छ । उनीहरू नेपाली सेनाको संख्या घटाएर १० देखि ३० हजारसम्ममा सीमित गर्न चाहन्छन् । उनीहरू आफ्ना गोरिल्लालाई यसै संख्याभित्र समायोजन गर्न प्रस्ताव गर्दै आएका छन् । लामो समयका लागि माओवादीले स्वयंसेवी प्रतिरक्षा फौजको स्थापना गर्न वकालत गर्दै आएको छ । यसका लागि आमनागरिकलाई सैनिक तालिम दिनुपर्ने प्रस्ताव उसको रहेको छ । सरकारले यस नीतिको कार्यान्वयन गरेमा मौजुदा सेना कटौती गर्न कुनै कठिनाइ हुनेछैन ।[17]

नेपाली सेना र नेपाल प्रहरीले विदेशमा संयुक्त राष्ट्रसंघीय शान्ति फौजमा रही हासिल गरेको पूर्वअनुभव र उच्चस्तरको तालिमबाट प्राप्त सीप मुलुकका लागि अधिकाधिक प्रयोग हुनसक्छ । संयुक्त प्रशिक्षण निर्देशिकाको प्रयोग गर्दै त्यस तालिमबाट नेपाली प्रशिक्षार्थीहरू, प्रशिक्षण प्रतिष्ठान, आवासीय तथा यातायात पद्धति लाभान्वित हुनसक्छन् । यस तरिकाद्वारा तालिम सञ्चालन गर्दा तालिमको लागत न्यूनतम हुने र अनावश्यक खर्च कटौती हुने सम्भावना रहन्छ । प्रशिक्षण केन्द्रहरूको आवश्यकता अध्यावधिक गर्न र नयाँ परिस्थितिको माग पूर्ति गर्न सरकारले अनुशासित व्यावसायिक प्रहरी सेवाप्रति सजग व्यक्तिहरू तयार राख्नुपर्दछ । राज्यको कानुन कार्यान्वयनका लागि र मानवअधिकारको रक्षाका लागि सुरक्षाकर्मीलाई तालिम अनिवार्य छ ।

सर्वसाधारण नेपाली जनतालाई सैनिक कर्मचारीहरू प्रहरीमा रूपान्तरित भएकोमा कुनै आपत्ति छैन । उदाहरणका लागि सशस्त्र प्रहरी फौज सुरुमा ६ हजार ८८ जना सैनिक कर्मचारीहरूबाट सुरु भएको हो । लडाका फौजका रूपमा कार्य गर्नुभन्दा नागरिक सुरक्षाका लागि केन्द्रित रहेर समाजमा भूमिका निर्वाह गर्न सशस्त्र प्रहरीका प्रशिक्षार्थीहरूलाई आधारभूत तालिम प्रदान गरियो । दङ्गा नियन्त्रण तथा सीमा सुरक्षाका लागि प्रहरी फौजलाई उपयोगी पात्रका रूपमा तयार हुन सैनिक कर्मचारीहरूले आफ्नो स्वरूप परिवर्तन गरे । उनीहरूको सैनिक तालिममा घातक हतियार सफलताका साथ सञ्चालन गर्ने र नआत्तिकन मोर्चामा डटिरहने सीप सिकाइयो । जे जति तालिम दिइयो, त्यो ठीक

[17] प्रचण्डको अन्तरवार्ता, मूल्याङ्कन मासिक, अप्रिल-मे २००६, पृष्ठ २७ रामबहादुर थापा ( बादल) सँगको अन्तरवार्ता, नेपाल साप्ताहिक । ५ नोभेम्बर २००६, पृष्ठ ३०, फुडोङ्ग के, राष्ट्रिय सुरक्षामा सेना, नेपाल साप्ताहिक । १९ नोभेम्बर २००६, पृष्ठ २० ।

छ तर त्यसका अतिरिक्त उनीहरूको छनोट तथा अनुगमन पद्धति अख्तियार दुरुपयोगलाई निरुत्साहित गर्ने तरिकाबाट हुनु पर्दथ्यो । कानुन कार्यान्वयन गर्ने निकायका रूपमा उनीहरूलाई क्षमता वृद्धि गर्नका लागि पनि तालिम दिइनु पर्दथ्यो । प्रहरीलाई तालिम दिँदा घातक हतियार सञ्चालनको प्रयोगमा बढी जोड दिइन्न । यसको सट्टा प्रहरीलाई आमनागरिकको सुरक्षा कसरी गर्ने भन्ने विषयमा जोड दिइन्छ ।

## निष्कर्ष:

कमजोर तालिम, अपर्याप्त स्रोत-साधन, सेवामुखी अवधारणाको अभाव, अनियमित तथा लापरबाही सांगठनिक समर्थन तथा अधिक राजनीतिकरणले विगतमा प्रहरीको काममा प्रतिकूल असर पार्‍यो । आज पनि स्रोत-साधन र सुविधा पर्याप्त छ भन्ने होइन, आन्तरिक सहयोग र बाह्य स्रोतको अपर्याप्तता आज पनि कायम छ तर योभन्दा पनि बढी चिन्ताको विषय राजनीतिक नेतृत्वको चिन्तन आज पनि परिवर्तन हुन नसक्नु र राजनीतिक शक्तिको दुरुपयोग हुने अवस्था कायम रहनु हो । आग्रहपूर्ण मानसिकतामा परिवर्तन नआएसम्म सार्वजनिक सेवामा प्रहरीको प्रयोगका लागि आवश्यक सुधार सम्भव छैन । यस असम्भावनाको अपवाद प्रहरी पनि हुन सक्तैन । द्वन्द्वपछिको कालखण्डमा रहेको यस मुलुकको आवश्यकता पूर्तिका लागि प्रहरी सेवामा सुधार टाढाको विषय बन्नु हुँदैन ।

# युद्धबाट शान्तितर्फ संक्रमण : डीडीआर तथा नेपालमा प्रहरी

- विष्णुराज उप्रेती

निःशस्त्रीकरण, सैनिक अपरिचालन तथा पुनर्एकीकरण (डीडीआर) नेपालमा स्थायी शान्तिका लागि आधारभूत महत्वपूर्ण विषय हो । जनमुक्ति सेनाबाट राष्ट्रिय सुरक्षाफौज (प्रहरी तथा सेना) पूर्वलडाकाहरूलाई सुरक्षाफौज अथवा सेनामा पुनर्एकीकरणका लागि डीडीआर प्रक्रिया महत्वपूर्ण रहेको छ । नेपालभित्र डीडीआरको ज्ञान सीमित व्यक्तिलाई छ । यसको ज्ञान सुरक्षाफौज, विद्वत् वर्ग, अनुसन्धानकर्ता र यसै विषयमा अभ्यास गरिरहेका खास रुचिको सानो समूहलाई मात्र छ । सीमित जानकारीकै कारण डीडीआरबारे राजनीतिक विवाद सिर्जना भएको छ । यसबारेमा भ्रम र समय-समयमा विरोधाभासपूर्ण अवधारणा बाहिर आउने गरेका छन् ।[1] उदाहरणका लागि माओवादीहरू नेपालमा डीडीआर लागू हुन सक्तैन भनेर तर्क दिने गर्दछन् । उनीहरूको विचार अनुसार विद्रोही पक्षले हारेको अवस्थामा मात्र डीडीआर प्रक्रिया लागू हुनसक्छ । जनमुक्ति सेना कहिल्यै पनि हारेन, माओवादीहरू भन्ने गर्दछन् । नेपाली सेनाले पनि हारेको सङ्केत देखाएको छैन । आन्तरिक प्रयासको कार्यान्वयनका लागि वकालत गर्नुका अतिरिक्त सेनामा पनि पराजयका सङ्केत देखिएको छैन । बरु नेपाल प्रहरीले भने डीडीआर अथवा सैनिक संख्या कटौतीका लागि तत्परता देखाएको छ तर उनीहरूले यो उत्सुकता देखाउनुमा बढी सुविधा प्राप्त गर्नसक्ने सम्भावना कारणका रूपमा रहेको हुनसक्छ ।

भिन्न व्याख्याका अतिरिक्त २००६ को नोभेम्बर २८ तारिखमा भएको 'हातहतियार तथा सेनाको व्यवस्थापनको अनुगमनबारेको सम्झौतामा माओवादीले हस्ताक्षर गर्दै राष्ट्रसंघीय मिसन (अनमिन) को संलग्नता स्वीकार गरेको छ । व्यापक रूपमा स्वीकार गरिएको सिद्धान्त र डीडीआरका

[1] लेखकले प्रमुख राजनीतिक पार्टीका बरिष्ठ नेताहरुसँग गरेको श्रृंखलावद्ध छलफलमा आधारित ।

विषेशताहरूलाई पनि सो सम्झौतामा स्वीकार गरिएको छ ।[२] सम्झौताले मुख्य रूपमा सेना र हातहतियारको व्यवस्थापनलाई प्रधानता दिएको छ । त्यसको अनुपातमा व्यवस्थापन पक्ष, आधुनिकीकरण र प्रहरीको व्यावसायिक विकासलाई निकै कम महत्व दिएको पाइन्छ । यसरी किनारा लगाइएको भए तापनि धारा १० मा 'फौजको उपयोग र सतर्कता'का सम्बन्धमा उल्लेख गरिएको छ, जसमा प्रहरीप्रति अधिक अपेक्षा गरेको देखिन्छ । सम्झौतामा भनिएको छ 'नेपाल प्रहरी र सशस्त्र प्रहरी फौज जनआन्दोलन र बृहत् शान्ति सम्झौताको भावना र आदेश अनुसार कानुन कार्यान्वयन गर्न र सुव्यवस्था कायम राख्न निरन्तर अघि बढ्नेछ....।'

## पूर्वलडाकाको सैनिक अपरिचालनका लागि सम्भाव्य विकल्प

ढिलो वा चाँडो सुरक्षाफौज (खासगरी नेपाल सेना) को संख्या घटाउने विषयमा निर्णय हुनैपर्दछ । सुरक्षाफौजमा जनमुक्ति सेनाको समायोजन तथा प्रहरी र सेनाको वर्तमान कामको पुनरावलोकन तथा शुद्धीकरण हुनै पर्दछ । यस प्रक्रियामा नेपाल सेना तथा जनमुक्ति सेनाबाट ठूलो संख्यामा रहेका सुरक्षाकर्मीहरू र जनमुक्ति सेना सैनिक अपरिचालित भएर पुनर्एकीकरणमा जानै पर्दछ । यसका लागि विविध विकल्पहरूको प्रयोग हुनसक्छ ।

कुनै सफल एकीकरण कार्यक्रम सुरु गर्नुअगाडि अदक्ष पूर्वलडाकाहरूलाई समुदायमा फर्काउने र समाजमै एकीकृत गर्ने तथा आर्थिक रूपले आत्मनिर्भर बनाउनका लागि प्रोत्साहित गर्ने कार्य सम्पन्न हुनुपर्दछ । यस विषयमा नेपाल सरकारले विशेष प्रक्रियाहरू उपलब्ध गराउनुपर्ने हुन्छ, जसको बारेमा यस आलेखमा उल्लेख गरिएको छैन तापनि पूर्वलडाकाहरूको सैनिक अपरिचालनका लागि सम्भाव्य विकल्पहरू रहेकोसम्म उल्लेख गर्न चाहन्छु-

- सीपमूलक पेशामा संलग्न गराउने ।
- द्वन्द्वपछिको पुनर्निर्माण तथा विकासका लागि विशेष फौजका रूपमा परिचालन गर्ने ।
- सरकारको नागरिक संरचना (मन्त्रालय, विभाग र स्थानीय सरकार) मा जहाँ उपयुक्त हुन्छ समायोजन गर्ने ।

---

[२] २३ जनवरी २००७ मा राष्ट्रसंघीय सुरक्षा परिषद्ले नेपालमा एक बर्षका लागि राष्ट्रसंघीय मिसन रहने भनी पारित गरेको निर्णय । सो अनुसार १८६ भन्दा बढी सशस्त्र अनुगमन कर्ता र करिब ६०० कर्मचारीसहितको टोली नेपालका बिभिन्न क्षेत्रहरुमा कार्यरत ।

- औद्योगिक सुरक्षा, सार्वजनिक प्रतिष्ठानहरूको सुरक्षाजस्ता सेवाका लागि निजी सुरक्षा क्षेत्रमा संलग्न गराउने आदि ।

## प्रहरी संरचनामा जनमुक्ति सेनाका पूर्वलडाकाहरूको समायोजन

नेपालको प्रहरी फौजलाई विगत १० वर्षभरि कठोर रूपमा होच्याउने काम भयो । सशस्त्र द्वन्द्वको समयमा एकीकृत नेतृत्वको संरचनाद्वारा पनि प्रभावकारी रूपमा सीमान्तीकृत गर्ने काम भयो । यसले गर्दा उनीहरूले आत्मबल र परिचय गुमाए । आवश्यक स्रोत-साधनको अभावका कारण पनि प्रहरी कमजोर बन्न पुग्यो । परिणामस्वरूप व्यावसायिक प्रहरी फौजका रूपमा यसले कार्य गर्न सकेन । वर्तमान अवस्थामा प्रहरी फौजको संख्या पनि पर्याप्त छैन, जसले गर्दा उनीहरूले सामाजिक कर्तव्य पालना गर्न पनि सकेका छैनन् । परिणामस्वरूप सडकमा आवागमनका नियमहरू उल्लङ्घन भइरहेका छन् । हिंसा र अपराधको संख्या बढिरहेको छ ।

अतः प्रहरीको संख्या बढाउनु आवश्यक भएको छ । प्रहरीको विस्तारित प्रक्रियामा जनमुक्ति सेनाका ती सदस्यहरू (जसले पार्टीको सदस्यता त्यागेर तटस्थता देखाउँछन्, शारीरिक रूपले तन्दुरुस्त छन्, निर्धारित उमेरका छन् र अन्य छनोटका आधार पूरा गर्छन्)लाई प्रहरी फौजमा लिन सकिन्छ । उनीहरूले मानवअधिकार हनन् गरेको हुनुहुन्न र समायोजनलाई प्रोत्साहित गर्दै जात, भौगोलिक क्षेत्र र लिङ्गको समेत ख्याल गरेर सर्वपक्षीय प्रतिनिधित्व हुनेगरी प्रहरी सेवामा समायोजन हुनुपर्छ । यो व्यावहारिक विकल्प पनि हो । यदि उपयुक्त तथा पारदर्शी प्रक्रिया अपनाइयो भने प्रहरीमा माओवादी जनमुक्ति सेनाका लडाकाहरूको समायोजन हुनसक्छ, यसलाई नेपाल प्रहरीले बहन गर्न पनि सक्छ ।

## नया प्रहरी संरचनामा जनमुक्ति सेनाको सामाजिक स्वीकृति

समय-समयमा राज्यको सुरक्षाफौज अर्थात् प्रहरी तथा सेनामा जनमुक्ति सेनाको समायोजन स्वीकार्य र उचित हुन्छ कि हुँदैन भन्ने सबाल उठ्दै आएको छ । खासगरी वैचारिक अभिमुखीकरणका कारण दुई भिन्न ध्रुवमा रहेका समूहहरू एकै ठाउँमा बस्न नसक्ने पो हुन् कि भन्ने तर्क पनि व्यक्त गर्ने गरिन्छ तर यो चिन्ताले मुलुकको राजनीतिक वास्तविकताको प्रतिविम्बित गर्दैन । नेपालमा यस्ता विद्रोहीहरू राष्ट्रिय सुरक्षामा समाहित भएको इतिहास छ । यस्तो समायोजन १९५१ मा पनि भएको थियो । जहाँनिया राणाशासन फालिएपछि विद्रोहीहरू प्रहरीमा समाहित हुन पुगेका थिए तर यसका लागि उपयुक्त

वातावरण सिर्जना गर्नु भने आवश्यक छ । किनभने जनमुक्ति सेना एक विशेष पार्टीका लागि र शासनसत्तामा रहेको सरकारविरुद्ध लडेको सेना हो, उसले राज्यको प्रहरी फौजमा रही कार्य गर्न आफूलाई मानसिक रूपले बदल्न सक्नुपर्छ । यस प्रकारको उपयुक्त वातावरण निर्माणका लागि देहायका क्षेत्रमा काम हुनुपर्दछ । यी कार्यमा ध्यान दिन सके प्रहरी संरचनाभित्र जनमुक्ति सेनाको सामाजिक स्वीकृति बढ्न सक्छ-

- पार्टीको सदस्यताबाट राजीनामा ।
- सामुदायिक प्रहरी सेवाका लागि जिम्मेवारी निर्धारण ।
- व्यावसायिक तालिम तथा पुनर्अभिमुखीकरण ।
- सार्वजनिक विश्वास दिलाउने विशेष जिम्मेवारी निर्धारण ।
- नागरिक प्रहरी सम्बन्धको विस्तार ।
- प्रहरी फौजको कार्य प्रगति (भ्रष्टाचार नियन्त्रण, मानवअधिकार हननको संस्कारको अन्त्य, तटस्थताको निर्वाह, पक्षपातरहित कानुन तथा आदेशको प्रभावकारी कार्यान्वयन, प्रहरी संरचनामा अधिक समावेशीकरण, दण्डहीनताको समाप्ति आदि )

वर्तमान अवस्थामा जनमुक्ति सेनाले थप अर्को पक्षमा पनि आफ्नो प्रभाव सवल बनाउने प्रयास गर्नुपर्छ । त्यो क्षेत्र हो- समाजको कमजोर क्षेत्रमा सहायता गर्ने वचनबद्धता । यो नै उनीहरूको सवल पक्ष हुनेछ । यस वचनबद्धतालाई पूरा गर्ने काम पनि उनीहरूबाट हुनु आवश्यक हुन्छ ।

नेपाल अत्यन्त सहनशील समाजको मुलुक हो, जहाँ जनमुक्ति सेना र नेपाल सेनाले समेत सहकार्य गर्न सक्छन् । अन्तरिम संसद् तथा अन्तरिम सरकारको स्थापनाका लागि एउटै संरचनामा रहेर एकैसाथ काम गर्न सके । नागरिकहरूले माओवादीको मूलधारको राजनीतिमा पुनःप्रवेश गर्ने कार्यको सराहना गरेका छन् । माओवादीप्रति जनताले सामाजिक तथा आर्थिक परिवर्तनका लागि अपेक्षा पनि राखेका छन् । यस अवस्थामा प्रहरीको सुधार गरेर पूर्वलडाकाहरूलाई समावेश गर्ने कार्यको जनताले सराहना नै गर्नेछन्, समस्या हुने छैन ।

तापनि प्रहरी संरचनामा सुधार ल्याउन र बृहत्तर अवसरयुक्त बनाउन अनगिन्ती चुनौतीहरू छन् । यी चुनौतीको सामना गर्दै प्रहरी प्रशासनलाई बढी व्यावसायिक र जनताका तर्फबाट स्वीकारयोग्य बनाउनु आवश्यक छ ।

## चुनौतीहरू:

- मुख्य पात्रहरूको मस्तिष्क परिवर्तन । (प्रहरी तथा राजनीतिक व्यक्तिहरूको)
- निश्चित समूह र व्यक्तिहरूको अन्तरनिहित स्वार्थको ख्याल ।
- अनावश्यक अन्तर्राष्ट्रिय हेपाइ तथा प्रभाव ।
- पुनःएकीकरणको सही प्रक्रिया कार्यान्वयन ।
- सुरक्षा क्षेत्र सुधारको प्रभावकारी कार्यान्वयन ।

**अवसर**

- प्रहरी फौजको आधुनिकीकरणका लागि जनताको महत्वाकांक्षा र दबाब ।
- अन्तरिम संविधान र बृहत् शान्ति सम्झौतामा व्यक्त प्रतिबद्धता
- सुरक्षाफौजको आधुनिकीकरण र राजनीतिक प्रक्रियाको स्थायित्वका लागि अन्तर्राष्ट्रिय समर्थन ।
- माओवादीसहितका राजनीतिक पार्टीबाट वचनबद्धता ।
- प्रहरीभित्र अन्तरनिहित विशाल सम्भावना ।

## डीडीआरका लागि आवश्यक स्रोत

वर्तमान अवस्थामा डीडीआर प्रक्रियाका लागि आर्थिक लागत तथा अन्य स्रोतहरू जुटाउनु अत्यन्त कठिन कार्य हो । कठिनाइ किन हुन्छ भन्ने जानकारीका लागि देहायका बुँदाहरू हेरौं-

- अहिलेकै अवस्थामा जनमुक्ति सेनाबाट कतिजना सुरक्षाफौजका लागि योग्य हुन्छन्, तिनीहरूमध्ये कति सेनाका लागि र कति प्रहरीका लागि उपयुक्त हुन्छन्, अहिले नै थाहा हुन सकेको छैन ।
- प्रहरी फौजको सबल तथा कमजोर पक्षको पूर्ण चित्र पनि बाहिर आउन सकेको छैन । जनमुक्ति सेनाको समायोजनका लागि कति लगानी लाग्छ भन्ने कुराका लागि सो जानकारी आवश्यक छ ।
- यस मुलुकका लागि जम्मा प्रहरी फौज कति चहिन्छ अहिलेसम्म निर्धारण हुन सकेको छैन । राजनीतिज्ञ र वरिष्ठ प्रहरी अधिकृतहरूको व्यक्तिगत रुचिका आधारमा प्रहरी भर्ना निर्देशित हुने गरेको देखिन्छ । स्तरीय सुरक्षा आधारमा प्रहरीको संख्या निर्धारण हुनुपर्ने हो । मुलुकको सुरक्षा अवस्थाका आधारमा प्रहरीको संख्या निर्धारण हुनुपर्दछ । सामुदायिक प्रहरी तथा सामुदायिक सुरक्षाजस्ता

सिर्जनात्मक सुरक्षा व्यवस्था सेना तथा सशस्त्र प्रहरी फौजको भूमिकाको पनि पुनर्व्याख्या हुनु आवश्यक छ ।

आगामी पाँच वर्षका लागि वित्तीय तथा अन्य स्रोतहरूको ठूलो परिमाण लाग्ने अवस्था देखिन्छ । प्रहरी पोष्टहरूको स्थापना तथा अन्य आवश्यक संरचना जो माओवादी विद्रोहले सिर्जना गरेको एक दशक लामो द्वन्द्वका क्रममा ध्वस्त भएका छन् तीनको पुनर्निर्माण तथा आवश्यक भौतिक सामाग्री, यन्त्र उपकरण र अन्य भौतिक वस्तुका लागि ठूलो धनराशि आवश्यक पर्दछ ।

## डीडीआरका विषयमा अन्तर्राष्ट्रिय समुदायको भूमिका

नेपालमा स्थानीय रूपमा विकसित सुरक्षा क्षेत्रको रूपान्तरण प्रक्रियाका लागि सफल सहजीकरणका लागि अन्तर्राष्ट्रिय समुदायको सहयोग आवश्यक हुन आउँछ । वित्तीय तथा प्राविधिक आवश्यक स्रोतहरू उपलब्ध गराउन र राष्ट्रिय क्षमता निर्माण गर्न यसप्रकारको सहयोगको प्रमुख हात रहन्छ । अन्तर्राष्ट्रिय समुदायले नेपालका लागि डीडीआर प्रक्रिया आवश्यक छ भनेर दबाब दिने हो र राजनीतिक रूपान्तरणको प्रक्रियामा हस्तक्षेप गर्ने हो अथवा कडिकडाउ गर्ने हो भने परिस्थिति अझ द्रुतगतिले परिवर्तन हुनसक्छ । त्यसैले नेपालमा डीडीआरका लागि अन्तर्राष्ट्रिय अवधारणा आएपछि नै लक्षित समूहका उद्देश्यहरू र वातावरणका लागि उत्पेरणा सिर्जना हुनेछ । दातृ समुदायको समन्वय पनि यस मामलामा आवश्यक छ । राष्ट्रिय संगठनहरूको क्षमता अभिवृद्धि, अनुभवको आदान-प्रदान, डीडीआर समन्वयका लागि संरचना तथा अनुगमन समूहको सहयोग आवश्यक छ ।[३] यसो भएमा नै नेपालीहरूले थालेको प्रक्रियाको अर्थपूर्ण व्यवस्थापन र महत्वले अनुमोदन पाउँछ ।

## निष्कर्ष:

नेपालको वर्तमान अवस्था प्रहरी फौजको आधुनिकीकरण र व्यावसायिकता अर्थात् आधुनिकीकरण र पुनर्स्थापनाका लागि ठूलो अवसर हो । यी परिणामहरू प्राप्त गर्ने उत्तम प्रवेश विन्दु डीडीआर नै हो । बदलिँदो वर्तमान राजनीतिक सम्बन्ध प्रहरीको रूपान्तरणका लागि उपयुक्त संरचना हो । राज्यको पुनर्संरचना प्रक्रियामा प्रहरीको संरचनामा सुधार गर्न सजिलो हुनेछ । यस मुलुकका राजनीतिक समूहहरूले डीडीआरको सान्दर्भिकतालाई स्वीकार गर्दै आएका छन् । बृहत् शान्ति सम्झौतामा पनि डीडीआरलाई स्वीकार गरिएको छ । हतियार तथा सेनाको व्यवस्थापन अनुगमनका विषयमा भएको सात पार्टी घटक माओवादी र अनमिनको त्रिपक्षीय सम्झौतामा पनि यसको सान्दर्भिकता स्वीकार गरिएको छ ।

---

[३] उप्रेती, बी आर र नेपाली आर के, बन्दुकको नालमा नेपालः साना हतियार, हल्का उपकरण तथा त्यसको प्रभाव विस्तार, (साउथ एसिया स्मल आर्मस् नेटवर्क नेपाल, २००६)

त्यसैले यी प्रावधानहरूलाई यथार्थमा अनुवाद गर्नु नै आजको मुख्य प्राथमिकता र चुनौती हो ।

# नेपालमा विधिको शासन र प्रहरी प्रशासन

- सपना प्रधान मल्ल

## विधिको शासन र प्रहरी प्रशासनको अर्थ

आधुनिक सरकारको प्रारम्भिक उद्देश्य न्याय व्यवस्थाको सुनिश्चितता हो । विभिन्न पक्षहरूबीच सिर्जना हुने विवाद समतामूलक कानुनी व्यवस्थाद्वारा समाधान गर्नु, अधिकारको रक्षा तथा सम्पूर्ण जनताको हित गर्नु प्रारम्भिक चरणका न्याय व्यवस्था हुन् । नेपालका सन्दर्भमा अन्तरिम संविधान, २०६३ ले घरेलु कानुनका सम्पूर्ण पक्षहरूको व्यवस्था पनि गरेको छ । संविधानले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाजस्ता राज्यका अङ्गहरूमा शक्ति पृथकीकरणको सिद्धान्त अनुसार जिम्मेवारी तोक्ने काम गरेको छ । वर्तमान अवस्थामा संवैधानिक प्रावधान तयार पार्ने र व्यवस्थापिका सञ्चालन गर्ने जिम्मेवारी संसद्को हो । यसैगरी कार्यपालिकाले संसद्द्वारा पारित सबै कानुनको कार्यान्वयन गर्ने र न्यायपालिकाले विवादको टुङ्गो लगाउने व्यवस्था संविधानले गरेको छ । व्यवस्थापिका र कार्यपालिकाबाट भएका सबै कामको पुनरावलोकन गर्ने अधिकार पनि न्यायपालिकामा रहेको छ । कानुनी प्रणालीमा कुनै खाडल देखिएमा कानुनी व्याख्याको माध्यमद्वारा पुर्ने काम पनि न्यायपालिकाकै हो । यसरी हेर्दा नेपालको कानुनी व्यवस्था संवैधानिक सर्वोच्चताको सिद्धान्तमा आधारित रहेको देखिन्छ ।

संविधानले कानुनी सुनिश्चितता र प्रक्रियागत शुद्धताका सिद्धान्तहरू स्थापित गर्दछ । यस अनुसार स्वतन्त्र तथा सक्षम न्यायिक निकायको निर्माण तथा संरक्षणको सुनिश्चिता हुन आउँछ । न्यायिक प्रणालीभित्र यसको स्थायित्वका लागि संविधान संशोधन सहजै हुन नसक्ने व्यवस्था गरिएको छ ।[1] अदालतले संविधानको सर्वोच्चता तथा स्वतन्त्रताको संरक्षणका लागि कानुनी समानता तथा कार्यान्वयन सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

---

[1] नेपालले ६ वटा संविधान बनाइसकेको छ । अहिले संविधानसभाको प्रक्रियाद्वारा निर्माण हुने संविधान सातौं हो । यो लेख तयार पार्दा अन्तरिम संविधानको पहिलो संशोधन भैसकको र दोस्रो संशोधनका लागि पार्टीहरु अभ्यासरत छन् ।

कानुनी व्यवस्थाको सर्वोच्चताले राज्यका कुनै अङ्ग वा निकायमा मनपरी ढङ्गले अवाञ्छित रूपमा राखिएका विशेषाधिकार तथा असीमित अधिकार कटौती गर्दछ । यसको अर्थ हो, कानुनका अगाडि सबैको समानता सुनिश्चित छ । समाजमा विभिन्न हैसियत कायम गरेका व्यक्तिलाई कानुनले भिन्न दृष्टिले हेर्दैन, सबैलाई समान नजरले हेर्छ, एउटै न्यायिक प्रक्रिया लागू गर्दछ । त्यसैले कानुन तथा आदेशको पालना गर्न-गराउन राज्यको महत्वपूर्ण अङ्ग प्रहरी संगठन तथा प्रशासनको अहम् भूमिका रहन्छ ।

कानुनी व्यवस्थाले मात्र समाजमा शान्ति तथा अमनचैन कायम गर्न सक्छ । शान्ति तथा सुव्यवस्था कायम राख्न कानुनी निर्दिष्टता आवश्यक छ । कानुन उल्लंघन गर्नेले पाउने सजायका सम्बन्धमा पनि राज्यले निश्चित सजायको व्यवस्था गरेको हुन्छ । राज्यले कानुनको उल्लंघन गर्ने व्यक्तिलाई सजाय दिन नसकेमा पीडित वा प्रभावित पक्ष आफ्नो सुरक्षाका लागि आफै अघि सर्छ, विरोधमा उत्रन्छ । दोषीलाई सजाय गर्ने निकाय अकर्मण्यता देखिएमा समाजका

गलत तत्वहरू आफूलाई जे उचित लाग्यो त्यही बाटो अवलम्बन गर्दछन् । यसप्रकारको गतिविधिले समाजमा अस्थिरता र अशान्ति निम्त्याउँछ । त्यसैले सरकारले कानुनी व्यवस्थालाई सुदृढ बनाउनु आवश्यक हुन्छ । उसले अन्यायपूर्ण अवस्थामा कमी ल्याउन र अपराधलाई न्यायको कठघरामा उभ्याउन आवश्यक व्यवस्था गर्नुपर्छ ।

नेपालमा अपराध अनुसन्धान तथा अदालती कारबाहीका लागि प्रहरी प्रशासन तथा सरकारी न्यायाधिवक्ताको व्यवस्था गरिएको छ । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ का आधारमा प्रहरीले अपराधको अनुसन्धान गर्दछ । नेपालको अन्तरिम संविधानको धारा १३५ ले महान्यायाधिवक्तालाई कारबाही चलाउन अधिकार दिएको छ ।

प्रहरी संगठनहरू स्वच्छ तथा प्रभावकारी रूपमा आफ्नो जिम्मेवारी पूरा गर्न सफल भए भने मुलुकमा शान्ति तथा अमनचैनको अवस्था सिर्जना हुन्छ । उनीहरूको सराहना हुन्छ । उनीहरू आफ्नो जिम्मेवारी पूरा गर्न सफल नभए सरकारकै असफलताका कारण बन्दछन् । यस अवस्थामा गैरकानुनी, अन्यायपूर्ण तथा दमनकारी वातावरण सिर्जना गर्ने पक्षका रूपमा प्रहरीको निन्दा हुने गर्दछ । गैरकानुनी तथा मनपरी ढङ्गले चले प्रहरी प्रशासनले कानुनी व्यवस्थालाई कमजोर बनाउँछ, परिणामतः सामाजिक स्खलनको अवस्था सिर्जना हुन्छ । वर्तमान अवस्थामा लडाकू समूहले कानुनलाई पाखा लगाउने काम गरेको छ । प्रहरीले

उनीहरूलाई नियन्त्रणमा राख्न सकेको छैन । परिणामतः दण्डहीनताको अवस्था सिर्जना भएको छ र कानुनको पालनामा गम्भीर चुनौती देखापरेको छ ।[२]

## कानुनको कार्यान्वयन तथा अनुगमन र प्रहरी प्रशासन

प्रहरी प्रशासन गृह मन्त्रालयको मातहतमा रहेको छ । स्वतन्त्र संविधानको निकायका रूपमा महान्यायाधिवक्ताले सरकारी न्यायाधिवक्ताहरूलाई ध्यान दिनसकेको देखिँदैन । प्रहरी प्रशासनले स्वतन्त्र ढंगले आफ्नो काम तथा त्यसको अनुगमन गरोस् भन्ने अपेक्षा गरिन्छ । विभिन्न प्रहरी कार्यालयहरूमा नियमित सञ्चार हुन सकोस् भन्ने चाहना पनि रहेको छ । यसले वार्षिक प्रतिवेदन तयार पार्छ र अपराधका घटनाहरूको सूची बनाएर सरकारलाई जानकारी गराउँछ । महान्यायाधिवक्ताले थप विवरणका साथ प्रधानमन्त्रीसमक्ष पेश गर्दछ । पछि यही प्रतिवेदन संसद्मा प्रस्तुत हुन्छ ।[३] महान्यायाधिक्ताले वार्षिक रूपमा फौजदारी मुद्दाका कारबाहीको सर्वेक्षण गरी प्रस्तुत गर्ने अपेक्ष गरिन्छ । त्यस सर्वेक्षणले न्यायिक फैसलाको सफल तथा असफल अनुपात प्रस्तुत गर्नु स्वाभाविक हुन्छ तर दुःखको कुरा के छ भने यस प्रतिवेदनले समाजमा हुने अपराधको वास्तविक तथ्यांक प्रस्तुत गर्न सकेको देखिँदैन । किनभने सामान्यतः यस प्रतिवेदनमा प्रहरीमा दर्ता हुन आएका मुद्दाहरू मात्र समावेश गरिएका हुन्छन् ।

प्रहरी गतिविधिको अनुगमन गर्दा सबै वरिष्ठ प्रहरी अधिकारीहरू विभिन्न कमजोरीका लागि जिम्मेवार देखिन्छन् । उदाहरणका लागि अपराधबाट पीडित व्यक्ति उपचारका लागि प्रहरीसमक्ष जाँदा बेवास्ता गरिएको, दर्ता गरिएका मुद्दामा पनि उपयुक्त ढंगले अनुसन्धान गर्ने काम हुनुपर्नेमा नभएको देखिन्छ ।

कानुनी व्यवस्था अनुसार प्रहरीले मुद्दा दर्ता नगरे वा उपयुक्त ढंगले अनुसन्धान-तहकिकात नगरे पीडित वा सरोकारवाला पक्ष पुनरावेदन अदालतमार्फत 'म्यण्डामस' का लागि रिट दिनुपर्ने हुन्छ । यो साधारण उपचारात्मक तथा निरीक्षणात्मक व्यवस्था हो । यस पद्धतिबाट पीडितले उपचार पाएको वा अर्थपूर्ण परिणाम निस्किएको दृष्टान्त पाउन मुस्किल छ । प्रहरी विभाग तथा सरकारी न्यायाधिवक्ताको कार्यालयको अनुगमनमा यस पक्षलाई महत्व दिएको देखिँदैन ।

---

[२] इनेब्लिङ स्टेट प्रोग्रामले सन् २००१ मा गरेको अध्ययन 'प्रो-पुवर गभर्नमेन्ट एसेसमेन्ट नेपाल' मा प्रहरीले शान्तिपूर्ण भेला तथा प्रदर्शनमा रोक लगाएको, माओवादीको शङ्का गरेर दुर्व्यवहार गरेको, गैरकानुनी हत्या तथा गैरकानुनी थुनामा ठूलो परिमाणमा बन्दीहरु रहेको उल्लेख छ । जनआन्दोलन-२ मा प्रहरीले अधिक शक्तिको प्रयोग गरेको सन्दर्भ पनि किनारा लाग्न सकिरहेको छैन ।

[३] अन्तरिम संविधानको धारा १३६

मुद्दा-मामिलाको कारबाही तथा दोष प्रमाणित गर्ने काममा लापरबाही देखिनुका पछाडि प्रतिबद्धता, व्यावसायिकता वा जवाफदेहिताको अभाव कारण हुनसक्छन् । यस अतिरिक्त संस्थागत कमजोरी, नेपाली जनतामा आफ्नो अधिकारप्रति चेतनाको अभाव र अपराध देखेर पनि प्रहरीमा उजुरी गर्न नगई हात बाँधेर बस्ने प्रवृत्ति पनि कारणका रूपमा देखा पर्दछन् । जनतामा रहेको उदासीनताको पछाडि पनि प्रहरीले गर्दै आएको व्यवहार कारणका रूपमा रहेको छ । उसले अपराधका विपक्षमा तदारुकता देखाउने हो भने जनता उजुरी गर्न जान उत्साहित हुने थिए । केही मुद्दाहरू यस्ता पनि छन्, जसको उचित ढंगले अनुसन्धान भएको तर अन्त्यमा अदालती कारबाहीमा भने असफलता देखिएको छ तर अधिकांशतः फौजदारी मुद्दाहरू असफलतामा टुंगिएका छन् । यसबाट सरोकारवाला पक्षमा निराशा छाएको र कानुनी व्यवस्थाप्रतिको विश्वासमा ह्रास आएको छ ।[५]

## कानुनी व्यवस्थाको कार्यान्वयनमा कठिनाइ र प्रहरी

नेपालमा कानुनी व्यवस्थाको कार्यान्वयन असफल हुनुका पछाडि धेरै कारणहरू छन् । यसभित्र घटनाको विवरण संकलनमा कमजोरी, पद्धतिप्रतिको कमजोर विश्वास, समझदारीको कमी, जनता तथा प्रहरी अनुसन्धानकर्ताको अपर्याप्त क्षमता, जवाफदेहीताको कमी, कमजोर अनुगमन पद्धति तथा न्यून स्तरको कार्यक्षमता पर्दछन् । यसका पछाडि अन्य कारण पनि रहेका छन् । प्रहरीलाई कामका लागि प्रोत्साहनको अभाव छ । प्रहरी केन्द्रहरूमा ठाडो तथा तेर्सो पद्धति लागू भएको छैन भने प्रहरी तथा सरकारी न्यायाधिवक्ता, प्रहरी, नागरिक समाज तथा सञ्चारमाध्यमका तर्फबाट पनि कानुनी व्यवस्थाको कार्यान्वयनका पक्षमा पर्याप्त प्रयास हुन सकेको छैन ।

अदालतसमक्ष प्रमाण पेश गर्ने काममा पनि सहयोग पाइँदैन । अपर्याप्त अभिलेखीकरण, कमजोर व्यवस्थापन र सञ्चार, कमजोर प्रयोगशाला तथा न्यायिक आदेशको पालना गर्ने दिशामा प्रहरीको कमजोर क्षमताका कारण उदासीन रहने संस्कारको विकास भएको छ । अन्ततः कानुनी आदेशको पालनामै नकारात्मक असर पुग्न गएको छ ।

यस अतिरिक्त भ्रष्टाचारको व्यापकताले कानुनी व्यवस्थाको कार्यान्वयनका सबै पक्षमा नकारात्मक असर परेको छ । कानुन कार्यान्वयन गर्ने अधिकारीहरू भ्रष्ट भएका कारण मुद्दामा अनुसन्धान गर्न र न्यायिक निकायसम्म पुऱ्याउन चाहँदैनन् । प्रहरी सेवाभित्र भ्रष्टाचार यत्रतत्र रहेको खबर बारम्बार सार्वजनिक हुँदै आएको छ । उदाहरणका लागि प्रहरी भर्ना, सरुवा स्वीकृति तथा भ्रमणको

[५] प्रधानमन्त्रीको खल्तीको सूचीअनुसार १७ मे २००७ मा ११ बन्दीहरु जेलमुक्त गरिए भन्ने व्यहोराको समाचार १८ मे २००७ को कान्तिपुरमा प्रकाशित ।

अवसर दिँदा घूस नखाई हाकिमहरू काम नै गर्दैनन् भन्ने गरिन्छ । यस अतिरिक्त बाहिरबाट पनि उत्तिकै घूस लिने गरिएको प्रमाणहरू प्राप्त भएका छन् । खासगरी मुद्दा दर्ता, प्रमाण संकलन, अनुसन्धान, पक्राउ तथा अदातलमा मुद्दा दर्ता गर्दासमेत भ्रष्टाचार हुने गरेको प्रमाण प्राप्त छ । प्रहरी निकायलाई राजनीतिकरण गर्ने कार्यले समेत प्रभावकारी रूपमा कार्य गर्ने क्षमतामा ह्रास आएको छ । कानुनको सीमा तथा दण्डहीनताले संस्थागत स्वरूप ग्रहण गर्न थालेकाले पनि प्रहरीलाई कमजोर बनाएको छ । राजनीतिक हस्तक्षेपका कारण दोषीलाई पनि माफी दिने अवस्था सिर्जना भएको छ ।

## विधिको शासन कायम राख्ने निकायहरू

सामाजिक तथा राजनीतिक अस्थिरताका कारण कानुन कार्यान्वयन गर्ने अधिकारीहरूमा अनिश्चितता कायम छ । दण्डहीनताको संस्कृतिको विकास र राष्ट्रिय सुरक्षामा ह्रास आएका कारण पनि अनिश्चितताले स्थान पाएको छ । दण्डहीनताको अनुहार जनआन्दोलनताका शक्तिको दुरुपयोग गरेपछि बढी मुखरित हुन आएको हो । शक्ति दुरुपयोग गरेकोमा सजाय हुन नसकेको सन्दर्भ त एकातिर छँदैछ, साथमा अर्को एउटा विवाद पनि थपिएको छ । अपराध गरेकोमा प्रहरी स्वयम् वा उनीहरूको व्यवहार अनुगमन गर्ने पक्ष दोषी छ वा उच्चतम नेतृत्व जिम्मेवार छ भन्ने सवालमा आज पनि विवाद चलिरहेको छ ।

प्रहरी प्रशासनभित्र विविध प्रकृतिका कमजोरी देखिनुमा वा उनीहरूमाथि विश्वासको संकट आइपर्नुमा राजनीतिक पार्टीहरू पनि दोषी देखिन्छन् । उनीहरूले आफ्नो पार्टीका कार्यकतालाई प्रहरी सेवामा हुलेर कानुन आफ्नो हातमा लिएका छन् । यसै कारणले योङ्ग कम्युनिस्ट लिग (वाईसीएल) जस्ता संगठनहरूले प्रहरीलाई छायाँमा पार्ने काम गरेको छ । परिणामतः सुरक्षा संयन्त्रप्रति विश्वास घटेको छ । सुरक्षा संयन्त्रप्रति विश्वास घट्नु भनेको राज्यको क्षमतामाथिको ह्रास हो, कानुनी व्यवस्था कायम राख्ने अवस्थाको कमी हो । यस अतिरिक्त राजनीतिको मूलधारमा आउन लागेको र सरकारमा सहभागी भइसकेको अवस्थामा पनि माओवादीले कति ठाउँहरूमा समानान्तर सरकार चलाउने काम गरिरहेको छ ।

आठ राजनीतिक दलको सहमतिमा तयार भएको अन्तरिम संविधानले जमिन पाउनुपर्ने अधिकारलाई मौलिक हकका रूपमा समावेश गरेको छ । आज जनआन्दोलनको भावनाले व्यापकता पाएको छ । औपचारिक तथा सीधा भाषामा भन्नुपर्दा, संविधान र कानुनले प्रस्ट व्यवस्था गरेको विषय पनि उचित तरिकाले लागू गर्न नसिकएका बेला जनआन्दोलनको अस्पष्ट भावना पूरा गर्न अझ बढी कठिन हुनेछ ।

## भ्रष्टाचार रोक्न कानुनी व्यवस्था

कानुनको शासन कमजोर भएमा भ्रष्टाचारले संस्थागत स्वरूप ग्रहण गर्दछ । यसले कानुनलाई कमजोर बनाउँछ । विधिको शासनलाई बलियो बनाउने हो भने पारदर्शिता, समझदारी, नियम-कानुनको पालना अनिवार्य हुन्छ । यसका लागि स्वतन्त्र तथा प्रभावकारी निरीक्षणात्मक पद्धतिको विकास गरिनु आवश्यक हुन्छ । दोषी तथा कानुनको कार्यान्वयनमा बाधा पुऱ्याउने जो कोही पनि सजायको भागिदार हुनुपर्दछ । संस्थाको क्षमता अभिवृद्धिका लागि भ्रष्टाचारविरुद्ध कारबाही चलाउने संयन्त्र बलियो हुनु आवश्यक छ । बलियो संयन्त्रले मात्र घटनाको अनुसन्धान गर्नसक्छ । यसका लागि व्यवस्थित मान्यता र मार्गनिर्देशनको विकास हुनु आवश्यक छ ।

संस्थामा बाहिरका व्यक्तिहरूबाट भएको भ्रष्टाचार विभिन्न माध्यमद्वारा देखाउन सकिन्छ । भ्रष्टाचार रोक्न बनेको कानुन[७] को प्रभावकारी कार्यान्वयन, भ्रष्टाचार अनुसन्धान आयोगबाट सामयिक अनुगमन र नागरिक समाजबाट पनि सक्रिय रूपमा खबरदारी गर्नसके भ्रष्टाचारमुक्त संस्थाको सिर्जना हुनसक्छ ।[८]

## द्वन्द्वपछिको नेपालमा कानुनी शासन कायम गर्न कस्ता उपाय अवलम्बन गर्ने ?

जब मुलुक द्वन्द्वबाट निवृत्त हुन थाल्यो तब कानुनी शासन व्यवस्था कमजोर हुनपुग्यो । यसो हुनुको पछाडि न्याय दिने निकायसम्म नागरिको पहुँच हुन नसक्नु नै कारण देखिन्छ । कानुन कार्यान्वयन गर्ने निकायसँग क्षमता नभएकै कारण यत्रतत्र मानवअधिकार हननका घटना देखिएका हुन् ।

परिणामस्वरूप बृहत् शान्ति सम्झौताले सरकार र राजनीतक पार्टीहरूको जिम्मेवारी प्रष्ट रूपमा तोकिदिएको भए यो अन्योल देखा पर्ने थिएन । दोषीलाई सजायको कठघरामा ल्याउन शान्ति सम्झौताका पक्षहरूको प्रतिबद्धता देखिनु आवश्यक थियो । सार्वजनिक संस्थामा सुधार गर्न मानवअधिकारको हननमा संलग्न पक्षलाई बाहिर ल्याउनु आवश्यक छ । यस्ता निकायहरूमा प्रहरी प्रशासन प्रमुख हो । प्रहरी प्रशासनमा सुधार भएमा यसको प्रभावकारिता, शुद्धता र नागरिकको विश्वासको मात्रा बढ्नेछ । कुनै पनि राजनीतिक प्रस्ताव पारित हुन स्वच्छ कानुनी सरकारको पृष्ठभूमि आवश्यक पर्दछ । अन्यथा राजनीतिक प्रस्ताव पारित हुनसक्ने छैन, अपराधको शृंखला अघि बढ्दै जानेछ ।

---

[७] भ्रष्टाचार निवारण ऐन २०१७ सम्पूर्ण सरकारी कार्यालयमा लागू हुने भएकोले स्वभावत: प्रहरी निकायमा पनि लागू हुन्छ ।

[८] शक्ति तथा अधिकार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८

संस्थागत सुधारमा न्यायपालिकालाई पनि समावेश गर्नुपर्दछ । यो स्वतन्त्र हुनुपर्छ र सहज ढङ्गले नागरिकले पहुँच पाउने अवस्थामा रहनुपर्दछ । सुधार कार्यक्रममा कानुन कार्यान्वयन गराउने निकायहरूको क्षमता अभिवृद्धि पनि समावेश हुनुपर्दछ । यस अतिरिक्त कानुनी शासन व्यवस्था कायम राख्न मार्गनिर्देशन निर्धारण हुनुपर्दछ ।

सामुदायिक प्रहरीको व्यवस्था विस्तार हुनुपर्छ । यसको जति बढी विस्तार भयो त्यति बढी आमनागरिकको न्यायसम्म पहुँच आउने सम्भावना रहन्छ । यसभित्र पक्षपातपूर्ण अभ्यास, हालैमात्र देखिएको अधिकृतहरूको नियुक्तिमा भएको पक्षपातजस्ता कमजोरीहरूको उपचार भएमा महिला तथा अन्य अल्पसंख्यक समुदायलाई पनि प्रहरी सेवामा समेट्न सकिनेछ ।

# प्रहरी सुधारमा भ्रष्टाचार : नेपाल प्रहरीको स्थिति

- शिवकुमार ढुङ्गाना

## परिचय

सन् २००२ मा ट्रान्सपरेन्सी इन्टरनेसनलले भ्रष्टाचारका विषयमा घरधनीहरूबीच गरेको सर्वेक्षणले नेपाल प्रहरीलाई भूमि प्रशासन र भन्सारपछिको तेस्रो भ्रष्ट संस्थाका रूपमा चित्रण गरेको छ । तीन नम्बरमा परे पनि प्रहरी पहिलो खेमाको भ्रष्ट समूहमा पर्न आउँछ ।[१] सर्वसाधारणसँग दैनिक सम्पर्कमा रहेर निकटताका साथ कार्य गर्ने नेपाल प्रहरीको कामको प्रकृति रहेकोले नेपालको सुधार गर्दा त्यसलाई प्राथमिकतामा राख्नु आवश्यक देखिन्छ ।[२]

कुनै भ्रष्टाचारविरुद्धको अभियान सञ्चालन गर्दा प्रारम्भमै सोच्नुपर्ने संगठन नेपाल प्रहरी नै हो । यसमा शुद्धता कायम रहने हो भने अन्यत्र स्वतः त्यसको प्रभाव पर्छ । किनभने प्रहरी नै कानुन पालना गराउने अग्रस्थानको निकाय हो । त्यसैले प्रहरी स्वयंले भने कानुनको पूर्ण पालना गरेको हुनुपर्छ । प्रहरीका गतिविधिहरू सजिलै सार्वजनिक हुने गर्दछन् । उनीहरूकै व्यवहारका कारण सरकारको स्वच्छता मापन हुने गर्दछ । जहाँ कानुन कार्यान्वयन गर्ने निकाय नै भ्रष्ट हुन्छ, त्यसबेला जनता पद्धतिप्रति नै अविश्वास प्रकट गर्दछन् ।[३]

---

१ ट्रान्सपरेन्सी इन्टरनेशनलको 'करप्सन इन साउथ एशिया इन साइट् एण्ड बेन्चमार्कस फ्रम सिटिजन फिडब्याक' नामक दक्षिण एशियाली क्षेत्रका ५ मुलुकको भ्रष्टाचारको स्थिति सर्वेक्षण गरी तयार पारिएको २००२ को रिपोर्ट ।

२ नेपालका सबै सार्वजनिक संस्थाहरुमा भ्रष्टाचार जेलिएर रहको र गम्भीर समस्या बनेको छ, त्यसमा नेपाल प्रहरी पनि अपवाद छैन । प्रहरी प्रशासनमा भ्रष्टाचारले सबैलाई उछिनेको विश्वास सर्वसाधारणको रहेको छ । प्रहरी निकायमा अपराध व्यवसायले संस्थागत स्वरुप ग्रहण गरेको उनीहरुको विश्वास छ ।

३ मानन्धर एन, 'प्रहरीमा भ्रष्टाचार', eKantipur.com, २९ डिसेम्बर २००५

## प्रहरीमा भ्रष्टाचारः एक अवधारणा

प्रहरीमा भ्रष्टाचार भन्नाले सामान्यतः व्यक्तिगत अथवा संस्थागत लाभका लागि प्रहरी अधिकारको दुरुपयोग हो भन्ने बुझ्नुपर्दछ ।[4] होलोवेका विचारमा प्रहरी भ्रष्टाचारलाई दुई भागमा विभाजन गर्न सकिन्छ- आन्तरिक र बाह्य । आन्तरिक भ्रष्टाचार त्यस्तो गैरकानुनी कार्य हो जसमा एकभन्दा बढी अधिकृतहरू मिलेर भित्रकै सहकर्मीविरुद्ध अनुचित कार्य गर्दछन् । बाह्य भ्रष्टाचार भन्नाले त्यस्तो गैरकानुनी कार्य हो जसमा प्रहरी अधिकृतहरू बाहिरका व्यक्तिहरूसँग मिलेर शक्तिको दुरुपयोग गर्दछन् । आन्तरिक भ्रष्टाचारमा संगठनभित्रै एकले अर्कोलाई नाजायज ढङ्गले शोषण गर्ने काम हुन्छ, यसले बाहिर सर्वसाधारणलाई प्रत्यक्ष रूपले असर पार्दैन । बाह्य भ्रष्टाचारले प्रत्यक्षतः सर्वसाधारणलाई प्रभावित पार्दछ, यसमा खासगरी विपन्न र शक्तिहीन वर्गका व्यक्तिहरू मारमा पर्ने गर्दछन् ।

भ्रष्टाचार किन हुन्छ भन्ने विषयमा विभिन्न विश्लेषण प्रकाशित छन् । वासिङ्गटन डिसीका प्रहरी संस्थापक अध्यक्ष हुबर्ट विलियम्सका अनुसार प्रहरी फौजमा भ्रष्टाचार हुने चार कारणहरू छन् ।

भर्ना, तालिम र पदोन्नतिमा रहेका कमजोरीका कारण भ्रष्टाचार हुने एक कारण हो भने थोरै तलब र साधन, संगठन, अदालत तथा कानुनमा जवाफदेहीताको अभाव अर्को कारण हो । तेस्रो कारणमा उनले भिन्न प्रकृतिको प्रहरीको संस्कारलाई लिएका छन्, प्रहरी आफ्नो स्तर देखाउन पनि भ्रष्टाचार गर्छ भन्ने उनको धारणा रहेको छ ।[5] यसका अतिरिक्त प्रहरीले किन भ्रष्टाचार गर्छ भन्ने सम्बन्धमा अन्य ९ कारणका बारेमा पनि उनले प्रकाश पारेका छन् ।[6] उनी उल्लेख गर्छन्- शक्तिको दुरुपयोग गर्ने बानी, अरूलाई पछि पार्न, मौका चोर्न, गैरकानुनी क्रियाकलाप लुकाउन, गलत सहमति कायम गर्न, आपराधिक क्रियाकलापमा सहमति गर्न, आन्तरिक भुक्तानी मिलाउन, मिलिभगत गर्न, विभाजन गराउन र खासखुस[7] रूपमा काम पूरा गर्न भ्रष्टाचार हुने गर्दछ ।

---

[4] साएद टी र ब्रुस डी, 'पलिस करप्सनः टुवार्डस् अ वर्किङ डेफिनिसन' अफ्रिकी सुरक्षा पुनरावलोकन, ७:१ १९९८ । होलोवे बी, 'पलिस करप्सनः' न्यायिक अध्ययनको अन्तर्राष्ट्रिय सङ्ग्रह, www.iejs.com/Policing/police_corruption.htm ।

[5] मानन्धर, ऐ. ऐ.बाट उद्धृत ।

[6] न्यूबर्न टी, 'अण्डरस्ट्याण्डिङ एण्ड प्रिभेन्टिङ पलिस करप्सन, लेसन फ्रम द लिटरेचर,' प्रहरी अध्ययन प्रकाशन श्रृंखला- ११०, युके होम अफिस, १९९९, पृष्ठ ४ ।

[7] प्रमाण जुटाउने योजना ।

## सन्दर्भः

नेपाल प्रहरीमा रहेको भ्रष्टाचारको वर्तमान अवस्था बुझ्न संगठनको स्थापनाकालदेखिकै विश्लेषण गरेर कारण खोज्नु आवश्यक हुन्छ । नेपाल प्रहरी २००९ सालमा मुक्ति सेनालाई समायोजन गरी निर्माण गरिएको हो । यसको आदर्श वाक्य 'सत्य सेवा सुरक्षा'[८] रहेको थियो । सुरुमा नेपाल प्रहरीले फौजको भूमिका निर्वाह नगरी नागरिक सुरक्षामा काम गरेको थियो । यसैकारणले अनुपातिक रूपमा यो नागरिक-मैत्री रहेको थियो । यद्यपि पद्धतिमै केही खराबी हुनसक्ने सम्भावनालाई नकार्न सकिन्न[९] तापनि २०१७ सालको शाही 'कु' पछि नेपाल प्रहरी अञ्चलाधीशको स्वार्थ पूर्तिमा समर्पित भयो ।[१०] यसै क्रममा सरकारले नेपाल प्रहरीलाई जनता दबाउने काममा लगाउन थाल्यो ।

प्रहरीका हरेक स्तरमा रहेका कर्मचारीहरूमा यसले पाएको छवि रूपान्तरित हुन थाल्यो । उनीहरू आफ्ना हाकिम र राजनीतिक संरक्षकप्रति समर्पित देखिए । हाकिम र संरक्षकहरू आम प्रहरीलाई जे चाहन्थे त्यही गराउन सक्थे । उनीहरूलाई गैरकानुनी वा अनैतिक भन्ने वस्तुले छुन सक्तैनथ्यो । भ्रष्टाचार र शक्तिको दुरुपयोगको संस्थागत विकास गर्न हाकिम र संरक्षकहरूको त्यही व्यवहारले सिकायो । धेरै प्रहरीहरू आफ्नो कार्यक्षेत्रमा तानाशाहजस्तै देखिन थाले । यस अतिरिक्त गैरकानुनी क्रियाकलापलाई संरक्षण तथा सुरक्षा प्रदान गर्न उच्चस्तरको संलग्नता देखिन थाल्यो । शाही परिवारले प्रहरी विभागलाई माथिदेखि तलसम्म भ्रष्ट सिकायो । यसले प्रहरी संगठनको छविमा ह्रास ल्यायो । २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापनापछि पनि नेपाल प्रहरीको छवि सुधार हुन सकेन । हरेक नयाँ सरकारको स्वार्थमा गोटी बनेर परिचालित हुनु नेपाल प्रहरीको नियति बन्न पुग्यो ।

## नेपाल प्रहरीमा भ्रष्टाचार

प्रहरीमा भ्रष्टाचारको श्रीगणेशः भर्नाकै क्रमबाट हुन्छ । जब तालिमेका रूपमा एक युवा प्रहरी सेवामा प्रवेश गर्दछ, त्यसैबेला उसलाई भर्ना गर्ने अधिकृतले मोटो रकम घूस माग्छ । घूस नपाएसम्म प्रहरी फौजमा भर्नाका लागि लिइने

---

[८] लाल सिके, 'जई नेपाल सा'ब,' हिमाल खबर पत्रिका, ३१ जुलाई- १६ अगष्ट २००४, पृष्ठ ४४ ।

[९] लाल, ऐ. ऐ. बाट उद्धृत ।

[१०] निर्दलीय पञ्चायती व्यवस्था काल तथा अधिनायक कालमा १४ अञ्चलहरुमा अञ्चल प्रमुखको व्यवस्था हुने गर्दथ्यो र उनीहरुको नियुक्ति प्रत्यक्ष राजाले गर्थे । उनीहरुको प्रमुख जिम्मेवारी सत्ताविरुद्ध अवाज उठाउने व्यक्तिलाई पक्रउ गरी थुन्नु रहेको थियो । उनीहरु शाही परिवार र सत्ताको सुरक्षाका लागि जे पनि गर्थे ।

जाँचमा पास हुन सकिन्न । 'भित्रियाहरू' असइका लागि ३ लाखदेखि ५ लाखसम्म र प्रहरी निरीक्षकका लागि[11] ५ लाखदेखि ७ लाखसम्म घूस लिने गरिएको छ । यसैगरी पदोन्नति तथा राम्रो ठाउँमा सरुवाका लागि पनि प्रहरी कर्मचारीहरू आफ्ना हाकिमलाई मोटो रकम घूस खुवाउने गर्दछन् ।[12]

अधिकांशतः जब प्रहरीमा नयाँ महानिरीक्षक नियुक्त हुन्छ अथवा नयाँ जिल्लामा स्थानीय प्रहरी प्रमुखहरू बहाल हुन्छन् तब उनीहरूले आय आर्जन हुने विभाग वा शाखाका सम्पूर्ण कर्मचारीहरू तत्काल पजनीमा पर्दछन् । यसो गर्नुको पछाडि त्यहाँ प्राप्त हुने आयमा सरुवा भएर आएको हाकिमको पहुँच गराउनु नै हो । गैरकानुनी रूपमा गरिएको आम्दानी हाकिमको गोजीसम्म पुग्नका लागि उसले विश्वासिला पात्रहरूलाई खास ठाउँमा नियुक्त गर्नुपरेन त ?[13]

केन्द्रदेखि जिल्लासम्मका प्रहरी कार्यालयहरू बाह्य भ्रष्टाचारमा पनि संलग्न छन् । उदाहरणका लागि खाद्यान्नको ठेकेदार कम गुणस्तरको खाद्यान्न आपूर्ति गर्न र ठेक्का दिलाउनेलाई ठूलो रकम चढाउन समर्पित भएर लागेको हुन्छ । यसप्रकारको अभ्यासले राष्ट्रिय ढिकुटीमा मात्र प्रभाव पार्ने होइन सेवा प्रदायकहरूको स्वास्थ्य र नैतिक बलमा समेत घातक असर पार्दछ ।

कतिपय राजनीतिक नेता तथा व्यापारिक व्यक्तिहरूले 'दलाल' अथवा 'मतियार'का रूपमा प्रहरी अधिकारीहरूसँग निकट सम्बन्ध कायम गरी आपराधिक सञ्जाल खडा गर्ने र सट्टामा नगद अथवा उपहार प्राप्त गर्ने गर्दछन् । यी दलालहरूले प्रहरी कार्यालयभित्रका मूल्यवान् जानकारीहरू प्राप्त गरेर उच्चस्तरसम्म पहुँच बनाउँछन् । चाहिएको बेला आफ्नो सफाइमा पेश गर्नका लागि प्रमाण पनि उनीहरूसँगै हुन्छ ।[14] त्यस प्रमाणको बलमा कसैले उनीहरूविरुद्ध मुद्दा नै हालिदियो भने पनि त्यसलाई कमजोर बनाउन उनीहरू सफल हुन्छन् ।[15]

---

[11] प्रहरी संगठन भित्रका एक व्यक्तिसँग उनको नाम प्रकाशनमा नल्याउने शर्तमा गरिएको अन्तरवार्ता ।

[12] सेवा कालमा कुनै बेला प्रहरी भर्ना प्रणालीसँग सम्बन्धित हुन पुगेका सहायक प्रहरी निरीक्षकसँग लिइएको अन्तरवार्तामा आधारित ।

[13] पूर्वप्रहरी जवानसँग लिएको अन्तरवार्ता

[14] पूर्वप्रहरी जवानसँग लिएको अन्तरवार्ता

[15] काठमाडौंमा एक बसले १० बर्षको बालकलाई किचेर मार्‍यो । चालकले रक्सी पिएर बस चलाएका कारण सो दुर्घटना भएको थियो । तर प्रहरीले निजबाट १० हजार रुपियाँ असुल गरेर मादक पदार्थ सेवन नगरेको अर्थात् सामान्य अवस्थामा गाडी चलाएको प्रमाणपत्र बनायो- बस मालिकको अनुभव ।

**प्रहरी भ्रष्टाचारका अन्य उदाहरणहरू:**

- तस्कर, अपराधी तथा गैरकानुनी क्रियाकलापमा संलग्न व्यक्ति अपराधीलाई सघाउने, अनुसन्धानलाई असफल बनाउने र दोषी उम्काउने, निर्दोषलाई दोष लगाउने र गलत प्रमाण पेश गर्ने कार्य प्रहरीबाट हुने गरेको छ।[16]
- तस्करीका सामानले भरिएका ट्रकहरूलाई गस्ती गर्दै जाँचकेन्द्र र भन्सार गौंडाहरू कटाइदिने।[17]
- जानी-बुझी दोषीलाई पक्राउ गर्न अस्वीकार गर्ने।
- सर्वसाधारणलाई पक्राउ गर्ने धम्की दिने, नगरेको गम्भीर अपराध स्वीकार गर्न बाध्य बनाउने।[18]
- गैरकानुनी गतिविधिमा संलग्न व्यक्तिहरूबाट मासिक तथा आवधिक भुक्तानी प्राप्त गर्ने।[19]
- जाँच पास नगरेका व्यक्तिलाई सवारी चालक अनुमतिपत्र प्रदान गर्ने र जसलाई अनुमतिपत्र दिनुपर्ने हो उसलाई रोक्ने।[20]
- सवारी आवागमनको कानुन अदल-बदल गरिरहने र नियम उल्लंघन गरेको बहानामा सवारी चालकहरूबाट जरिवाना असुल गर्ने।
- सर्वसाधारण नागरिकलाई पिट्ने, र उल्टै बर्दिधारी अधिकृतलाई हातपात गरेको अभियोगमा कारबाही चलाउने धम्की दिने।
- निर्दोष व्यक्तिलाई गिरफ्तार गरी यातना दिने र नगद तथा अन्य मूल्यवान वस्तु असुल गर्ने।
- यौन व्यवसाय सञ्चालक, डान्स रेष्टुराँ तथा असँगठित बेश्यावृत्ति गर्नेहरूबाट नगद असुल गर्ने अथवा यौन आनन्द उठाउने।[21]
- सडक बालबालिकाले कमाएको पैसा चोर्ने र स्थानीय व्यापारीहरूबाट जबरजस्ती अथवा धम्की दिएर आम्दानी गर्ने।[22]
- निम्नस्तरका अधिकृतहरूबाट उनीहरूले पाउने भ्रमण भत्ता असुल गर्नु।

---

[16] रेग्मी आर. के., फाइरिङ्ग करप्सन, ट्रान्सपेरेन्सी इन्टरनेशनल नेपाल २००१।

[17] पुनवार एस, 'प्रहरीको स्कटिङ्गमा रक्तचन्दन तस्करी', कान्तिपुर दैनिक १३ अप्रिल २००७।

[18] रेग्मी ऐ.ऐ. बाट साभार।

[19] काठमाडौं जिल्ला प्रहरी कार्यालय तथा दक्षिण नेपालको सीमा क्षेत्रमा रहेका प्रहरी पोष्टहरुमा कार्यरत पूर्वप्रहरीसँग गरिएको अन्तरवार्ता।

[20] रेग्मी ऐ ऐ.।

[21] मानन्धर ऐ.ऐ.। देह व्यापारमा संलग्न प्रहरीको यस व्यवहारलाई कसैले दुर्व्यवहार भनेका छन् त कसैले भ्रष्टाचार मानेका छन्।

[22] लेखक स्वयंले सडक बालकसँग गरेको अन्तरवार्ता। सो अन्तरवार्ता नेपालमा राष्ट्रिय बाल श्रमिक नीति अध्ययनका सिलसिलामा २००३ मा गरिएको हो, आइआइडिएस/आइएलओ जेनेभा।

## प्रहरीमा चारैतिर भ्रष्टाचार

प्रहरी प्रधान कार्यालयले प्रहरी संगठनभित्र भर्ना वा पदोन्नतिको सम्पूर्ण जिम्मेवरी लिएको हुन्छ । यो कार्य गृह मन्त्रालयको निर्देशनमा हुने गर्दछ । लोकसेवा आयोग जसरी अन्य निजामती कर्मचारीको छनोटमा जिम्मेवार हुन्छ, प्रहरी सेवामा उसको त्यस्तो पहुँच हुँदैन । यसरी भ्रष्ट प्रशिक्षक घूस लिन सक्षम हुन्छ ।[४३] प्रहरीमा जागिर खान आउनेहरू ऋण काडेर घूस तिरिरहेका हुन्छन् । प्रवृत्ति नै जागिर खाएर छिटोभन्दा छिटो पैसा कमाउनु हुन्छ, यसका लागि उनीहरू कुनै पनि माध्यमको प्रयोग गर्छन् ।[४४]

यस अतिरिक्त कति जागिर खान आउनेहरूले तालिममा अन्य शोषण तथा दुर्वव्यहारको सामना पनि गर्नुपर्छ । यो प्रक्रिया भ्रष्ट अधिकृतहरूको सञ्जालभित्रको एक प्रक्रिया हो । उनीहरूले आफूभन्दा माथिको हाकिमलाई सम्पूर्ण रूपले प्रसन्न बनाउन बाध्य हुनुपर्छ । अधिकांशतः भर्नाको सुरु दिनदेखि नै प्रहरीले घूस खाने र अरूको असजिलोबाट लाभ लिने प्रशिक्षण प्राप्त गर्दछ । यसबाट प्रहरी संगठनबाहिरका व्यक्तिहरूमा पनि सोही व्यवहार देखाउन उनीहरू अभ्यस्त बन्दै जान्छन् ।[४५]

नेपालमा भ्रष्टाचार सर्वत्र रहेको देखिँदा पनि भ्रष्टाचारविरुद्धको ऐन २०१८ ले यसको ठीक तरिकाले भरिभाषा दिन सकेको छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनले यसै कानुन अनुसार भ्रष्टाचारको परिभाषा भने बनाएको छ । राज्यको क्षमतामा यसप्रकारको कमी अर्थात् भ्रष्टाचारलाई पर्याप्त महत्व दिन नसक्ने अवस्था रहेको छ । प्रहरीभित्रको अधिकार दुरुपयोगलाई लिएर कुनै स्वतन्त्र निकायले सघन प्रतिवेदन तयार पारेको छैन । यद्यपि वरिष्ठ अधिकारीहरूलाई गुनासो गरिएको छ र शाखाभित्रै जाँचबुझ गर्ने त्यहीं टुङ्ग्याउने काम भएको छ । त्यसलाई अनुसन्धानको दायरामा ल्याउन सकिएको छैन । त्यसैले भ्रष्टाचारका शृङ्खलाहरू निरन्तर अघि बढिरहेका छन्, सुधारको सम्भावना क्षीण मात्र छ ।

राजनीतिक नेताहरूमा राजनीतिलाई अपराधीकरण गर्ने प्रवृत्तिले पनि प्रहरीलाई सुध्रिन दिएको छैन । खासगरी २०४६ सालपछि प्रहरीमा भ्रष्टाचारले शिखर छोयो । शासनमा पुगेका राजनीतिक पार्टीहरूले प्रहरीलाई दुरुपयोग गर्ने र आफ्नै स्वार्थमा प्रयोग गर्ने काम गरे । राजनीतिक दलका लागि राष्ट्रिय अनुसन्धान विभाग राजनीतिक सम्भ्रान्तहरू भर्ती गर्ने केन्द्रमा बदलियो । विभागीय मन्त्रीले

[४३] पूर्वप्रहरीसँग गरिएको अन्तरवार्ता ।

[४४] ग्रामीण क्षेत्रमा ऋण दिनेहरुले २४ देखि ६० प्रतिशतसम्म ब्याज असुल्ने गर्दछन् ।

[४५] सर्वसाधारणविरुद्ध प्रहरी जवान तथा अधिकारीहरुले यस प्रकारको दुर्व्यवहार गर्दछन् ।

आफ्ना जिल्ला र निर्वाचन क्षेत्रका युवा कार्यकर्ता र समर्थकलाई सो विभागमा नियुक्ति दिए । सुरक्षाफौजको प्रयोग अधिनायकवादी शासन टिकाउनका लागि हुन थाल्यो, यसले गर्दा गएको १० वर्ष प्रहरी फौजको छवि धूमिल हुन पुग्यो ।[२६]

## पारदर्शिता तथा जवाफदेहिताका लागि संयन्त्रको खाचो

द्वन्द्व बढेको र सुरक्षालाई राजनीतिकरण गरिएको अवधिका रूपमा गएको दशक बित्यो । त्यसले प्रहरीमा असन्तुष्टि सिर्जना गऱ्यो । संगठनमा रहेर दण्डहीनताको आनन्द उठाइरहेका अधिकृतहरूको व्यवहार सबैलाई बिझाउन थाल्यो । आमजनतालाई सेवा पुऱ्याउन गठन गरिएको प्रहरी फौज सत्ताधारी राजनीतिक पार्टीका लागि समर्पित हुन थालेपछि असन्तुष्टि सिर्जना हुनु स्वाभाविकै थियो । यस अवस्थाले के पुष्टि गऱ्यो भने प्रहरी फौजभित्र प्रजातन्त्रको सिर्जनाका लागि ठोस योगदान आवश्यक छ । यस कार्यका लागि वर्तमान विध्वंशक श्रेणीगत पद्धति भङ्ग गर्नु आवश्यक छ । प्रहरीको नियुक्ति र पदोन्नति प्रणालीमा सुधार गरिए मात्र यसको लक्ष्य साकार हुनेछ । निष्पक्षता बढाएर र लोकसेवा आयोगको पहुँच गराएर प्रहरी सेवामा सुधार ल्याउन सकिन्छ ।

पारदर्शिताको विकास र प्रहरीलाई जवाफदेही बनाउने कार्य राजनीतिक इच्छाशक्ति, नागरिक दबाब तथा सबल एवं प्रभावकारी कानुनबाट मात्र सम्भव छ । सम्पूर्ण निजामती कर्मचारीका लागि भ्रष्टाचार नियन्त्रण गर्न तत्काल नयाँ कानुन चाहिएको छ । कानुनले भ्रष्टाचारका विषयमा हरेक सार्वजनिक संस्थाको समुन्नतिका लागि पूर्ण परिभाषा दिनुपर्छ । नयाँ कानुनी प्रावधानले भ्रष्टाचारविरुद्धका स्वतन्त्र निकायको स्थापनाका लागि प्रस्ट प्रावधान राख्नुपर्छ । त्यसलाई पर्याप्त स्रोत तथा शक्ति दिइनुपर्दछ ताकि कसैमाथि अनुसन्धान तथा कानुनी कारबाही चलाउन असजिलो नहोस् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग यो आवश्यकता पूर्ति गर्न सफल छैन । किनभने यो राजनीतिक संरचना हो, यसले स्वतन्त्र ढंगले काम गर्न सकेको छैन ।

गैरसरकारी त्यस्तो स्वतन्त्र निकायले प्रहरीभित्र भएको क्रियाकालप अनुगमन गर्न पाउनुपर्छ । यसमा कानुनी अख्तियारी पनि होस् । यसप्रकारको प्रक्रियाले प्रहरीलाई अझ बढी पारदर्शी बनाउँछ । यसका लागि संसद् तथा स्थानीय सरकारले प्रहरीको गतिविधिमा प्रश्न उठाउन सक्नेछन् । यसका लागि ठाडो तथा तेर्सो जवाफदेहिताको प्रावधान राखिनुपर्दछ । ठाडो जवाफदेहिताले निर्वाचित जनप्रतिनिधिहरूप्रतिको जबाफदेहिता देखाउँछ र सरकारको काम अनुगमन गर्न

[२६] कुमार डी. तथा शर्मा एच., नेपालमा सुरक्षा क्षेत्र सुधारः चुनौती तथा अवसर, फ्रेण्ड्स फर पिस २००५ । अधिकारी डी. 'नेपाल्स स्पाइज कम इन फ्रम द कोल्ड,' एशियन टाइम्स अनलाइन १२ जुन २००२, www.times.com\ind-pak\dDF 12 Bf02.html

सघाउँछ । तेर्सो जवाफदेही पद्धतिले अख्तियार दुरुपयोगको अनुसन्धान गर्छ र अनुसन्धान प्रतिवेदन सरकारलाई बुझाउँछ ।[27]

अर्को रणनीति नागरिक समाजलाई भ्रष्टाचारविरुद्धको अभियानमा सरिक गराउन प्रोत्साहित गर्नु हुनुपर्दछ । 'भत्केको झ्याल सिद्धान्त' नेपालजस्तो मुलुकमा लागू हुन्छ । समुदायले जति बेवास्ता गर्छ उति नै प्रहरी संगठनभित्र अख्तियारको दुरुपयोग हावी हुँदै जान्छ । त्यसैले गैरसरकारी संस्थाले स्थानीय जनतालाई सचेत गराउन र समुदायलाई नागरिक निगरानीकर्ता बनाउन प्रयास गर्नुपर्छ । यसप्रकारको निगरानीकर्ता समितिमा एकजना स्थानीय पत्रकार पनि समावेश हुनुपर्दछ । यसो भएमा भ्रष्टाचारको ज्ञान प्रभावकारी रूपमा सञ्चार गर्न सजिलो पर्दछ । यसले ग्रामीणस्तरमा नागरिक र प्रहरीबीचको सम्बन्ध बढाउँछ । यस अभ्यासबाट प्रहरीको छवि सुधार हुन्छ ।

## भविष्यको सम्भावना

भ्रष्टाचारको 'खराब स्याउको सिद्धान्त' नेपाल प्रहरीका सन्दर्भमा लागू हुँदैन । समस्या सिर्जना गर्ने यो कुनै व्यक्तिगत अथवा एक्लो मुद्दा होइन । यहाँ त भ्रष्टाचारको संस्थागत विकास भइसकेको छ, जो २०४६ सालयता राजनीतिको अपराधीकरणका कारण अझ बढी झाँगिएको छ । जस्तो, मानन्धर इङ्गित गर्दछन्, 'प्रहरी संस्कृति' को विशिष्टताले प्रहरी पद्धतिभित्रै यस्तो जटिल ग्रन्थी विकास गरिदिएको छ कि शुद्धीकरणका दिशामा उनीहरूको ध्यान नै जाँदैन । कुनै प्रहरी अधिकृतले गलत काम गरिरहेको थाहा पाउने अर्को कुनै प्रहरी अधिकारी एक शब्द पनि बोल्दैन ।[28] यसरी प्रहरी संगठनभित्र अन्धकारको विकास भएको छ, र मौनता त्यहाँको संस्कृति बनेको छ । प्रहरी फौजभित्र भ्रष्टाचारविरुद्ध लड्ने प्रवृत्तिको विकास गर्नु अत्यन्त चुनौतीपूर्ण रहेको छ ।

अधिकांशतः प्रहरीहरूबीच राजनीतिक खेमा सिर्जना भएको छ, त्यसले शासनसत्तामा रहेको शक्तिलाई रिझाउने काम गर्दछ । प्रहरी विभाग राजतन्त्र होस् वा पञ्चहरू[29] होउन्, अथवा संसद्मा रहेका राजनीतिक पार्टीहरू नै किन नहोउन्, साझेदारहरूको राजनीतिक तथा व्यक्तिगत स्वार्थ सिद्धिका लागि समर्पित देखिन्छ । यसलाई हेर्दा सुधारका लागि राजनीतिक अठोट आवश्यक देखिन्छ । सोचमा नै सुधार नआएसम्म प्रहरीमा परिवर्तन सम्भव छैन ।

---

[27] ट्रान्सपरेन्सी इन्टरनेशनल, 'डेभ्लपिङ रेसपोन्सेस' इन सोर्सबुक २००२, अध्याय ३ ।

[28] मानन्धर ऐ.ऐ.

[29] अधिनायक कालमा पञ्चहरु नै राजनीतिक नेता थिए, दलविहीन पञ्चायती व्यवस्था २०१७ सालदेखि २०४६ सालसम्म नेपालमा कायम रह्यो ।

प्रहरीको परिचयमा जुन भ्रष्टाचारको संस्कृति स्थापित भएको छ, त्यसको सम्बोधन हुनु आवश्यक छ । प्रहरी अधिकृतहरू कर्तव्यपालनामा जुन आदर्शलाई आत्मसात् गरिरहेका छन्, त्यसमा नै सुधार ल्याउनुपरेको छ । जनता र प्रहरीबीच एक-आपसमा समझदारी र सहयोगको विकास गर्नु आवश्यक छ । यसका लागि स्वतन्त्र र निष्पक्ष सञ्चारमाध्यमले अख्तियारको दुरुपयोग र गलत कामहरू भएकोमा पहिचान गरी सार्वजनिक गर्ने कार्य गर्नुपर्दछ । आजसम्म यस विषयमा सञ्चारमाध्यमले पर्याप्त ध्यान दिन सकेको छैन । सरकारको अधिक दबाबका कारण पनि भित्रका कमजोरीहरू बाहिर नआएका हुनसक्छन् ।

सञ्चारमाध्यमले भ्रष्टाचारविरुद्धको अभियानमा एकीकृत हुन सकेको खण्डमा आमजनतामा ठूलो उत्साह थपिनेछ र भ्रष्टारविरुद्ध सक्रियता देखाउन राजनीतिज्ञहरू पनि बाध्य हुनेछन् ।

# प्रहरी अनुसन्धान : सोधपुछका विधि र तिनको असर

- युवराज सङ्ग्रौला

## परिचयः

नेपाल प्रहरीको संगठन र त्यसका प्रवृतिको पितृत्व धेरै मात्रामा ब्रिटिश भारतको औपनिवेसिक प्रहरी बल हो । यसको मुख्य प्रवृत्ति भनेको जनतालाई सेवा प्रदान गर्नुभन्दा पनि अपराधको नियन्त्रण वा रोकथाम गर्नु हो । अहिलेसम्म पनि त्यो मानसिकता कायमै छ अनि प्रहरीले नागरिक समाजसँग गर्न सकिने साझेदारीलाई क्षति पुऱ्याउने किसिमले जबर्जस्तीको संस्कृति हुर्काउने काम जारी नै राखेको छ । कानुन लागू गराउनेहरूको यस्तो लडाकू प्रकृतिले अपराध अनुसन्धानका क्रममा मानवअधिकारको सम्मानलाई प्रभावकारी किसिमले सुनिश्चित गर्ने प्रहरीको क्षमतालाई सीमित तुल्याउँछ ।

नेपालका प्रहरी अनुसन्धानकर्ताहरूमाथि उनीहरूले सोधपुछका समयमा धेरैजसो हिंस्रक तथा मनोवैज्ञानिक विधि अपनाउने गरेको आरोप लाग्ने गरेको छ । यस्तो खालको सोधपुछको उद्देश्य या सूचना प्राप्त गर्नु हो या त अपराध कबुल गर्न लगाउनु हो । त्यसैले प्रहरीको प्रकृति अभियुक्तमाथि बढी केन्द्रित र अपराधमा भने कम केन्द्रित भएको छ । अतः यस्तो पूर्वन्यायिक कार्य नै प्रहरी हिरासतमा हुने यातनाका कारणहरूमध्ये एउटा प्रमुख कारण हो ।

केही प्रहरी अनुसन्धानकर्ताहरूले शक्तिको दुरुपयोग गर्ने गरेकाले स्वच्छ जाँचपडतालको सम्भावनालाई नोक्सान पुग्न गएको छ । हामी यस छलफलमा स्वच्छ जाँचपडताल गर्न पाउनुपर्ने अभियुक्तको अधिकारमाथि यसप्रकारको जबर्जस्ती सोधपुछका के कस्ता असर पर्न गएका छन् भन्ने विषयमा केन्द्रित रहनेछौं ।

## सोधपुछ

सोधपुछको खास तात्पर्य अपराधसँग सम्बन्धित सूचना प्राप्त गर्नु हो । यस प्रक्रियाबाट प्राप्त गरेका सूचनाले प्रहरीले अनुसन्धानलाई अघि बढाउन सक्षम

तुल्याउनुपर्ने हो । अनुसन्धानको एक उपकरणका रूपमा सोधपुछ प्रक्रिया धेरैजसो दबावमूलक र तनावमूलक प्रकृतिको हुनसक्छ । त्यस्तै यो प्रक्रिया प्रत्यक्षतः अभियुक्तको अधिकारसँग बाभिन सक्छ । केही अनुसन्धानकर्ताहरूमा बढी जटिल विधि अपनाएर प्रमाण जुटाउन सक्ने क्षमता वा योग्यता नहुँदा पनि बढीमात्रामा जोरजुलुमको प्रयोग गरिएको हुन सक्छ । नेपालको अपराध न्याय प्रणालीमा यसलाई भाांगिदै गएको समस्याका रूपमा लिइन्छ ।

सोधपुछलाई संसारका प्रत्येकजसो भागमा अपराध कबुल गराउने साधनका रूपमा व्यापक रूपमा प्रयोग गरिएको पाइन्छ । यसो भए तापनि कैयौं देशहरूले यस्तो अभ्यासबाट अभियुक्तलाई सुरक्षित राख्नका निम्ति अपराध न्यायप्रणालीमा अन्य उपचारको व्यवस्था गरेका छन् । दृष्टान्तका लागि भारतमा अपराध कार्यविधि संहिताको खण्ड १६४ अन्तर्गत प्रहरी अनुसन्धानकर्ताहरूले अनुसन्धानका क्रममा अभियुक्तले गरेको कबुललाई प्रमाणका रूपमा प्रस्तुत गर्न नपाउने प्रबन्ध गरिएको छ । यसर्थ यस्तो व्यवस्थाले गैरन्यायिक स्वीकारोक्तिलाई कानुनी रूप दिने वा त्यसलाई स्वीकार गर्ने कुरालाई पूर्ण रूपमा खारेज गरिदिएको छ । न्यायिक प्रणालीलाई दुरुपयोग हुनबाट रोक्नका लागि अभियुक्तहरूलाई उनीहरूका अधिकारबारे सजग तुल्याउने तथा जाँचका बेला गराइने अनिच्छित साविती बयानलाई न्यायिक प्रक्रियाबाट बाहिर राख्ने नियम यी दुई महत्वपूर्ण उपकरणको विकास गरिएको छ । त्यसो भए तापनि नेपालमा त्यस्ता कार्यविधिको सुविधा छैन । यसले गर्दा अभियुक्तहरूका लागि प्रहरी सोधपुछका क्रममा आफ्नो संरक्षण गर्ने साधनको अभाव रहेको देखिन्छ ।

## नेपालमा प्रहरीद्वारा अभियुक्तलाई गरिने सोधपुछसम्बन्धी विद्यमान अभ्यास तथा कानुनी रूपरेखा

नेपालको संविधान, २०४७ को धारा १४ (३) लाई निरन्तरता दिएको अन्तरिम संविधानको धारा २४ (७) का अनुसार अभियोग लागेको कुनै व्यक्तिलाई आफ्नै विरुद्ध साक्षी बन्न बाध्य पार्न सकिने छैन । यसो भए तापनि संविधानको भावना राज्यविरुद्धको अपराधसम्बन्धी कानुनको खण्ड ९(१) र (२) बाट नराम्ररी प्रभावित भएको छ किनकी यसले स्पष्ट रूपमा अभियुक्तलाई उसको मौन बस्न पाउने अधिकार कुण्ठित पार्न बाध्य तुल्याएको छ । प्रहरीद्वारा व्यापक मात्रामा शक्तिको दुरुपयोग गर्ने गरिएको सन्दर्भमा, राज्यविरुद्धको अपराधसम्बन्धी कानुनमा भएको व्यवस्थाका साथसाथै अन्तरिम संविधानको धारा २४ (७) पनि व्यवहारमा पूर्णतया निष्प्रभावी (लर्गाषिष्भम) भएको छ ।

राज्यविरुद्धको अपराधसम्बन्धी कानुनको खण्ड ९(१) र (२) ले प्रहरीलाई सोधपुछ तथा अभियुक्तले बकेका कुरालाई टिपोट गर्न असीमित शक्ति प्रयोग गर्ने ठाउँ दिएको छ । यस खण्डले कुनै पनि प्रकारको जोरजुलुमबिना स्वेच्छिक रूपमा

दिएको बयानलाई मात्र स्वीकारयोग्य बयानका रूपमा कानुनी तुल्याएको भए तापनि प्रमाण ऐनको दफा २६ ले झुठो बयान वा आफ्ना अनुकूल हुनेगरी दिइएको गलत बयान व्यक्तिलाई उसको बयान गैरकानुनी रहेकोमा चुनौती दिइएको खण्डमा प्रमाणित गर्ने भारी बोकाउने काम पनि गरेको छ ।१

खण्ड २६ ले भन्छ, -"कुनै व्यक्तिविशेषमा प्रमाणलाई प्रमाणित गर्नुपर्ने जिम्मेवारी नसुम्पिएको अवस्थामा कुनै व्यक्तिले अदालतमा प्रमाणित गरी देखाउन चाहेमा सो प्रमाणित गरी देखाउने जिम्मेवारी सोही व्यक्तिलाई दिनुपर्नेछ ।

यसका साथै, सो कानुनको खण्ड ९(२) ले प्रहरीलाई कुनै व्यक्ति अपराध कार्यमा संलग्न भएको शंका लागेमा उसलाई रोकी गिरफ्तार गर्न बल प्रदान गरेको छ । सोही खण्डले अनुसन्धानमा लागेको अधिकृतलाई त्यस्ता व्यक्तिको बयान निजकै लिखतमा अभिलेख गर्न सक्ने बनाएको छ । साथै यी दुई प्रावधानले अनुसन्धान अधिकृतहरूलाई सीमाविहीन तरीकाले कसुर कबुल गराउन र सोधपुछ गर्न व्यापकमात्रामा शक्ति दिएका छन् ।

कानुन अनुसन्धान तथा स्रोत विकास (ऋभीच्चम) ले २००२ मा गरेको एक अनुसन्धान प्रतिवेदनमा जनाइएझैं गैरन्यायिक स्वीकारोक्ति अभियोग पुष्टि गर्नका लागि महत्वपूर्ण साधनका रूपमा देखापरेको छ । यस्ता सफल देखिएका कसुर कबुलीले प्रहरी अनुसन्धानकर्ताहरूलाई कसुर कबुल गराउन प्रोत्साहित गरेका छन् । यसले अनुसन्धानको उद्देश्यलाई नराम्ररी गौण तुल्याएको छ ।

## प्रहरी सोधपुछको विद्यमान अवस्था

धेरै प्रहरी अनुससन्धानकर्ताहरू अभियुक्तहरूलाई सांघुरा र निस्सासिने खालका कोठाहरूमा लगेर आफ्ना सहकर्मी र मातहतका प्रहरीहरू अगाडि सोधपुछ गर्छन् । ४ त्यस्तो केरकार लामो समयसम्म हुन सक्छ । पक्रिएकाहरूमध्ये कसैलाई पनि संविधानले प्रत्याभूत गरेको उनीहरूको विधिसम्मत अधिकारबारे जानकारी दिइँदैन ।

प्रहरीलाई प्राप्त अख्तियारको दुरुपयोगले गर्दा यसर्थ अनुसन्धान प्रक्रियाको सोदेश्यमूलकता र स्वच्छताको सम्भावनालाई इन्कार गर्नका लागि जस्तो देखिन आउँछ । त्यसकारण सरकारी अधिकारीहरूको गैरकानुनी अभ्यास रोक्ने क्षमतामा अभाव देखिन्छ । तहकीकात गर्ने न्यायाधीशहरूले उदाहरणार्थ, प्रहरी अनुसन्धानकर्ताहरूद्वारा सोधपुछका क्रममा जबर्जस्ती बक्न लगाई प्राथमिक प्रमाण जुटाउने काम रोक्न ठूलो भूमिका निर्वाह गर्न सक्छन् ।

निष्कर्षमा केही प्रवृत्तिहरू पहिल्याउन सकिन्छः

- अनुसन्धान गर्दा विलम्ब गरी लामो समयसम्म गरिने सोधपुछ एक सामान्य प्रक्रिया हो । प्रहरी अनुसन्धानकर्ताहरू अभियुक्तहरूलाई सरकारी वकिलको सुपरीवेक्षण तथा अनुगमनबिना नै स्वतन्त्रतापूर्वक सोधपुछ गर्ने कार्य सम्पन्न गर्छन् । त्यसैले प्रहरी अनुसन्धानकर्ताहरूले शक्तिको दुरुपयोग गर्ने सम्भावना बढी नै छ ।

- प्रहरी सोधपुछ पछि विश्वासै गर्न नसकिने ढंगले अत्यधिक मामलामा कसुर कबुल गरिएको पाइन्छ ।

- कसुर कबुल गरिएको मध्ये ९० प्रतिशतभन्दा बढीले प्रारम्भिक सुनुवाइका बेला यातना वा जबर्जस्ती गरिएको हुनाले त्यसप्रकारको बयान दिएको भनी कबुल इन्कार गरेको पाइन्छ । प्रमाण ऐनको दफा ९ (२) अनुसार कसुर गरेको हुँ भनी दिइएको साविती बयान अभियुक्तले स्वेच्छाले दिएको खण्डमा मात्र मान्य हुन्छ ।

१. खण्ड २६ मा भनिएको छः 'कुनै व्यक्तिमाथि खासगरी प्रमाणलाई पुष्टि गर्ने दायित्व नसुम्पिएको अवस्थामा कुनै व्यक्तिले अदालतमा कुनै प्रमाणको विद्यमानता प्रमाणित गर्न चाहेको खण्डमा प्रमाणित गर्ने अभिभारा उसैमाथि सुम्पनुपर्छ ।'

२. आपराधिक मुद्दामध्ये ५९.६ प्रतिशतमा अभियोग लागेका व्यक्तिले प्रहरीसमक्ष साविती बयान दिएको पत्ता लागेको छ । यसो भए तापनि ७६.६ प्रतिशत अभियुक्तले अदालतमा आफूविरुद्धका आरोप अस्वीकार गरेका छन् । यसबाट जोकसैले पनि कसुर कबुल गराउन जोरजुलुम गर्ने काम व्यापक रूपमा हुन्छ भन्ने निष्कर्ष निकाल्न सक्छ । हेर्नु: एनालिसिस एण्ड रिफर्म्स अफ क्रिमिनल जस्टिस सिष्टम अफ नेपाल, (सेण्टर फर लिगल रिसर्च एण्ड रिसोर्स डेभेलपमेण्ट, २००२)

३. पदमबहादुर धलाविरुद्ध श्री ५ को सरकार १९६०, सर्वोच्च अदालतले अभियुक्तले ज्यान मारेको कसुर प्रत्यक्ष रूपमा स्थापित गरिसकेको अवस्थामा पिटेर कसुर कबुल गराएको भन्ने दाबी दिगो हुने देखिँदैन त्यसैले अभियुक्तको निर्दोष रहेको दाबी मुनासिब हुन सक्तैन भन्ने फैसला गऱ्यो । यसै मुद्दामा अदालतले "अभियुक्तले कसुर कबुल गर्दा अपराधमा अन्य व्यक्ति पनि संलग्न रहेको संकेत गरेबाट यातना दिई कसुर कबुल्न लगाएको भन्नेमा विश्वास गर्न सकिन्न" भन्ने विचार दियो । ओमकारविरुद्ध श्री ५ को सरकार १९६९, सर्वोच्च अदालतले अभियुक्तले अदालतमा अभियोगको

खण्डन गरे तापनि अभियुक्तले प्रहरी हिरासतमा यातनाबाट पहिले दिएको साविती बयानलाई ध्यानबाट हटाउन नहुने निष्कर्ष दियो । यसैगरी, ताराप्रसाद सापकोटा वि. श्री ५ को सरकार १९६९, सर्वोच्च अदालतले अभियुक्तलाई कुनै पनि प्रकारको जोरजुलुम गरेको नदेखिएकोले प्रहरी हिरासतमा दिएको बयान स्वतन्त्र रूपमा दिएको मान्नुपर्ने फैसला गऱ्यो । श्री ५ को सरकार विरुद्ध रेवतीरमण, १९७८, मा सर्वोच्च अदालतले साविती बयानसँग बाभिने कुनै प्रमाण नभएको अवस्थामा त्यसलाई प्रमाणका रूपमा लिनुपर्ने भन्यो ।

४. उदाहरणका लागि, हनुमानढोका प्रहरी कार्यालयमा सोधपुछका लागि भिन्नै कोठाहरू छैनन् । त्यसकारण सोधपुछको काम इन्स्पेक्टरको अफिसमा गरिन्छ । दस बाई दस फिटको एउटा कोठामा दुईजना इन्स्पेक्टर बस्छन् ।

# सशस्त्र प्रहरी तथा नेपालमा प्रहरी व्यवस्था

- डा. चुडाबहादुर श्रेष्ठ

राजा पृथ्वीनारायण शाहबाट अठारौँ शताब्दीमा नेपालको एकीकरण हुनुअघि तथा त्यसपछि नेपालले थुप्रै आन्तरिक तथा बाह्य द्वन्द्वहरू सामना गर्नुपरेको छ । प्रारम्भिक दिनहरूमा नेपालले दक्षिणी, पश्चिमी तथा पूर्वी भागहरूमा ब्रिटिश भारतसँग र उत्तरी भागमा तिब्बतसँग युद्ध गर्नुपऱ्यो । यसैगरी, आन्तरिक वातावरणका कारण राजनीतिक अस्थिरता सिर्जना भयो र त्यो आन्तरिक-विशिष्ट द्वन्द्वमा परिणत भयो, जुन राणाशासन, राजतन्त्र, प्रजातन्त्र, दलविहीन पञ्चायती व्यवस्था र सन् १९९० देखिको संसदीय प्रजातन्त्रको प्रत्यक्ष शासनको गुणका रूपमा देखिएको थियो ।[1]

परम्परागत रूपमा नेपालमा शासन व्यवस्था वंशगत विशिष्ट वर्गको जिम्मेवारी रहेको छ; सन् १९५० को नोभेम्बरदेखि विद्रोहीहरूले यो व्यवस्थालाई चुनौती दिन थालेका थिए । सन् १९५१ को जनवरीमा उचभ(ऋष्लभलत राणाशासन त्रिपक्षीय गठबन्धन सरकार (राजा, स्वतन्त्र राजनीतिक दलहरू तथा राणा सम्मिलित)लाई शक्ति हस्तान्तरण गर्न बाध्य भएको थियो । त्यसपछिका वर्षमा यो क्रान्ति कानुन तथा व्यवस्था बढ्दो रूपमा कमजोर हुनथाल्यो । यो संवेदनशीलताको फलस्वरूप सन् १९५५ को प्रहरी ऐन अन्तर्गत अपराध रोकथाम र पहिचान तथा शान्ति एवं सुव्यवस्था कायम गर्न सक्षम स्वतन्त्र प्रहरी बल सिर्जना भयो ।[2]

नेपाल प्रहरीको स्थापना चरणमा नेपाल सेना तथा मुक्तिसेना दुवैबाट प्रशस्त उच्चपदस्थ अधिकारीहरूलाई समावेश गरिएको थियो । यसरी, नेपाल प्रहरीले सेना तथा मुक्ति सेना दुवैबाट योगदान प्राप्त गरेका थियो ।

त्यसपछिका दशकहरूमा नेपालले थुप्रै राजनीतिक उतारचढाव तथा अस्थिरताको सामना गर्नुपऱ्यो । नब्बेको दशकको अन्त्यमा सुशासन तथा सेवा उपलब्ध गराउनमा राज्य निरन्तर अक्षम भएपछि एक दशक लामो विद्रोहले जन्म लियो ।

---

[1] श्रेष्ठ, सीबी, माओवादी विद्रोह सामना गर्दै नेपाल : द्वन्द्व विश्लेषण तथा समाधान, (चेतना लोक्शुम, २००४, पृष्ठ ११०-११२ ।

[2] प्रहरी प्रशासनसम्बन्धी नियमको सँगालो, (सम्पूर्ण प्रकाशन, २००५), पृष्ठ २१३-३० हेर्नुहोस् ।

प्रभावकारी प्रतिविद्रोहका लागि राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक तथा सुरक्षासम्बन्धी चासोहरूलाई सम्बोधन गर्ने समग्रतायुक्त पद्धति आवश्यक हुन्छ तर द्वन्द्वका प्रारम्भिक चरणमा सरकारले नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का क्रियाकलापहरूलाई सामान्य आपराधिक कार्यहरूका रूपमा मात्र लिएको थियो ।[घ] परिणामस्वरूप, द्वन्द्वका पहिलो छ वर्षसम्म शान्ति तथा सुव्यवस्था पुनःस्थापनाका लागि जिम्मेवारी दिइएको एक मात्र सरकारी निकायका रूपमा नेपाल प्रहरी रह्यो ।

## सशस्त्र प्रहरी बलको स्थापना

माओवादीहरूलाई परास्त गर्नका लागि नेपाल प्रहरी पर्याप्तमात्रामा साधनयुक्त देखिएन । सरकार सेनालाई परिचालन गर्न हिच्किचाएका कारण समस्याको समाधानसम्बन्धमा सिफारिस गर्न विभिन्न आयोगहरू गठन गरिए । ती आयोगहरूमध्ये एउटा रेग्मी आयोगले छुट्टै अर्धसैनिक प्रहरी बलको स्थापना गरिनुपर्ने सुझाव दिएको थियो । यसरी सशस्त्र प्रहरी बल विधेयक (सन् २००१) र सशस्त्र प्रहरी बल ऐन (सन् २००२)[ङ] का माध्यमबाट सशस्त्र प्रहरी बल स्थापना गरियो ।

सशस्त्र प्रहरी बलको उद्देश्य शान्ति, कानुन तथा सुव्यवस्था कायम गर्नु तथा नागरिकहरूको जीवन, सम्पत्ति र स्वतन्त्रताको संरक्षण गर्नु हो ।[छ] सशस्त्र प्रहरी बलको स्थापना प्रारम्भिक रूपमा नेपाल सेनाबाट १२० जना र नेपाल प्रहरीबाट करिब दश हजार जनाको सरुवा गरी गरिएको थियो । यस प्रारम्भिक भर्तीयता अहिले सशस्त्र प्रहरी बलको क्षमता करिब २५ हजारमा पुगेको छ ।[ट]

## सशस्त्र प्रहरी बलको संरचना

सशस्त्र प्रहरी बलको नेतृत्व प्रहरी महानिरीक्षक तथा अतिरिक्त प्रहरी महानिरीक्षक र प्रहरी नायब महानिरीक्षकलगायतका वरिष्ठ अधिकारीहरूबाट गरिएको छ । उहाँहरू सबैजना काठमाडौँ उपत्यकामै कार्यरत हुनुहुन्छ । काठमाडौँमा प्रहरी नायब महानिरीक्षकको नेतृत्वमा छवटा ब्रिगेड छन् भने विकास क्षेत्रहरूमा अरू पाँचवटा ब्रिगेड छन् । यसको अर्थ प्रत्येक अञ्चलमा प्रहरी उपरीक्षकको नेतृत्वमा रहने गरी सशस्त्र प्रहरी बल बटालियन छन् ।

[3] श्रेष्ठ, ऐजन, पृष्ठ २४९-५०, टिप्पणी १ ।

[4] सशस्त्र प्रहरी ऐन, २०५८, पादटिप्पणी ५, पृष्ठ ६३२-६३३

[5] ऐजन, प्रस्तावना ।

[6] प्रहरी अतिरिक्त महानिरीक्षक सनतकुमार बस्नेत, प्रमुख, मानव संसाधन विभाग, सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौँ, नेपालसँगको अन्तर्वार्ता ।

यसका अतिरिक्त सीमा क्षेत्र तथा महत्वपूर्ण क्षेत्र नजिकै स्थायी तथा अस्थायी आधार शिविरहरू पनि छन् ।

### काम

सशस्त्र प्रहरी बलको स्थापना प्रारम्भिक रूपमा अल्पकालीन राजनीतिक लक्ष्य हासिल गर्न, विशेषगरी माओवादी विद्रोहीविरुद्ध लड्नमा सघाउ पुऱ्याउने उद्देश्यले गरिएको भए पनि यसको भूमिका विस्तार हुँदै गएको छ । सशस्त्र प्रहरी बल ऐनको दफा ६ अनुसार नेपाल सरकारले सशस्त्र प्रहरी बललाई कानुन तथा सुव्यवस्था, शान्ति तथा सुरक्षा कायम गर्न; विद्रोह, पृथकतावादी गतिविधि, आतङ्कवाद तथा सशस्त्र विद्रोहको सामना गर्न; भीड तथा दङ्गा नियन्त्रण गर्न; प्राकृतिक प्रकोप व्यवस्थापनमा सहयोग पुऱ्याउन; एवं सीमा सुरक्षालगायतका बहुआयामिक कामहरूमा परिचालन गर्न सक्छ । आन्तरिक द्वन्द्व व्यवस्थापनका लागि नेपाल सेनाको एकीकृत नेतृत्वमा सन् २००२ देखि सन् २००६ सम्म सशस्त्र प्रहरी बल र नेपाल प्रहरीलाई परिचालन गरिएको थियो । सन् २००६ को अप्रिलमा भएको जनआन्दोलन भाग- २ का केही घटनाहरूमा बाहेक मानवअधिकारको गम्भीर उल्लङ्घनका लागि अहिलेसम्म सशस्त्र प्रहरी बलका अधिकारीहरू जिम्मेवार रहेका पाइएका छैनन् ।[७]

## सर्वसाधारणलाई विश्वस्त बनाउन आवश्यक

सशस्त्र प्रहरी बलको स्थापना आन्तरिक द्वन्द्व नियन्त्रणको एक साधनका रूपमा मात्रै स्थापना गरिएको धारणा सर्वसाधारणको हुनसक्छ तर यसले विभिन्न सरकारी नीतिहरू कार्यान्वयन गर्ने स्थापित अर्धसैनिक बलको रूप लिइसकेको छ । आन्तरिक द्वन्द्वको रूपान्तरण र सशस्त्र प्रहरी बलको भूमिकामा विस्तार सँगसँगै सरकारले सशस्त्र प्रहरी बल एउटा निष्पक्ष, तटस्थ र व्यावसायिक संस्थाका रूपमा विकास हुने सुनिश्चित गर्न आवश्यक छ ।

सशस्त्र प्रहरी बलका क्रियाकलापहरू नियन्त्रण गर्नका लागि सघाउनसक्ने कतिपय सुरक्षा संयन्त्रहरू नेपालमा विद्यमान छन् । उदाहरणका लागि, सुरक्षा प्रदायकका रूपमा सशस्त्र प्रहरी बलको तटस्थताका सन्दर्भमा सर्वसाधारण विश्वस्त हुनसक्ने गरी यससम्बन्धी योजना बनाउने, यसलाई सङ्गठित पार्ने र नियन्त्रण गर्ने क्षमता राष्ट्रिय सुरक्षा परिषद्सँग छ । यसका अतिरिक्त, सशस्त्र प्रहरी बलले सन् १९५४ मा ल्याइएको जापान प्रहरी ऐन[८] जस्तै राजनीतिक

[७] मानव अधिकार उल्लङ्घनसम्बन्धमा आरोपित सशस्त्र प्रहरी बलका केही वरिष्ठ अधिकारीहरूलाई नेपाल सरकारले निलम्बन गरेको छ ।

[८] प्रहरीसम्बन्धी श्वेतपत्र (उधृतांश), राष्ट्रिय प्रहरी एजेन्सी, जापान सरकार, जापान टाइम्स, पृष्ठ १०५ ।

तटस्थतासम्बन्धी कानुनी रूपमा लागू हुने नीतिको पालना गर्नुपर्छ । यसैगरी, संयुक्त अधिराज्यमा स्थापना गरिएको स्वतन्त्र निरीक्षणालय आयोग[9] जस्तो प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास सशस्त्र प्रहरी बलले गर्नुपर्छ । यस्तो स्वतन्त्र समितिले सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीका क्रियाकलापको मूल्याङ्कन प्रत्येक वर्ष गर्न सक्छ र आवश्यकता अनुसार सुधारका लागि सिफारिस गर्न सक्छ ।

सशस्त्र प्रहरी बलको भर्ती, प्रशिक्षण, सरुवा, पदोन्नति तथा वृत्ति विकासजस्ता कुराहरू पारदर्शी, निष्पक्ष र समावेशी पनि हुनुपर्छ । त्यसैगरी, प्रशिक्षणहरूलाई युद्धकलामा मात्र सीमित नराखी मानव मनोविज्ञान, मानवअधिकार तथा जनसम्पर्कजस्ता पक्षहरूलाई पनि यसमा समेटिनुपर्छ । जनचेतना जगाउनका लागि आफ्ना योगदानहरूका विषयमा समाजलाई जानकारी दिन सशस्त्र प्रहरी बलले विभिन्न किसिमका तरिकाहरू प्रयोग गर्नुपर्छ । यी क्रियाकलापले जनताको विश्वास अभिवृद्धि गर्नेछ भने उनीहरूको मन जित्न पनि सहयोग गर्नेछ ।

## नेपाल सेना तथा प्रहरीसँग सशस्त्र प्रहरी बलको अन्तर्क्रिया

मूल रूपमा सशस्त्र प्रहरी बल भनेको अर्धसैनिक चरित्र भएको राष्ट्रिय प्रहरी सङ्गठन हो । भारतमा पाइने केन्द्रीय रिजर्भ पुलिससँग यसको प्रकृति मिल्दछ ।[10] त्यसैले सैनिक क्षमतायुक्त भए पनि सशस्त्र प्रहरी बल भनेको आन्तरिक सुरक्षासम्बन्धी मामिलाहरूप्रति समर्पित बल हो ।

अन्तरिम संविधानले व्यवस्था गरे अनुसार राष्ट्रिय सुरक्षा परिषद्[11]ले सम्पूर्ण सुरक्षा निकायहरूको समग्र समन्वय गर्दछ । यसका अतिरिक्त, सशस्त्र प्रहरी ऐनको दफा ७ ले केन्द्रीय सुरक्षा समितिलाई केन्द्रीय तहका सङ्गठनहरूका कामहरूको समन्वय गर्ने अधिकार पनि दिएको छ । स्थानीय प्रशासन ऐन (सन् १९७१)[12]१२ को दफा ४(ग) र ६(७) ले क्षेत्रीय तथा जिल्ला सुरक्षा समितिहरूका माध्यमबाट संवाद तथा सहयोगका लागि थप अवसरहरू पनि उपलब्ध गराएको छ ।

---

[9] प्रहरी प्रतिष्ठान तथा प्रहरी अध्ययन संस्थान, प्रहरीका भूमिका तथा जिम्मेवारीहरू, (लन्डन - लाटिमार ट्रेण्ड, १९९६)

[10] निर्मल ए., केन्द्रीय प्रहरी सङ्गठनहरूका भूमिका तथा कार्य, (उप्पल प्रकाशनगृह, १९९२), पृष्ठ ५१-२०२ ।

[11] श्रेष्ठ सीबी र अरु, नेपालको अन्तरिक संविधान र संविधानसभा, (सम्पूर्ण प्रकाशन, २००७), पृष्ठ३०६-२२ ।

[12] पाद टिप्पणी ५, स्थानीय प्रशासन ऐन, विसं २०२८, पृष्ठ ७१३-७१८ ।

## सशस्त्र प्रहरी बलको भविष्य

नेपालको सुरक्षा वातावरणमा परिवर्तन आए पनि सशस्त्र प्रहरी बल स्थायी सुरक्षा संस्थाका रूपमा रहेको छ किनभने नेपालमा स्थायित्वका लागि यो एउटा अभिन्न स्रोत बनिसकेको छ । यसैगरी, सशस्त्र प्रहरी बल सरकारका लागि एउटा महत्वपूर्ण साधनका रूपमा रहिरहनेछ ।

माओवादीहरूको सफलतापछि नेपालका विभिन्न स्थानमा कैयौँ सशस्त्र समूहहरू देखापरेका छन् र यसले गर्दा दिनहुँजसो आन्दोलन, दङ्गा, हिंसा, बन्द (हड्ताल), अपहरण, लुट तथा हत्या हुन थालेका छन् । सङ्गठित आपराधिक समूहहरू पनि बढ्दो रूपमा सक्रिय हुन थालेका छन् । शान्ति सम्झौतामा गरिएको व्यवस्थाका कारण, स्थायित्वका लागि नयाँ खतराहरूका रूपमा देखिएका यिनीहरूलाई सम्बोधन गर्न नेपाल सेना परिचालित गरिएको छैन र यो जिम्मेवारीको बोझ नेपाल प्रहरीका साथै सशस्त्र प्रहरी बलमाथि परेको छ ।

सामुदायिक प्रहरीका रूपमा काम गर्न तथा अपराध नियन्त्रण एवं पहिचान गर्नका लागि नेपाल प्रहरीको सीमित क्षमताका कारण वर्तमान तथा भावी समस्याहरूलाई सम्बोधन गर्नका लागि तेस्रो सशस्त्र बलका रूपमा सशस्त्र प्रहरी बललाई कायम राख्नु आवश्यक भएको छ । अतिरिक्त प्रहरी महानिरीक्षक अमर नेम्बाङ्ग (सुब्बा)[ञघ] का अनुसार सरकारले सशस्त्र प्रहरी बललाई शान्ति तथा सुरक्षासम्बन्धी सूचना सङ्कलन गर्ने, राजमार्गमा गस्ती गर्ने, स्थानीय प्रशासन र प्रहरीलाई आवश्यक भए अनुसार सुरक्षा उपलब्ध गराउने, उत्तेजक भीडलाई नियन्त्रण गर्न प्रहरीलाई सघाउने, सीमा सुरक्षा तथा नियन्त्रण गर्ने, उत्तेजना फैलिएका क्षेत्रमा प्रारम्भिक अनुसन्धान गर्ने (शङ्कास्पदहरूलाई पक्राउ गर्ने, आपराधिक घटना भएका स्थानको सुरक्षा गर्ने, चोरिएका वा लुटिएका सामानहरू जफत गर्ने, पीडितहरूको उपचारलाई सहज बनाउने, प्रमाण सङ्कलन गर्ने), कारागारका लागि अतिरिक्त सुरक्षा उपलब्ध गराउने तथा निर्वाचन सुरक्षाका लागि आवश्यक सहयोग उपलब्ध गराउने जिम्मेवारी दिएको छ । प्रारम्भिक समयमा सशस्त्र प्रहरी बल माओवादी विद्रोहलाई दबाउन सिर्जना गरिएको अस्थायी निकायका रूपमा मात्र देखिए पनि यसका जिम्मेवारीहरूमा वृद्धि भएको छ र वृद्धि हुँदै जानेछ ।

---

[13] अतिरिक्त प्रहरी महानिरीक्षक अमर नेम्बाङ्ग (सुब्बा), प्रमुख, अपरेशन विभाग, सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौँ, नेपालसँगको अन्तर्वार्ता ।

# संक्रमणकालीन न्यायः नेपालमा कार्यान्वयनको प्रश्न

- हरि फुयाल

## परिचय

यो लेख नेपालमा दण्डहीनताको अवस्था प्रकाश पार्न तयार परिएको हो । यसले संक्रमणकालीन न्याय र यसको विश्वव्यापी अभ्यासका सन्दर्भमा प्रकाश पार्नेछ । खासगरी नेपालको दण्डहीनताको अवस्थामा यो केन्द्रित रहनेछ । यसले अदालती कारबाही र सुरक्षाफौजको संगठनभित्र जवाफदेहिताको अवस्था केछ भनेर पनि प्रकाश पार्नेछ । अन्ततः नेपालमा संक्रमणकालीन न्यायको व्यवस्था गर्न के कदम चाल्नुपर्ला भनेर पनि यस लेखले सुझाव दिनेछ ।

## दण्डहीनता, यसको अर्थ र नेपालको सन्दर्भ

सामान्यतः दण्डहीनता भन्ने शब्दले सजायको घेरामा नआउने अपराधको अवस्था जनाउँछ । मानवअधिकारको सन्दर्भमा दण्डहीनताको अवस्था भन्नाले गम्भीर प्रकृतिको मानवअधिकार हननको दोषी अथवा अन्तर्राष्ट्रिय मानवीय कानुनको कुल उल्लंघन भएकोमा दोषीलाई कानुनी दायरामा ल्याउन नसकिने अवस्था भन्ने बुझ्नुपर्दछ । नेपालमा दण्डहीनता संस्कृतिको एक अङ्ग बनिसकेको छ । यसप्रकारको संस्कृति निर्माणमा सघाउ पुऱ्याउने एक पक्ष दण्डहीनताको पहिचान गर्ने र बुझ्ने क्षमता पनि हो । सशस्त्र द्वन्द्वपछिको अवस्थामा दण्डहीनताको चर्चा बढेको र यसले विशेष अर्थ पाएको देखिन्छ ।

## अर्थ तथा अन्तर्राष्ट्रिय स्तर

संक्रमणकालीन न्यायले न्यायिक तथा गैरन्यायिक दुवै पक्षमा विगतमा भएका मानवअधिकार हननका घटनाको समीक्षा गर्दछ । जब कुनै मुलुक सशस्त्र द्वन्द्वबाट गुज्रिन्छ अथवा अधिनायकवादी शासनबाट लोकतान्त्रिक संक्रमणमा मुलुक प्रवेश गर्दछ र कानुनी मर्यादामा सरकार चल्न थाल्दछ, त्यसबेला संक्रमणकालीन न्यायको कुरा उठ्छ ।[1] संक्रमणकालीन न्यायका सन्दर्भमा कुनै

[1] संक्रमणकालीन न्यायमा थप जानकारी लिन चाहँदा अन्तरराष्ट्रिय केन्द्रको बेवसाइट www.ictj.org\en\tj हेर्न सक्नुहुनेछ ।

अन्तर्राष्ट्रिय महासन्धि भएको छैन तर यससम्बन्धमा विविध अन्तर्राष्ट्रिय सम्झौतालाई आधार मानेर आदेशहरूको पहिचान गर्ने गरिएको छ ।[२] सन् २००४ मा संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव कोफी अन्नानले संक्रमणकालीन परिस्थितिका सम्बन्धमा नीतिगत निर्देशन तयार पारेका छन् ।[३] मानवअधिकार आयोगले यस क्षेत्रमा काम गर्न दुई आचरणहरू तयार पारी सार्वजनिक गरेको छ ।[४] यस अतिरिक्त विभिन्न मुलुकका समान प्रकृतिका उदाहरण हेरेर नेपालमा संक्रमणकालीन न्यायका लागि मोडेल तयार पार्नु आवश्यक छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अस्थायी अदालतहरूबाट निर्मित अन्तर्राष्ट्रिय फौजदारी फौजदारी न्याय प्रणाली अन्तर्गत चलेका मुद्दालाई समेत हेर्दै यससम्बन्धमा अवधारणा तयार पारिएको छ । गैरन्यायिक क्षेत्रका विषय पनि यसमा समेटिन्छन्, सम्भाव्य संक्रमणकालीन मापकहरूलाई समेत समावेश गर्दै अनुसन्धान आयोग गठन हुने पुनर्निर्माण तथा पुनर्मेलमिलापका लागि सत्य तथा पुनर्मेलमिलाप आयोग गठन गर्ने र प्रहरी निकायलगायतका कानुन लागू गराउने संस्था तथा न्यायप्रणालीको सुधार गर्ने कार्य पनि संक्रमणकालीन न्यायमा पर्दछ ।

## नेपाल र संक्रमणकालीन न्याय

२०६३ सालको मंसिर ५ गते सम्पन्न बृहत् शान्ति सम्झौताले एक दशक लामो माओवादीको विद्रोह जसले करिब १५,००० व्यक्तिको ज्यान लियोलाई अन्त्य गरायो ।[५]

विगतमा भएका दुर्व्यवहारका सम्बन्धमा नागरिक सामाजका तर्फबाट आवाज उठेका कारण संक्रमणकालीन न्यायको व्यवस्था गर्न राज्यले संस्था गठन गर्ने कुरामा लिखित प्रतिबद्धता जनायो । उदाहरणका लागि बेपत्ता पारिएका व्यक्तिको

---

[२] उदाहरणका लागि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्रको धारा २

[३] हेर्नुहोस्, संयुक्त राष्ट्रसंघका महासचिवले ३ अगष्ट २००४ मा द्वन्द्व तथा द्वन्द्वपछिको समाजमा कानुनको शासन तथा संक्रमणकालीन न्यायका विषयमा तयार पारेको रिपोर्ट ।

[४] *ओएचसिएचआरमा ८ फेब्रुबरी २००५ मा प्रस्तुत E/CN.4/2005/102/Add.1 मा सूचीकृत मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि दण्डहीनताविरुद्ध जुध्न निर्धारित गरेको सिद्धान्त, यसलाई अद्यावधिक गर्ने र स्वतन्त्र विज्ञको अतिरिक्त रिपोर्ट, संयुक्त राष्ट्रसंघको साधारणसभामा १६ डिसेम्बर २००५ मा प्रस्तुत A\Res\60\147( मा सूचीकृत अन्तरराष्ट्रिय मानवअधिकार कानुन तथा मानवीय कानुनको गम्भीर उल्लंघनको उपचार तथा सुधारका लागि आधारभूत सिद्धान्त तथा निर्देशन ।*

[५] विस्तृत शान्ति सम्झौता, २१ नोभेम्बर २००६, www.sambidhan.org\peace%20 agreement_en\Comprehensive%20 peace% 20 agreement%20 held%20 between %20 Government% of 20 Nepal.pdf

खोजीका लागि आयोग[6] गठन गरियो तर संक्रमणकालीन न्यायका सम्बन्धमा अझै पनि कस्तो नीति लागू हुनेछ भनेर निर्णय गरिएको छैन ।

बृहत् शान्ति सम्झौताले विगतका दुर्व्यवहारको अनुसन्धानका लागि केही प्रावधान भने निर्धारित गरेको छ । उदाहरणका लागि बेपत्ता पारिएका व्यक्तिहरूका बारेमा ६० दिनभित्र यथार्थ विवरण सार्वजनिक गर्ने, शान्ति कायम गर्न र राहत प्रदान गर्न तथा पुनःस्थापनाको व्यवस्था मिलाउन राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोगको गठन गर्ने र अतिरिक्त रूपमा विस्थापित व्यक्तिहरूलाई घर फर्काउनका लागि अनुकूल वातावरण तयार पार्ने[7] सहमति सो सम्झौतामा भएको छ । अन्तरिम संविधानले यससम्बन्धमा अतिरिक्त व्यवस्था पनि गरेको छ । सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिलाई परिवारमा पुनः स्थापना गर्ने, मृतक, अशक्तलाई उचित सम्मान प्रदान गर्ने, विस्थापित व्यक्तिको पुनःस्थापनाका लागि विशेष कार्यक्रम सुरु गर्ने, क्षतिग्रस्त सार्वजनिक तथा निजी सम्पत्तिको पुनर्निर्माण गर्ने[8] कुरा अन्तरिम संविधानमा उल्लेख गरिएको छ । दुवै दस्तावेजमा संक्रमणकालीन व्यवस्थाका सम्बन्धमा विस्तारित प्रावधान भने राख्न सकिएको छैन । सुरक्षाफौजको संगठनभित्रबाट भएका मानवअधिकार र मानवीय कानुनको उल्लंघनका सम्बन्धमा माओवादी जनमुक्ति सेना र कार्यकर्ताहरूबाट भएका दुर्व्यवहारका सम्बन्धमा नत विस्तृत शान्ति सम्झौता[9] नत अन्तरिम संविधानले नै प्रस्ट उल्लेख गर्न सकेका छन् । कानुनको शासनमा सुधार ल्याउने कुरामा पनि बेवास्ता हुँदै आएको छ । कानुनी संरचनामा सुधार ल्याउन र कानुनी शासनयुक्त संस्था खडा खर्न सवल राजनीतिक इच्छाशक्तिको खाँचो पर्दछ । नेपाल प्रहरीलगायतका संस्था कानुनी शासन सवल गराउन सत्तामा रहे आठ राजनीतिक पार्टीले विधायिका संसद् अथवा निर्वाचनको क्रममा रहेको संविधानसभामार्फत आवश्यक पहल गर्नु आवश्यक छ ।

[6] हेर्नुहोस् सात राजनीतिक पार्टी तथा नेकपा (माओवादी) बीचको समझदारीको बुँदा १ (ख), ८ नोभेम्वर २००६

[7] विस्तृत शान्तिसम्झौताको क्रमशः बुँदा ५.२.४ र ५.२.८

[8] अन्तरिम संविधान २०६३ को धारा क्रमशः ३३ (पी), ३३ (क्यू) तथा ३३ (आर)

[9] विस्तृत शान्ति सम्झौता बुँदा ५.२.५ तथा नेपालको अन्तरिम संविधान २०६३ धारा ३३ ( एस)

## नेपालमा अदालती छानबिन

बृहत् शान्ति सम्झौता तथा अन्तरिम संविधानले मानवताविरुद्धको अपराधमा अदालती छानबिनको प्रावधानको व्यवस्था गरेको छैन ।[10] यस अतिरिक्त सत्य निरूपण तथा मेलमिलाप आयोग अथवा अनुसन्धानका लागि स्वतन्त्र आयोग गठन गर्ने काम पनि भएको छैन । अन्तर्राष्ट्रिय अपराध नेपालमा भएको छ चाहिं भन्ने तर यसको छानबिन भने नगर्ने कुरा हुन सक्तैन ।[11] यी सबै कुराको साकार रूप त्यसबेला मात्र देख्न सकिनेछ जुनबेला राजनीतिक इच्छाशक्तिका साथ सरकार अगाडि आउँछ । मार्गनिर्देशनका अभावका कारण आजसम्म अनुसन्धान प्रक्रियाको थालनीसम्म हुन सकिरहेको छैन ।

## सुरक्षाफौजभित्र जवाफदेहिता तथा संक्रमणकालीन न्याय

नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना आ-आफ्ना ऐन अनुसार बेग्लै अस्तित्वयुक्त संस्थाहरू हुन् तर स्थानीय प्रशासन ऐन, २०२२ अनुसार प्रमुख जिल्ला अधिकारीलाई शान्ति व्यवस्था कायम गर्न आवश्यक परेको बेला यी तीनवटै निकायलाई एकसाथ परिचालन गर्ने अधिकार प्राप्त छ । यी कुनै ऐनमा पनि यातना दुर्व्यवहार, शक्तिको अधिक प्रयोग, थुनाको अवस्थामा मृत्यु, गैरकानुनी थुना, मानवअधिकार उल्लंघनसम्बन्धी अन्य पक्षमा व्यवस्था गरिएको छैन । यसप्रकारका गलत काम गर्ने सुरक्षाकर्मीलाई बढुवा, सरुवालगायतका विभागीय कारबाहीसम्मको कारबाही गर्ने व्यवस्थासम्म गरिएको छैन । सुरक्षाकर्मीबाट भएका मानवअधिकारको उल्लंघनका लागि दण्डहीनता सुरक्षित गरिएको छ ।[12]

---

[10] अन्तरिम संविधान मस्यौदा समितिले तयार पारेको अन्तरिम संविधानको मस्यौदाको धारा २४ मा मानवीयता तथा युद्ध अपराधका सम्बन्धमा उल्लेख गर्दै अधियुक्तलाई अनुसन्धानको दायरामा ल्याउने कानुनी प्रावधान राखेको थियो । तर त्यो प्रावधान राजनीतिक पार्टीहरुले हटाएर अन्तरिम संविधान तयार पारे ।

[11] हेर्नुहोस् अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १५(२)

[12] अन्तर्राष्ट्रिय समुदायको भूमिका संक्रमणकालीन न्याय र न्यायिक कारवाहीका सम्बन्धमा गम्भीर रहेको छ । त्यस समुदायले संक्रमणकालीन न्यायको परिमापनको माग मात्र गर्दैन, त्यसको स्थापनाका लागि आर्थिक तथा प्राविधिक योगदान पनि पुऱ्याउँछ ।

त्यसैले सुरक्षाफौजभित्र कानुनको पालना र संस्थागत संरचनामा सुधार ल्याउन आवश्यक छ ।[13] समाजमा संस्थाको सम्मान कायम राख्न त्यसभित्र जवाफदेहिताको स्थिति बलियो हुनु आवश्यक छ ।[14]

## निष्कर्ष

मानवअधिकारका उच्चायुक्तले नेपाल भ्रमणका बेला सशस्त्र द्वन्द्वकालमा सिर्जना भएको आक्रोशलाई सम्बोधन गर्नुपर्ने पक्षमा जोड दिएकी थिइन् ।[15] तर यस पक्षमा कुनै पनि सरकारी निकायले ध्यान दिएको देखिँदैन ।[16] वास्तवमा यस सबालमा देशव्यापी बहस हुनु आवश्यक छ भने स्वभावतः विधायिका संसद्ले पनि यस विषयमा चासो दिनैपर्छ । संक्रमणकालीन न्यायका सवालमा अन्तरिम संविधानले जति महत्व दिएको छ, त्यस अनुसार काम हुन सकेको छैन । सरकारले दण्डहीनताको कवच पहिरिएर बसेका पक्षहरूलाई न्यायको कठघरामा खडा गर्न सरकारको प्रयास आवश्यक छ । यसैगरी फौजदारी न्याय प्रणाली तथा संस्थाहरूमा पनि सुधारको आवश्यकता छ । संस्थागत सुधारका क्रममा नेपाल प्रहरीलाई कदापि बिर्सन हुन्न ।

[13] हेर्नुहोस् नेपाल प्रहरी ऐन, सशस्त्र प्रहरी ऐन र नेपाल सेना ऐन ।

[14] सुरक्षा फौजका संगठनहरुभित्र जवाफदेहीताका सवालमा विशेष अध्ययन हुन सकेको छैन । तर यस सम्बन्धमा ओएचसिएचआरको प्रतिवेदनले जनआन्दोलन-२ मा अधिक शक्तिको प्रयोग भएको ठहर गरेको छ । हेर्नुहोस्, ओएचसिएचआर नेपालको अनुगमन तथा अनुसन्धानः लोकतान्त्रिक अधिकारका लागि अप्रिल आन्दोलन र अधिक शक्तिको प्रयोग शीर्षकमा १ सेप्टेम्बर २००६ मा जारी गरिएको प्रतिवेदन । प्रतिवेदन http://nepal.ohchr.org\en\index.htm\ मा उपलब्ध छ ।

[15] हेर्नुहोस् जनबरी २००७ मा जारी प्रेस बक्तव्य http://nepal.ohchr.org\en\indx.htm\

[16] शान्ति सचिवालयको कार्य मुख्यतः सत्य निरुपण तथा मेलमिलाप आयोगमा केन्द्रित रहेको छ ।

# साझेदारीमा प्रहरी : सामुदायिक सुरक्षाको  माग

- राजेन्द्रबहादुर सिंह

नेपालभित्र शान्ति र सुरक्षा कायम गर्ने उद्देश्यले स्थापित एक मात्र निकाय नेपाल प्रहरी हो । नेपालमा प्रहरीको इतिहास एकीकरणकालबाटै सुरु हुन्छ । त्यसबेला सेनालाई नै प्रहरीको जिम्मेवारी पनि दिएको देखिन्छ । औपचारिक रूपमा कोतवाल, उमराओ, फौजदार र नायकीका रूपमा सैनिक प्रहरीले आन्तरिक सुरक्षा सेवा पुऱ्याउने गर्थ्यो । २००७ सालको विद्रोहपछि प्रजातन्त्रकालमा पनि प्रहरीमाथि सेनाको दबाब कायम थियो । प्रहरी ऐन, २०१२ जारी भएपछि मात्र नागरिकको सुरक्षाका लागि आधुनिक प्रहरी सेवा सुरु भएको हो ।

नेपालमा प्रहरी सेवाको लामो इतिहास रहे पनि यो विशेषगरी सम्भ्रान्तवर्गको स्वार्थमा समर्पित रहेको देखियो । २००७, २०४७ र २०६२-६३ सालको जनआन्दोलनमा होस् वा २०४९ सालको निजामती कर्मचारीको विद्रोहमा होस् वा जनयुद्धमा होस् नेपाल प्रहरीलाई दमनका लागि नै प्रयोग गरियो । २०६३ सालको मंसिर ५ गते नेपाली राजनीतिक पार्टीहरू (जसलाई सात पार्टी गठबन्धन भनेर चिनिन्छ) र माओवादीबीच युद्धविराम सम्झौता भएपछि सरकारविरुद्धको विद्रोह रोकियो । विस्थापित थुप्रै प्रहरी चौकीहरू पुनः स्थापना गराउन माओवादी पक्ष सहमत भयो, परिणामस्वरूप उसको शक्ति पुनः सवल हुन सक्यो । करिब ५० हजारको परिमाणमा रहेका प्रहरीको आत्मबल पुनः वृद्धि भयो । प्रहरीका अधिकृतहरू मुलुकका पाँच विकास क्षेत्रका १४ अञ्चल र ७५ जिल्लामा सक्रिय हुन थाले । यस अतिरिक्त महानगरीय प्रहरी जो हालैमात्र काठमाडौं उपत्यकामा स्थापना गरिएको छ, सुरक्षा क्षेत्र सम्हाल्नका लागि सक्रिय छ ।

यस प्रयासका बाबजुद विधिको शासन खण्डिकृत भएको छ । सशस्त्र द्वन्द्वपछिको सुरुआतको यस समयावधिमा अपराधको दर प्रस्ट रूपमा बढेको छ । साना हतियारको ओसार-प्रसार सामान्य विषय बन्न पुगेको छ । जबर्जस्ती कार्य गराउने, अपहरण, धम्की, लुटपट, चोरी-डकैतीका घटनाहरू यत्रतत्र देखिन्छन् । यस्ता घटना नियन्त्रण गर्नका लागि जिम्मेवारी पाएका वा कानुन कार्यान्वयन गर्न खटिएका निकायहरू असफल देखिएका छन् । प्रहरीले जनताको विश्वास गुमाएको छ । जसले गर्दा आपराधिक घटनाको रिपोर्ट प्रहरीसम्म आइपुग्दैन । यस्ता घटनाको उजुरी गर्दा थप बदलाको शिकार हुनुपर्छ कि भन्ने डर

सर्वसाधारणमा रहेको छ । वर्तमान सरकारले विधिको शासन बहाल गर्न कति सफल भएको छ भन्ने तथ्य यिनै घटनाहरूबाट छर्लङ्ग हुन्छ । लोकतान्त्रिक अभ्यास तथा मानवजीवनको रक्षाका लागि सरकारले योगदान दिन सकेको पाइँदैन । सुरक्षा कायम गर्न जिम्मेवारी पाएको निकायले बढी नाजुक स्थितिमा रहेका नागरिकलाई प्राथमिकता दिएर सेवा पुऱ्याउनुपर्ने हो । वर्तमानमा नेपाल प्रहरीले आत्मबल गुमाएको र प्राप्त कार्यादेश पूरा गर्न नसकेको अवस्था छ । ऐतिहासिक कालदेखि नै दुरुपयोगको शिकार बनेको प्रहरी सशस्त्र द्वन्द्वकालमा कमजोर सावित भयो । प्रभावकारी नेतृत्वको अभाव पक्षपातपूर्ण व्यवहार, राजनीतिक हस्तक्षेप, भ्रष्टाचार तथा आवश्यक पूर्वाधारको कमीका कारण प्रहरी निकाय प्रभावित हुँदै आयो । परिणामस्वरूप आम आशंकाको घेरामा यो निकाय पर्न आयो । यसप्रति गरिएको विभेद, अविश्वास र असुरक्षाका कारण नेपालमा कानुन कार्यान्वयन गर्न-गराउन प्रहरी अक्षम रहेको आमजनताको विश्वास रहन गयो । यसले न्याय गर्दैन, यो विश्वसनीय छैन र सुरक्षा दिन सक्तैन भन्ने भावना जनतामा सिर्जना भयो ।

यस सन्दर्भमा कानुन कार्यान्वयन गर्ने पद्धति विगतदेखि नै खण्डित भएको अवस्था रहँदै आयो । यसमा सुधार हुनुपर्ने र प्रहरीलाई नयाँ दर्शनका साथ परिचालन गर्नुपर्ने अवधारणा प्रकट हुँदै आयो । यस सन्दर्भमा आएको 'साजेदारीमा प्रहरी'को अवधारणा निकै उपयोगी छ । यस अवधारणा अनुसार समुदाय सुरक्षाको विकासबाट नै प्रहरीको जिम्मेवारी पूरा हुन्छ ।

'साझेदारीमा प्रहरी' अवधारणाको आधारभूत उद्देश्य देहायबमोजिम रहेको छः

- अपराध र अव्यवस्था नियन्त्रण गर्न प्रभावकारी साझेदारी अवधारणाको विकास गर्नु ।
- अपराधको अभिलेखीकरण गर्नु र प्रहरीलाई उजुरी दिएपछि कारबाही हुन्छ भन्ने जनविश्वास बढाउनु ।
- स्थानीय समस्या समुदायमै समाधान गर्ने क्षमताको विकास गर्नु ।
- नेपालमा बसोवास गर्ने, काम गर्ने र व्यवसाय सञ्चालन गर्ने सम्पूर्ण सरोकारहरूका लागि सुरक्षित वातावरण तयार पार्नु ।

## नेपालको अनुभव

नेपालका लागि सामुदायिक प्रहरीको अवधारणा नयाँ होइन । २०३९ सालमा पहिलोपटक यो अवधारणाले प्रवेश पाएको हो तर २०५१ सालसम्म पनि यसले व्यावहारिक स्वरूप हासिल गर्न सकेन । जबकि काठमाडौं उपत्यकामा यो अवधारणा बृहत् परियोजनाका रूपमा घोषणा गरिएको थियो ।

सामान्यतः नेपालमा प्रहरी सेवा सामुदायिक सहयोगमै निर्भर गर्दछ । प्रहरी चौकी रहेका अधिकांश जमिन स्थानीय जनताको चन्दाबाटै प्राप्त भएको हो । स्थानीय साझेदारीमै प्रहरी चौकी भवन निर्माण भएका छन् । जनताकै अनुरोध अनुसार गाउँ तथा नगरमा अधिकांश प्रहरी चौकीहरू खडा भएका हुन् ।

यस उदाहरणका अतिरिक्त प्रहरीको साझेदारी अवधारणा भने असफल भयो । माओवादी विद्रोहले प्रहरी चौकी तथा सामुदायिक केन्द्रलाई निसाना बनायो । यसप्रकारको आक्रमणबाट काठमाडौं उपत्यकाका केही प्रहरी कार्यालयहरू मात्र सुरक्षित रहन पुगे ।

शान्ति पुनःस्थापनाका साथ सामुदायिक प्रहरीको आधारभूत सिद्धान्त पुनःस्थापना हुनु उपयुक्त छ । यी पङ्क्ति लेख्दासम्म मुलुकका विभिन्न भागमा २४ भन्दा बढी सामुदायिक प्रहरी परियोजना सञ्चालित छन् । यसमध्ये १२ वटा अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त अधिराज्यको विभाग (डीएफआइडी) ले सगाएको छ । पुनःस्थापना तथा आन्तरिक स्थायित्वको प्रक्रियाकै क्रममा विगतमा समुदायबीच प्रहरीको साझेदारी किन असफल भयो भन्ने विषयमा पनि समीक्षा हुनु आवश्यक छ । त्यसो भएमा भविष्यमा चलाइने कार्यक्रमका लागि मार्गनिर्देश प्राप्त हुन सक्छ ।

## संरचनाः

प्रहरी एकाइहरूको अधिकार र कर्तव्य प्रहरी ऐन १९५५ मा प्रस्ट पारिएको छ । त्यसैगरी प्रहरीको भूमिका र अपराध अनुसन्धानमा समुदायको भूमिकाका बारेमा पनि अपराध अनुसन्धान ऐनमा उल्लेख गरिएको छ । त्यसैले सांगठनिक वचनबद्धता तथा इच्छाले मात्र सामुदायिक प्रहरी पद्धति प्रभावकारी रूपमा कार्यान्वयन हुन सक्छ ।

प्रहरी सेवा विकेन्द्रित हुनुपर्दछ । साथै यसको व्यवस्थापन साझेदारी तथा सहभागीमूलक शैलीमा अघि बढ्नु पर्दछ । यस अनुसार समुदाय तथा स्थानीयस्तरको प्रहरीले सान्दर्भिक नीति निर्माण गर्न र कार्यान्वयन गर्न सक्तछ । प्रहरी प्रधान कार्यालयले यसका लागि सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्दछ । यसले सांगठनिक निर्देशिका जारी गरेर र अनुगमन विधि तयार पारेर, मूल्य र नीति तर्जुमा गरेर सहायता पुऱ्याउनु पर्दछ । अधिकांशतः प्रहरी प्रधान कार्यालयमा सामुदायिक प्रहरी विभाग स्थापना हुनुपर्दछ, यसले गर्दा सम्पूर्ण जिल्लामा सामुदायिक साझेदारी क्रियाकलापको निरीक्षण तथा सहजीकरण गर्न सहायता पुग्दछ ।

वर्तमान भर्ना पद्धतिमा पनि पुनरावलोकन आवश्यक छ । मध्यम तथा निम्नस्तरको प्रहरी कर्मचारीका लागि विस्तारित तालिम आवश्यक छ । सामाजिक विविधता, संस्कृति, द्वन्द्व-व्यवस्थापन तथा मध्यस्तकर्ताको भूमिका निर्वाह गर्न वा समुदायमा केन्द्रित रहेर प्रशिक्षण कार्यक्रम चलाउन व्यावसायिक विषयमा दक्षता हासिल हुनुपर्ने आवश्यक छ । वर्तमान पुरस्कार पद्धतिमा पनि परिवर्तन ल्याउनु आवश्यक छ, जसले गर्दा समुदायको उद्देश्य प्राप्त गर्न र सार्वजनिक सुरक्षा प्रदान गर्न दक्षता देखाउन सकियोस् ।

साझेदारीमा काम गर्न सहज छैन । एक विषेश परिस्थितिमा सफल भएको उदाहरण अन्यत्र पनि सफल हुन्छ भन्ने हुँदैन । जिल्ला प्रहरी कार्यालय तथा त्यसका सहायक एकाइहरू (थाना, इलाका र वडा प्रहरी) सुरक्षा प्रदान गर्न, अपराध तथा अनियमितता नियन्त्रण गर्न प्रभावकारी सझेदारी अवधारणा अघि बढाउन उत्तिकै जिम्मेवार हुन्छन् । जिल्ला प्रहरी प्रमुखले अपराध अनुसन्धान तथा नियन्त्रण कार्यका अतिरिक्त कार्यक्षेत्रमा अन्य विविध जिम्मेवारी पनि पर्न आउँछ ।

साझेदारीमा प्रहरीको प्रभावकारी कार्यान्वयनका लागि जिल्ला प्रहरीभित्र साझेदारीका लागि भिन्न निकाय स्थापना हुनु आवश्यक छ । जिल्ला विकास सभापतिको अध्यक्षतामा हरेक जिल्लामा जिल्ला प्रहरीको साझेदारी स्थापना गर्दा प्रहरीका मुद्दाबारे समुदायभित्र सरसल्लाहका लागि र नियम तर्जुमाका लागि जिल्लाको प्रहरी प्रमुखले महत्वपूर्ण भूमिका खेल्दछ ।

जिल्ला प्रहरी साझेदारी जिल्लाको प्रहरीका सम्बन्धमा सार्वजनिक दृष्टिकोण प्राप्त गर्नका लागि जिम्मेवार हुन्छ । यसले अपराध रोकथामका विषयहरू हेर्दछ, प्रहरीको कार्य अनुगमन गर्दछ र जिल्ला प्रहरी प्रमुखलाई रिपोर्ट गर्दछ ।

स्थानीयस्तरमा स्थानीय अधिकृत तथा सामुदायिक समूहहरूका माध्यमद्वारा लक्ष्य प्राप्त गर्नु यसको उद्देश्य हो । समुदायको सरसल्लाह र समस्या समाधान यस कार्यक्रमको केन्द्रीय स्वरूप हो । साझेदारी अवधारणाले खासगरी जोखिममा परेका व्यक्तिहरूलाई सघाउँछ र सुरक्षा बढाउँछ ।

जिल्ला प्रहरी कार्यालयहरू अझ बढी सशक्तिकृत हुनु आवश्यक छ । यसो भएमा नै स्थानीयस्तरका निकायहरू (थाना, इलाका, वडा प्रहरी) स्थानीय समुदायप्रति जवाफदेही बन्ने अवस्था सिर्जना हुन्छ ।

समष्टिगत रूपमा सामुदायिक प्रहरी स्थानीय समुदायको सहयोगमा कानुन लागू गर्ने निकायका रूपमा परिचित छ । त्यसैले आफै प्रहरीजस्तो बनेर र विकेन्द्रीकरण विधि अपनाएर यसको अवधारणालाई सशक्त बनाउने गरिन्छ । यस सिद्धान्त अनुसार राजनीतिक अनुशासन कायम गर्ने वातावरण तयार हुन्छ ।

सार्वजनिक आत्मनियन्त्रण तथा साक्षरताको उच्च प्रतिशतले साझेदारीमा प्रहरी अवधारणा सफल बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । यी आवश्यकताहरू पूर्तिका लागि नेपालको वर्तमान सन्दर्भमा सीमित अवसर मात्र रहेको छ तर यसको अर्थ सामुदायिक प्रहरीको संस्थागत विकासका लागि पैरवी गर्ने कुनै आधार छैन भन्ने चाहिं होइन ।

## परम्पराः

अधिनायकवादी व्यवस्थापनको पद्धति प्रहरी क्षेत्रमा पनि ठीक त्यस्तै देखिन्छ जस्तो सैनिक क्षेत्रमा रहेको छ । यसप्रकारको परम्परा परिवर्तन हुनैपर्दछ । र यसलाई साझेदारी, खुला र पारदर्शी ढंङ्गले सञ्चालन गर्नुपर्छ । सेवा प्रदान, साझेदारी सञ्चालन, समस्या समाधान सशक्तीकरण र जवाफदेहिता सामुदायिक प्रहरीको सफलताका लागि आधारभूत सूत्रहरू हुन् । सम्पूर्ण सेवक प्रहरी कर्मचारीले सामुदायिक प्रहरीको कार्य स्वीकार गर्ने हुनुपर्दछ । परिणामस्वरूप सर्वसत्तावादी अधिनायकको आचरण नदेखाई सम्पूर्ण समुदाय प्रहरी कर्मचारी नै सशक्तिकृत भयो भने उनीहरूको आफ्नो स्थानीय प्राथमिकताको विषय पहिचान गर्न सवल हुन्छ । सम्पूर्ण प्रहरीको योजनाको सीमारेखाभित्र उद्देश्य निर्धारण गरिएको हुनुपर्दछ ।

## कार्यनीतिः

सामुदायिक प्रहरी सेवा खेलाँचीको विषय होइन । सम्पूर्ण प्रहरी अधिकारीहरूले सामुदायिक प्रहरीका रूपमा कानुनी तथा नैतिक दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । आमनागरिकको संरक्षण र सुरक्षाका लागि कानुन कार्यान्वयन गर्न तत्परता देखाउनु पर्दछ । वैधानिक निकायहरू, गैरसरकारी संस्थाहरू र स्थानीय नागरिकका साथ साझेदारी कायम गर्दै सामुदायिक प्रहरीले लक्ष्यसम्म पुग्नुपर्दछ ।

समुदायमा आधारित प्रहरी सेवाको उद्देश्य अपराध तथा असामाजिक व्यवहार बढाउने गतिविधि रोक्नु, घटाउनु अथवा सामाजिक वातावरण कायम गर्नु हो । समुदायको सुरक्षा स्थिति बढाउन र खासगरी असजिलो परिस्थितिमा रहेका वा जोखिममा परेका सर्वसाधारणलाई प्रहरी साझेदारीको प्रक्रिया र मूल्यका बारेमा विश्वस्त गराउन तीनवटा रणनीति अवलम्बन गरिन्छ-

- राष्ट्रियस्तरमा सरकारले कार्य सञ्चालनका गतिविधिको स्वरूप निर्धारणका लागि सघाउन प्रहरीसँग मिलेर नीति तर्जुमा गर्नु ।
- जिल्लास्तरमा समुदाय (परामर्श तथा सहभागिताद्वारा अगाडि नै निर्दिष्ट गरिएको)को आवश्यकता पूर्तिका लागि सक्षम बनाउन

स्थानीय कार्यनीति विकास गर्न अन्य निकायहरूसँग साझेदारी कायम गर्ने पद्धति अङ्गीकार गर्नु ।

- स्थानीय तथा कार्यक्षेत्र स्तरमा स्थानीय अधिकृत तथा सामुदायिक समूहद्वारा प्रहरी सेवा सञ्चालन गरिन्छ । यसका लागि समुदायको परामर्श तथा प्रहरीसँग सम्बन्धित क्रियाकलापमा समस्या समाधानका लागि उचित संरचना तयार पार्नु ।

प्रहरी एक्लैले अपराध घटाउन सक्तैन । अन्य निकायहरूका साथ समस्या समाधानको विधि विकास गरिनुपर्दछ । उदाहरणका लागि-

- अपराध रोकथाम तथा न्यूनीकरणका लागि सार्वजनिक भूमिका र जिम्मेवारीको प्रवर्द्धन गर्नु आवश्यक छ ।
- अपराध तथा आशङ्कायुक्त गतिविधि र धम्कीपूर्ण व्यवहारको उजुरी दिने कार्यमा प्रोत्साहन गर्न प्रहरी तथा स्थानीय समुदायका सदस्यहरूबीच निकट सम्बन्ध हुनुपर्दछ ।
- सर्वसाधारणलाई सुरक्षाप्रति विश्वस्त गराउन प्रहरीको सक्रियता देखिनु आवश्यक छ । यसका लागि प्रहरी गस्तीको कार्यनीति विकसित गरिनुपर्दछ ।
- स्थानीय प्रहरी योजनाले खास किसिमको स्थानीय अपराधको प्रवृत्ति र विषयलाई सम्बोधन गर्नुपर्दछ। अपराध न्यूनीकरणका लागि आधुनिक सूचना संयन्त्रको कार्यान्वयन हुनुपर्दछ ।

### व्यवस्थापनः

सामुदायिक प्रहरीको सफलता बहुआयामिक नेतृत्वमा निर्भर गर्दछ । नेतृत्वले अनुपयुक्त व्यवहार पहिचान गर्ने र परिवर्तनका लागि पहल गर्ने कार्य गर्नुपर्दछ । अवसरको पहिचान तथा अवरोधहरूको व्यवस्थापन प्रभावकारी ढङ्गले गर्न उनीहरू सक्षम हुनुपर्छ ।

वर्तमान अवस्थामा सामुदायिक प्रहरी परियोजनाका सबै स्तरमा बहुआयामिक नेतृत्वको कमी देखिन्छ । 'नेताहरू जन्मिदैनन्, निर्माण गरिनुपर्छ' भन्ने भनाइलाई सम्झिनु पर्छ । त्यसैले तालिम, अनुभव, अवसर र समर्पण कसले देखाइरहेको छ, त्यसको पहिचान हुनु आवश्यक छ ।

## निष्कर्ष:

वास्तबमा नेपालका सबै प्रहरी कर्मचारी सामुदायिक प्रहरीकै अवधारणाबाट अघि बढ्नुपर्छ तर एउटा विशाल संगठनलाई रातारात परिवर्तन गर्न सम्भव छैन । यसका लागि धेरै चरण पार गर्नु आवश्यक हुन्छ-

- प्रहरी व्यवस्थापकहरूमा सामूहिक भावनाको परम्परा निर्माण हुनुपर्छ ।
- सामुदायिक अधिकारीहरू र तालिमका ज्ञातालाई जिम्मेवारी तोक्दा उदार नीति लिनुपर्छ ।
- सामुदायिक प्रहरी सेवाको सिद्धान्त आमप्रहरीका गतिविधिमा संलग्न गरिनुपर्दछ । सार्वजनिक आदेश र आपराधिक अनुसन्धानमा समेत यही सिद्धान्तले काम गर्नुपर्दछ ।
- नेपालमा 'साझेदारीमा प्रहरी'को राष्ट्रिय पद्धतिले कार्यान्वयन कार्यनीतिका साथ अघि बढ्न सहमत हुनुपर्दछ ।
- विकेन्द्रीकरण र स्थानीय शासनको अवधारणालाई सरकारले प्राथमिकताको कोटीमा राख्नुपर्दछ ।
- स्वतन्त्र ढङ्गले समस्या समाधान गर्न प्रोत्साहन गर्दै प्रहरीले सर्वसाधारणका .साथ साझेदारी कार्य अघि बढाउनु पर्दछ ।

# नेपाली सिकाइको सन्दर्भमा सामुदायिक प्रहरी

- डा. गोविन्दप्रसाद थापा

## पृष्ठभूमि

अपराध एक जटिल विषय हो । यसको निराकरणका लागि कानुनको निर्माण गर्नु समाधानको सुरुआत भए तापनि यो एक मात्र समाधान हुन सक्तैन । वास्तविक सफलता भनेको कानुनको उपयुक्त अनुपालन गर्नु गराउनु हो । प्रहरी नै सुरक्षाको प्रत्याभूति दिने र कानुन व्यवस्था कायम गर्ने प्राथमिक निकाय हो । यस अर्थमा प्रहरीका आधारभूत कार्यहरूमा जीउधनको सुरक्षा गर्नु, अपराधको रोकथाम र अनुसन्धान गर्नु, कानुन र सुव्यवस्था कायम गर्नु तथा जनसाधारणलाई सहयोग पुऱ्याउनु पर्दछन् ।

प्रहरी सेवा प्रदान गर्ने शैली फरक-फरक भए तापनि विश्वभरि नै प्रहरीका उद्देश्यहरू समान हुन्छन् । विश्वभर प्रहरीसम्बन्धी दर्शन तथा विधिहरू अवलम्बन गरिएका छन् । यीमध्येमा संकटकालमा प्रहरी सेवा, सर्वसत्तावादी प्रहरी सेवा, सामुदायिक प्रहरी सेवा, समस्यामुखी प्रहरी सेवा र सूचना/गुप्तचरद्वारा नेतृत्व गरिएको प्रहरी सेवा पर्दछन् ।[1] यी कुनै पनि विधिहरू पूरै प्रमाणसिद्ध विधि होइनन् त्यसैले कुनै खास प्रणालीमा पूर्ण सन्तुष्टि लिने ठाउँ छैन ।

नेपालमा रेजिमेण्टल (सर्वसत्तावादी) शैलीको प्रहरी सेवा स्थापना गरेको इतिहास छ । सन् १९५१ र १९५२ मा सुधार गरिएको अचेलको प्रहरी रक्षा दल र जनमुक्ति सेनाजस्ता मिलिसियाहरू र १०४ वर्ष लामो आततायी राणा शासनविरुद्ध लागेका सशस्त्र विद्रोहीहरू बीचको समायोजनको परिणाम हो । यस्तै, प्रहरीको स्थापना राजनीतिक शासन व्यवस्थालाई सहयोग गर्ने वा शक्तिमा रहेको सरकारको समर्थन गर्ने क्रान्तिकारी र सैनिक संस्कृति सँगसँगै भएको थियो । जनसेवाको काम त गौण चासोको विषय थियो ।

---

[1] एनेक ओसे, अण्डरस्टाण्ड्रि पोलिसिङ, (एम्नेष्टी इण्टरन्यासनल, नेदरल्याण्ड, २००६) पृ. ७९-१०८

## सामुदायिक प्रहरी सेवा

कानुनको प्रभावकारी कार्यान्वयनका लागि जनतासँग साझेदारीमा काम गर्ने प्रहरीको आवश्यकता हुन्छ । समुदायमा आधारित प्रहरी सेवाले जनतासँग प्रशस्त परामर्श लिने, रणनीति र योजना तयार गर्न सर्वसम्मति र सहमतिको विकास गर्ने र कार्यान्वयनमा साझेदारहरूका बीच बढ्दो सहयोग तथा उचित मात्रामा समन्वय गर्ने ठाउँ दिन्छ । यो रणनीति संयुक्त रूपमा अपराधसँग जुझ्नको लागि प्रहरी र जनताको क्षमता सुदृढ तुल्याउने रणनीति हो । आधुनिक प्रहरीको यस दर्शनले ग्राहकमुखी, समुदायमा आधारित तथा क्रियान्मुखी प्रहरी सेवाको आग्रह राख्दछ ।

यस विधिले जनताको स्वामित्वको सिर्जना गर्न र समस्या सुल्झाउने क्षमतालाई बढीमात्रामा समावेशी चरित्रको बनाउनका लागि समुदाय र प्रहरीको साझेदारीको विकासको आवश्यकतालाई जोड दिन्छ । यस्तो निकट सम्बन्धको फाइदा के छ भने प्रहरी, स्थानीय सरकार र समुदायका साझा इच्छा र स्रोतको उपयोगले साझेदारहरूका बीच समझदारी बढाउँछ, कानुनको कार्यान्वयनका लागि बढी प्रभावकारी व्यवस्था गर्छ र अपराधको भय र त्रासलाई कम गराउँछ अनि समुदायमा जीवनको गुणस्तरलाई बढावा दिन्छ ।

लण्डनको महानगरीय प्रहरीका संस्थापक सर् रोबर्ड पिलले सामुदायिक प्रहरीको प्राथमिक लक्ष्यबारे राम्रो व्याख्या गरेका छन् । उनी भन्छन्-"....... प्रहरी नै जनता हो र जनता नै प्रहरी हुन् भन्ने ऐतिहासिक परम्परालाई मूर्तरूप दिन सदैव आमजनतासँगको सम्बन्ध कायम गर्नु हो । प्रहरी त केवल समुदायको हित र अस्तित्वका पक्षमा पूरा समय दिनका लागि तलब पाउने गरी राखिएका जनसमाजका अधिकृत सदस्य हुन् ।[४]

## सामुदायिक प्रहरी कसरी भिन्न छ त ?

कानुन पालन गर्न लगाउने विषयले धेरै अघिदेखि नै काम गर्ने समुदायबाट लिनुपर्ने सहयोगको आवश्यकतामा जोड दिएको छ । प्रहरी अधिकारीहरू छिमेकका समूहहरूसँग बोलचाल गर्छन्, नागरिकहरूका सामाजिक आयोजन र कामकाजमा सहभागी हुन्छन् , समाजका विभिन्न निकायहरूसँग विचारविमर्श गर्छन् र विद्यालयका बालबालिकाका लागि गरिने कार्यक्रममा भाग लिन्छन् ।

---

[४] फिलोसोफी एण्ड प्रिन्सिपल्स अफ कम्यसनिटी बेस्ड पोलिसिङ (साउथ इष्टर्न युरोप क्लियरिङ हाउस फर द कण्ट्रोल अफ आर्म्स एण्ड लाइट विपन्स- SEESAC ) २००३ मा पृ. २ मा उद्धृत गरेअनुसार ।

उनीहरूले पैदल, मोटरसाइकल र घोडाको सवारीमा निगरानी गर्ने हुँदा यसले पनि उनीहरूलाई समुदायको बढी नजिक पुऱ्याउन सहयोग गरेको हुन्छ ।

संवाद र अन्तर्क्रियाले गर्दा प्रहरीलाई अपराध रोकथाम गर्न, अपराधको डरत्रास कम गर्न र समुदायको जीवनस्तरमा सुधार गर्न मदत गर्ने रणनीतिहरूमा केन्द्रित हुन सहयोग पुग्न जान्छ । किनभने यसले गर्दा प्रहरीले आफू काम गर्ने समुदायबारे अत्यन्त नजिकबाट ज्ञान हासिल गर्नसक्छ । परम्परागत पहरी सेवाको अवधारणाले हिजो प्रहरी अधिकारीहरूलाई समुदायबाट अलग राखेको थियो फलस्वरूप अपराध रोकथाम गर्ने प्रयासहरूमा बाधा पुगेको थियो ।

कानुन लागू गर्ने सन्दर्भमा, कुनै समस्या विशेषले गम्भीर रूप धारण गरेपछि होइन कि त्यसभन्दा पहिल्यै प्रहरीको परामर्श लिन आएका मानिसहरूलाई मद्दत गर्न सकियोस् भन्ने अभिप्रायले प्रहरीले समुदायको अंगका रूपमा आफूलाई पुनर्एकीकरण गर्न सामुदायिक प्रहरी सेवाको स्थापना गर्नु पछाडिका सिद्धान्तहरूतिर फर्कनुपर्छ भन्ने आग्रह राख्दछ ।

## नेपालमा सामुदायिक प्रहरी

नेपालमा सर्वप्रथम १९८२ को सुरुमा प्रहरी प्रणालीमा छिमेकी प्रहरी स्थापना गरिएको थियो । यो प्रणाली सिंगापुरको छिमेकी प्रहरी चौकीमा आधारित थियो । त्यसबेला काठमाडौं उपत्यकामा कैयौं ठाउँमा प्रहरी बुथहरू स्थापना गरिए । यसमा प्रहरीलाई आफ्नो क्षेत्रमा निगरानी राख्नु र सबै किसिमका जनगुनासा र मागहरू सुन्नुपर्ने निर्देशात्मक व्यवस्था गएिको थियो ।

म स्वयं सहरका घरघर डुल्दै र प्रश्न सोध्दै स्थानीय जनताका आवश्यकता र उजुरीहरू बटुलेको सम्झन्छु । त्यस्ता गुनासाहरूमा पारिवारिक मामलादेखि लिएर सडक, खानेपानी, टेलिफोन, सडक बत्ती, ढल, चोरीका मुद्दा, गुण्डागर्दी, र लागू पदार्थको दुर्व्यसनजस्ता व्यापक क्षेत्रका विषयहरू हुन्थे । यस्ता संकलित अभिलेखहरू प्रहरी प्रधान कार्यालयमा पठाउने गरिन्थ्यो । त्यसो भए तापनि सर्वेक्षणका बेला थोरै मात्र उजुरीहरू हेरिन्थ्यो । बाँकी उजुरीहरू बिर्सिइन्थे । त्यसो हुनाले यस कार्यक्रमप्रति जनता र प्रहरी दुवैको चासो मर्न पुग्यो । त्यसैले प्रहरीले अन्यसँग प्रभावकारी किसिमले सहभागिता जुटाउन सकेन र परियोजना दिगो हुन सकेन ।

प्रजातन्त्रको लागि १४ जनवरी १९९४ को क्रान्तिपश्चात् महाराजगञ्जमा एक सामुदायिक प्रहरी केन्द्र खोलियो । गुरुयोजनाका रूपमा त्यस्तै प्रकारका केन्द्रहरू चाबहिल र बानेश्वरमा पनि स्थापना गरिए । अहिलेसम्म नेपालमा त्यस्ता सयभन्दा बढी केन्द्रहरू छन् । यस्ता केन्द्रका नाम पनि विभिन्न खालका छन्:

सामुदायिक सेवा मञ्च, सामुदायिक सेवा समाज, सामुदायिक विकास केन्द्र, सार्वजनिक सेवा केन्द्र, सामुदायिक प्रहरी सेवा मञ्च, सामुदायिक सेवा समिति, बहुउदेश्यीय सामुदायिक सेवा केन्द्र र सामुदायिक विकास सहकारी मञ्च ।

यस्ता केन्द्रको माध्यमबाट प्रहरी, स्थानीय विकास, महिला साक्षरता, सामुदायिक स्वास्थ्य, बाल स्याहार, वातावरण संरक्षण, स्वास्थ्य सेवा, युवा गतिविधि र अन्य धेरै प्रकारका कल्याणकारी गतिविधिमा सहभागी हुन सक्षम भयो । यसले नेपालको सामुदायिक प्रहरी सेवालाई सिंगापुरको छिमेकी प्रहरी चौकी र जापानको ***कोबन*** प्रणालीभन्दा भिन्नै स्वरूप दिएको छ । तैपनि सबै क्षेत्रबाट श्रेय पाउनुपर्ने विधिका रूपमा यसलाई अझै स्वीकार गरिएको छैन । धेरै प्रहरी अधिकारीहरूमा नै यसको व्यावहारिकताबारे शंका व्याप्त छ । प्रहरी अधिकृत प्रभावशाली भएमा समुदाय-मैत्री हुन सम्भव छ भन्ने कुरा महसुस गर्न नसक्नाले व्यापक रूपमा यस्तो शंका रहन गएको हो ।

सकारात्मक प्रभाव प्रक्षेपण गर्नका लगि समुदायमा साझेदारीमा आधारित परियोजनाहरूमा प्रहरीको संलग्नता रहनु एक बलियो औजार हो । नेपाली जनताले कुनै स्टेसनमा बसेर काम गर्ने प्रहरीहरू भन्दा समुदायमा काम गर्नेहरू बढी पहुँचमा रहने, संवेदनशील र मैत्रीपूर्ण रहने गरेको अनुभव गरेको पाइन्छ । यसको परिणामस्वरूप, सामुदायिक प्रहरी सेवासम्बन्धी मामला हेर्नका लागि जिम्मेवारी पाएका प्रहरी अधिकृतहरू समुदायमै आधारित हुनुपर्छ भन्ने अनुभवसमेत गरिएको छ ।

## द्वन्द्वपछिको समाज र सामुदायिक प्रहरी

माओवादीहरू द्वन्द्वका बेला समुदायका सदस्य र सामुदायिक केन्द्रबीच अन्तर्क्रिया हुँदा अति नै सशंकित हुने गर्दथे । जब यस्ता केन्द्रहरूको ख्याति बढ्दै गएको थियो, माओवादीले यिनलाई सूचना संकलन गर्ने काममा प्रयोग गरिएको आशंका गरी आफ्नो लागि चुनौतीका रूपमा लिएका थिए । त्यसैले माओवादीले सामुदायिक प्रहरीसँग सम्बन्धित व्यक्ति र केन्द्रहरूलाई चुनौती दिन थाले र आक्रमण पनि गर्न थाले । उदाहरणका लागि ललितपुरको तिखेदेवलस्थित सामुदायिक विकास केन्द्रमा बम पड्काइयो र एकजना सहायक प्रहरी निरीक्षकलाई मारियो । यसैगरी काठमाडौंको बौद्धस्थित सामुदायिक प्रहरी केन्द्रका एक सहायक प्रहरी निरीक्षक पनि मारिए । यसो भए तापनि अधिकांश स्थानीय सामुदायिक प्रहरी केन्द्रहरू निरन्तर क्रियाशील नै रहे ।

माओवादी र सरकारबीच विस्तृत युद्धविराम सम्पन्न भएपछि यस्ता दमनकारी आक्रमण रोकिए । अब देशभरिका स्थानीय समुदायहरू उन्मुक्त भएर सामुदायिक प्रहरी कार्यक्रममा सहभागी भए ।

नेपालमा सामुदायिक प्रहरी सेवा केन्द्र वा सामुदायिक प्रहरी सेवा परियोजनाहरू धेरैजसो समुदायका सुरक्षा आवश्यकताको पहिचान गरिएपछि मात्र सुरु हुने गरेका छन् । यस्तो काम कार्यक्रम लागू गर्न सकिने समुदायका मानिसहरूसँग परामर्श गरेपछि गरिन्छ । यस चरणमा समुदायका सदस्यहरू आफ्ना सुरक्षा आवश्यकता भन्दा पनि अन्य आवश्यकताहरूको सूची तयार गर्छन् । त्यसपछि प्रहरी समुदायसँग सामुदायिक कार्यक्रम तथा : odus operandi सम्बन्धी एक कार्यसूचीमा सम्झौतामा पुग्दछ । यसमा कानुनको अनुपालन गर्ने गराउने कामभन्दा पनि अन्य गतिविधिहरूमा सहभागी हुने प्रहरीको इच्छा जाहेर गरिएको हुनु आवश्यक हुन्छ । तसर्थ कुनै सामुदायिक प्रहरी सेवा केन्द्र स्थापना गर्न चार चरण पार गर्नुपर्छ- सम्पर्क र परामर्श लिने, सहमति जुटाउने, सहयोग लिने र समन्वय गर्ने ।

यसैगरी सफल सामुदायिक प्रहरी सेवाको दार्शनिक पक्षलाई प्रत्येक व्यक्ति र संस्थाले व्यवहारमा लागू गर्नका लागि एक संगठनात्मक रणनीति आवश्यक हुन्छ । यसका लागि खासगरी प्रमुख जिम्मेवार अधिकृतहरूलाई बढी स्वायत्तता दिने, सेवाका लागि आवश्यक पर्ने स्रोतहरूमा पहुँच बढाउने र स्थानीय समस्यामा ध्यान दिने क्षमता वृद्धि गर्ने हेतुले प्रहरी सेवा प्रणालीमा महत्वपूर्ण परिवर्तन गर्नुपर्छ । पहिचान गरिएका समस्या समुदायभित्रका सबै समूहहरूका लागि र अझ लाभ प्राप्त गर्न नसकेका र जोखिममा रहेकाहरूका लागि उत्तिकै सान्दर्भिक हुनुपर्दछ ।

नेपाल प्रहरीको वार्षिक पत्रिका **प्रहरी दर्पण**ले सार्वजनिक सेवामुखी प्रहरी सेवाको बारेमा टिप्पणी गर्दै भनेको छ: सार्वभौम नेपाली जनताका गुनासा र समस्याहरूको उचित सम्बोधन गरिएन भने, ठीक समयमा ठीक तवरले काम कारबाही गरिएन भने अनि पर्याप्त मात्रामा परामर्श र दिशानिर्देश भएन भने यथार्थमा त्यो प्रहरी सेवा बन्न सक्तैन भन्ने हाम्रो व्यावसायिक मान्यता हो । यसै सत्यको आलोकमा हामीले आफूलाई सबै क्षेत्रमा आफ्नो आचारविचारको माध्यमबाटै सार्वजनिक सेवामुखी, सक्षम र दक्ष तुल्याई मुलुकको वर्तमान लोकतान्त्रिक पद्धतिमा लोकतान्त्रिक प्रहरीको कार्यशैली पछ्याउनु अति नै महत्वपूर्ण विषय बन्न पुगेको छ ।[३]

उल्लिखित सन्देश मननयोग्य छ । हो, विगतमा जनताका चासोहरूको सेवा गर्नुभन्दा सरकारको रक्षा गर्नमा प्रहरीका कामकारबाहीहरूको शोषण भयो । जे होस्, अहिलेसम्म सामुदायिक प्रहरी सेवाको क्षेत्रमा भएका यावत कार्यहरू चाहिं समुदाय र प्रहरी दुवैको संयुक्त प्रयासका प्रतिफल हुन् । राज्यले अहिलेसम्म पनि

[३] पुलिस मिररः वार्षिक प्रकाशन, (नेपाल प्रहरी प्रधान कार्यालय, १९९७), पृ. २१-२४ (?)

समुदायमा आधारित प्रहरी सेवा कानुन व्यवस्था लागू गर्ने प्रभावकारी विधि हो भन्ने कुरालाई मान्यता दिएको छैन । यसो हुनाले यस विधिलाई राष्ट्रिय योजनामा पनि समावेश गरिएको छैन । यसले के देखाउँछ भने हाल विद्यमान तथा भावी सामुदायिक प्रहरी सेवा परियोजनाका बारेमा दीर्घकालीन सोचको अभाव छ र एकै प्रकारको राष्ट्रिय रणनीतिक कार्ययोजना, व्यवस्थापन नीति र दिग्दर्शन तथा समन्वय संयन्त्र बनाउन हामी असफल भएका छौं ।

१९९७ मा बनेको नेपाल प्रहरीको एक अध्ययन समितिले सामुदायिक प्रहरी कार्यक्रमको समीक्षा गर्दै सामुदायिक प्रहरी कार्यक्रमको राष्ट्रिय योजना कार्यान्वयन गर्न आइपरेका केही कठिनाइ उल्लेख गरेको छ। सो अध्ययनले सामुदायिक प्रहरी कार्यक्रममा सहयोग प्राप्त भएन भने वा उच्च ओहोदाका प्रहरी अधिकृतको मनोबल बढेन भने अनि नीति निर्देशिका बनेन भने, स्पष्ट कार्यादेश तथा कार्ययोजना बनेनन् भने दीर्घकालीन रूपमा सामुदायिक प्रहरी कार्यक्रम सफल नहुने ठहर गरेको छ । साथै सो अध्ययनले नेपाल प्रहरीमा सामुदायिक प्रहरी कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने मानवीय तथा भौतिक स्रोत, ज्ञान तथा सीप नै नभएको मानेको छ । अध्ययनमा प्रहरीको तर्फबाट समुदायप्रति हुनुपर्ने उत्तरदायित्व तथा फलो-अप कार्यक्रमका लागि आवश्यक अनुगमन तथा मूल्यांकन संयन्त्रको अभाव रहेको निष्कर्ष निकालेको छ । सामुदायिक प्रहरी कार्यक्रमको प्रभावकारितामा सुधार गर्न कैयौं कदम चाल्नुपर्ने देखिन्छ । तीमध्ये केही यस्ता छन्:

- **प्रभावकारी नेतृत्व प्रदर्शन**
  राष्ट्रिय, क्षेत्रीय, अञ्चल, जिल्ला र नगरपालिका स्तरका प्रहरी र सरकारी संरचनाका सबै तहमा र सामुदायिक प्रहरी कार्यक्रम लागू गरिने समुदायमा सबै तहमा समेत नेतृत्वको आवश्यकता हुन्छ ।

- **स्थानीय परिवेश बुझ्ने**
  सामुदायिक प्रहरी कार्यक्रमको कार्यान्वयनले स्थानीय समस्या र समुदायका सुरक्षा समस्या सम्बोधन गर्न विभिन्न समूहमा बाँडिएका मानिसहरूलाई एक ठाउँमा ल्याएर सहयोग र सद्भावमा वृद्धि गर्छ ।

- **न्यायमा पहु“च बढाउने**
  सामुदायिक प्रहरी कार्यक्रम अपराध न्याय र सुरक्षाको व्यापक क्षेत्रको एक अविभाज्य अंग हो र यस क्षेत्रका सबै घटक तत्वलाई सामूहिक तथा पारस्परिकतामा बल पुऱ्याउने विधि हो ।

- **सेवाको गुणस्तरमा सुधार**

  सामुदायिक प्रहरी कार्यक्रमले प्रहरी सेवालाई सर्वसाधारणका सामुदायिक आवश्यकता सम्बोधन गर्ने व्यावसायिक सेवाका रूपमा हेर्दछ । सेवाको गुणस्तर भन्ने विषय विभिन्न मुद्दाको संख्यामा भर पर्छ तापनि सबैभन्दा महत्वपूर्ण कुरा के हो भने सेवादाताको सोच र व्यवहार (बतततष्तगमभ) मा गुणस्तर घटित हुन्छ ।

- **स्वामित्व सुनिश्चित गर्ने**

  सामुदायिक प्रहरी कार्यक्रम लामो समयसम्म दिगो राख्नु अति नै महत्वपूर्ण विषय हो । तसर्थ यसका कार्यक्रमको स्वामित्व प्रहरी सेवाका सकल तह र श्रेणी तथा समुदायका सबै तहमा रहनुपर्छ । सार्वजनिक स्वामित्व सुनिश्चित गर्न लक्षित समुदायका स्थानीय व्यक्तिहरूलाई स्थायी प्रहरी सेवामा भर्ना गरी उनीहरूकै ठाउँमा खटाउनुपर्छ ।

- **सामुदायिक प्रहरीलाई राष्ट्रिय कार्यसूचीका रूपमा मान्यता दिने**

  सामुदायिक प्रहरी कार्यक्रम प्रतिनिधित्वविहीन समूहहरूका लागि न्यायको पहुँच बढाउने प्रभावकारी माध्यम हो भन्ने कुरा राष्ट्रिय कार्यसूचीले मान्यता दिने भएकाले यो अति नै जरुरी विषय हो ।

- **सामुदायिक प्रहरी कार्यक्रमलाई संस्थागत गर्ने**

  सामुदायिक प्रहरी कार्यक्रमलाई राष्ट्रियस्तरमा लिनु वाञ्छनीय छ । तसर्थ सामुदायिक प्रहरीका मूल्य-मान्यता अनुरूप प्रहरी सेवासम्बन्धी कानुनहरूमा सुधार गर्नुपर्दछ ।

- **प्रहरीको जवाफदेहिता सुनिश्चित गर्ने**

  उच्च व्यावसायिकता सुनिश्चित गर्न, मानवअधिकारको सम्मान गर्न र प्रहरी दुराचार कम गर्न प्रहरी समुदायप्रति जवाफदेही हुनुपर्छ ।

- **समन्वय र सहकार्य बढाउने**

  दोहोरोपन भएका र परस्परमा बाझिने खालका सुधारका कामले भ्रमको सिर्जना गर्छन् स्रोतको बर्बादी गर्छन् र सामुदायिक प्रहरी कार्यक्रमको अवमूल्यनसमेत गर्न सक्छन् । अतः समन्वय र सहकार्यको विकास अति नै महत्वपूर्ण पक्ष हुन् ।

- **क्षमता अभिवृद्धि : तालिम/स्रोत**

प्रहरीलाई सामुदायिक प्रहरीको दार्शनिक पक्ष र व्यावहारिक कार्यान्वयनबारे तालिम दिनु अति नै महत्वपूर्ण पक्ष हो । यसका साथै सामुदायिक प्रहरी कार्यक्रमलाई प्राथमिकताप्राप्त कार्यक्रमका रूपमा प्रवर्द्धन गर्न पर्याप्तमात्रामा स्रोत उपलब्ध गराउनुपर्छ ।[ढ]

## निष्कर्ष

नेपाल बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषिक राष्ट्र हो । यसैले सामाजिक र राजनीतिक न्यायप्रणालीहरू समानताका लागि संघर्षरत छन् । सामाजिक रूपमा सीमान्तीकृत समूहहरूमध्येका धेरैले न्यायमा पहुँच पाउन कठिनाइ महसुस गर्छन् । सामुदायिक प्रहरीको रणनीतिले स्थानीय समुदायलाई सशक्त तुल्याउने मात्र नभई सामाजिक र राजनीतिक समस्यालाई सम्बोधन समेत गर्दछ । यसले कालान्तरमा नियमित प्रहरी बलमा स्थानीय जनतालाई पर्याप्तमात्रामा समावेश गर्नुका साथै स्वामित्वको भावना बढाउनेछ । यसले सामुदायिक प्रहरी कार्यक्रम प्रणालीलाई दीर्घकालीन रूपमा दिगो तुल्याउन मद्दत गर्नेछ ।

समुदायमा आधारित प्रहरी सेवा दर्शन र रणनीति दुवै हो र यसले अपराध, असुरक्षा, सामाजिक अव्यवस्था तथा अन्य स्थानीय समस्याहरूको उत्तम समाधान खोज्नका लागि प्रहरी र समुदायलाई सँगसँगै काम गर्ने वातावरण तयार गर्दछ । सामुदायिक प्रहरी कार्यक्रमले समुदायको सशक्तीकरण गर्दै उनीहरूका सुरक्षा समस्यालाई आफैं समाधान गर्न मद्दत गर्छ । यस योजनाले 'माथिदेखि तल' वाल परम्परागत ढाँचा भत्काउँछ र व्यवस्थापनमा तलदेखि माथि ढाँचालाई प्रवर्द्धन गर्दछ । यसरी सामुदायिक प्रहरी सेवा योजनाका कैयौं फाइदा हुँदाहुँदै पनि यसलाई नेपालमा पूर्ण रूपमा उपयोग गरिएको छैन । यसका कारणहरूमध्ये एउटा त परम्परागत ढंगले प्रहरी सेवालाई हेर्ने प्रवृत्ति पनि हो । कालक्रममा, हामीले विद्यमान प्रहरी सेवाका विधिहरूको समीक्षा गर्नुपर्नेछ र नेपालमा बढीमात्रामा जनमैत्री प्रहरी सेवा प्रणाली लागू गर्नै पर्नेछ ।

[ढ] फिलोसोफी एण्ड प्रिन्सिपल्स अफ कम्यसनिटी बेस्ड पोलिसिङ (साउथ इष्टर्न युरोप क्लियरिङ हाउस फर द कण्ट्रोल अफ आर्म्स एण्ड लाइट विपन्स- क्भ्क्क्ष्क्र ) २००३ बाट लिइएको ।

# नेपाल प्रहरी तथा दलित समुदाय

- दुर्गा सोब

## नेपालमा दलित समुदाय

तीन हजार पाँच सय वर्षभन्दा अघिदेखि नै जातिमा आधारित विभेद नेपालको इतिहासको एक अंशका रूपमा रहेको छ । यस प्रचलनप्रतिको आम सहमतिले सामन्ती हिन्दूहरूलाई समाजमा उनीहरूको सामाजिक हैकमलाई दुरुपयोग गर्न र दलित समुदायलाई अवसरहरू (सामाजिक, आर्थिक तथा राजनीतिक) र मानवीय मर्यादाबाट वञ्चित गर्न सक्षम बनाएको छ ।

दलित समुदायको अंशकाका रूपमा परिभाषित वर्गमा नेपालका विभिन्न स्थानमा बसोवास गर्दै आएका विभिन्न किसिमका मानिसहरू पर्दछन् । सन् २००१ मा गरिएको जनगणनाका अनुसार नेपालको कुल जनसङ्ख्यामध्ये दलित १३ प्रतिशत रहेको छ तर विभिन्न दलित समूह तथा गैरसरकारी संस्थाहरूद्वारा गरिएका अनुसन्धानले दलितहरूको सङ्ख्या नेपालको कुल जनसङ्ख्याको २० प्रतिशतभन्दा बढी रहेको देखाएको छ ।

## प्रहरी बलमा दलितको पहु“च

सन् १९५० मा नेपाल प्रहरी स्थापना गरिँदा दलितहरू अझै पनि अछुतका रूपमा परिभाषित थिए र त्यसको फलस्वरूप कानुन कार्यान्वयनकारी निकायमा समावेशी रोजगारीका लागि उनीहरूप्रति ध्यान दिइँदैन थियो । यस किसिमको होच्याउने खालको परिभाषालाई निषेध गर्ने मुलुकी ऐन वि.सं. २०२० मा लागू भएपछि पनि सामाजिक दुराग्रह कायमै रह्यो ।[ज्ञ] परिणामस्वरूप, विभेदकारी जनधारणाबाट दलितहरूलाई पूर्ण रूपमा एकीकृत हुनबाट रोक्ने क्रम जारी रह्यो ।

सन् १९९० को राजनीतिक परिवर्तन नभएसम्म दलितलगायतका समूहहरू आफ्ना अधिकारको उपभोग गर्न तथा उनीहरूमाथि हुने गरेका दमनको विरोध गर्न सशक्तीकृत हुने स्थिति सिर्जना भएन । यस प्रगतिको आफ्नै महत्व भए पनि समाजमाथिको यस आलङ्कारिक प्रहारको प्रभाव गहकिलो रहेन । सरकारका

[1] दफा १० (क)

संस्थानहरू तथा कानुन कार्यान्वयनकारी व्यवस्थाहरूमा दलितहरूको प्रतिनिधित्व नहुने क्रम कायमै रह्यो । यसका अतिरिक्त तल्लो जाति हुनुको सामाजिक दोषका कारण अछुतको परम्परा जारी नै रह्यो । दलित समुदायको सुरक्षासँग सम्बन्ध रहेको न्यायमा पहुँचबाट उनीहरूलाई निकै वञ्चित पारिएका कारण यसको ठूलो महत्व छ ।

प्रहरीमा कोही पनि दलितको प्रतिनिधित्व रहेको छैन भन्नु भने सही नहुनसक्छ । नेपाल प्रहरीमा रोजगारमध्ये ०.२ प्रतिशत दलित समुदायबाट रहेको तथ्यमाथि एक गैरसरकारी संस्थाको प्रतिवेदनले प्रकाश पारेको छ । वर्तमान अन्तरिम संविधान तथा नेपाल अधिराज्यको संविधान-२०४७ ले जातिमा आधारित विभेदमाथि प्रतिबन्ध लगाएको घोषणा गरेको भए पनि सीमान्तीकरण दृश्य समस्याका रूपमा रहेको कुराको सङ्केत यसले पनि गर्दछ ।[६]

सरकारी तथा सुरक्षा संस्थाहरूमा सामेल गरिएका दलितहरू पनि अस्वच्छ व्यवहारको शिकार हुने गरेको प्रमाण पाउन सकिन्छ । उदाहरणका लागि, २०६३ सालमा दाङ जिल्ला अदालतका न्यायाधीश हरिप्रसाद बगालेले दलित भएकै कारण आफ्ना दुईजना कर्मचारीलाई 'प्रसाद' ग्रहण गर्नबाट रोक्नुभएको थियो । उहाँविरुद्ध निकै दबाब परे पनि अहिलेसम्म कुनै कारबाही गरिएको छैन ।

असहिष्णुता तथा जातिमा आधारित विभेदबाट समूहहरूलाई संरक्षण गर्ने स्पष्ट र प्रभावकारी कानुन अस्तित्वमा नरहनुको अर्थ समान न्याय, एकीकरण तथा प्रतिनिधित्वमा पहुँच प्राप्त गर्नमा दलितहरूलाई बाधा हुने क्रम जारी नै रहनु हो । आजसम्म पनि निष्क्रियता तथा आलङ्कारिक घोषणाहरूमाथि निर्भरताले यी विभेदकारी प्रचलनहरूको क्रमिकतालाई वैध बनाउने काम मात्र गरेको छ । एकातिर नेपाल सरकारले सार्वजनिक रूपमा छुवाछूत उन्मूलन गर्ने कानुन ल्याएको छ भने अर्कोतिर यसले विद्यमान सामाजिक अवस्थालाई सुदृढ गरेको छ ।

## न्याय प्राप्ति : दलित महिलाका लागि चुनौती

नेपालको कुल जनसङ्ख्यामध्ये करिब १० प्रतिशत दलित महिला रहेका छन् भने कुल महिला जनसङ्ख्यामध्ये उनीहरूको अंश करिब २० प्रतिशत रहेको छ । उनीहरू जातिगत तथा लैङ्गिक गरी दुवै विभेदको शिकार हुँदै आएका छन् । परिणामस्वरूप, उनीहरूमध्ये अधिकांश शिक्षा, अवसरहरूमा पहुँच र प्रायः सबै किसिमका प्रतिनिधित्वबाट वञ्चित रहेका छन् । यसका अतिरिक्त, दलित महिला

[६] नेपालको अन्तरिम संविधान-२०६३, भाग ३, धारा १४, नेपाल अधिराज्यको संविधान धारा ११ (४)

विशेषगरी दुर्व्यवहारप्रति जोखिमशील भएकाले बलात्कार, यौन हिंसा, मानव बेचबिखन तथा भूमिहीनताजस्ता समस्याहरू उनीहरूको सुरक्षाका लागि गम्भीर खतराका रूपमा रहने क्रम कायमै रहेको छ । कैयौं दलित महिलाहरूमाथि प्रहरीबाट बलात्कार भएको वा उनीहरूलाई आपराधिक मुद्दाहरूमा गलत रूपमा मुछिएको प्रमाण छन् । त्यसैले दलित महिलामध्ये धेरैजना आफ्ना समुदायका अरू मानिसहरूका तुलनामा प्रहरीबाट बढी त्रसित हुनु कुनै अचम्मको कुरा होइन ।

## छुवाछूत तथा विभेद उन्मूलनमा प्रहरीको भूमिका

कानुनको समान कार्यान्वयनलाई सहज बनाउनका लागि प्रहरीले न्यायिक व्यवस्थाका लागि बृहद् जिम्मेवारी बहन गर्नु आवश्यक छ । त्यसैले 'छुवाछूत' सम्बन्धी कुनै जाहेरी प्रहरीमा पर्दा हिन्दू ब्राह्मणवादी सामन्ती मान्यता तथा सामाजिक आदर्शलाई संरक्षण दिन खोज्नुभन्दा पनि कानुनलाई लागू गर्नुपर्दछ ।

### स्थिति अध्ययन

सन् २००७ को अप्रिलको सुरुतिर केही दलित युवा भक्तपुर जिल्लाको चाँगुनारायण क्षेत्रस्थित एक रेष्टुराँमा गए । उनीहरूले उक्त रेष्टुराँमा खाएको चियाको पैसा तिरिसक्दा पनि साहुले उनीहरूलाई जान दिएन । उनीहरू दलित भएकाले उनीहरूले चिया खाएको गिलास पनि माझेर जानुपर्ने अडान साहुले लिए । सुरुमा केही प्रतिरोध गरे पनि ती युवा पछि निरीह भए । उनीहरूलाई अह्राइएको काम गरिसकेपछि पनि रेष्टुराँमा रहेका गैरदलित युवाको समूह र साहुले फेरि ती दलित युवामाथि कुटपिट गरे । भक्तपुरबाट प्रहरी टोली आइपुगेपछि आक्रमण गर्नेहरूलाई नभई हतियारहरूबाट चोटपटक लागेका दलितहरूलाई नै पक्राउ गरियो ।

प्रहरी निरीक्षक धर्म विश्वकर्मा (आफैं पनि एक दलित) ती दलितहरूको पीडाबाट जानकार भएपछि मात्र उनीहरूलाई मुक्त गरेर आक्रमणकर्ताहरूलाई पक्राउ गरिएको थियो । यति गरिसक्दा पनि आक्रमणकर्ताहरूलाई बिनाकुनै अभियोग मुक्त गरिएको थियो । यसरी सरकारी संस्थाहरूमा केही दलितहरूको प्रभाव रहे पनि आंशिक न्यायमात्र उपलब्ध हुनेगरी जातिमा आधारित दुराग्रह कायमै रहेको छ ।

*स्रोत : फेडो तथा अन्य दलित गैरसरकारी संस्थाहरूद्वारा गरिएको स्थलगत निरीक्षण, २००६*

अझै पनि, दलित समुदायले यस्ता कार्य गर्दा प्रहरीले कतिपय अवस्थामा विस्तृत विवरण दर्ता गर्न अस्वीकार गर्ने गरेका छन् वा पीडितहरूलाई हैरान पारेर समस्यालाई चर्काउने गरेका छन् । परिणामस्वरूप, सामाजिक रूपमा प्रोत्साहित दण्डहीनताको संस्कृतिका कारण दलित समुदायको विकास ओझेलमा पर्न गएको छ । प्रहरीले कुनै जाहेरी दर्ता गर्दा पनि अनुसन्धान प्रायः सीमित मात्रामा मात्र हुने गरेको छ किनभने छुवाछूतसम्बन्धी सबै मुद्दाहरूमा राज्य आफै एक पक्ष हुनसक्ने प्रावधानको फाइदा उठाएर प्रहरीले आफूमा अन्तर्निहित क्षमतालाई सीमित गर्न सक्छ । यस किसिमका अपराधहरूबारे अनुसन्धान गर्नुभन्दा पनि प्रहरीले यस्ता जाहेरीलाई 'सामाजिक समस्या'का रूपमा लिने गरेका छन् र

यसको समाधान प्रहरीले नभई समाजले गर्नुपर्ने र कानुनले यस समस्यालाई पर्याप्तमात्रामा सम्बोधन गर्न नसक्ने तर्क राख्दछन् । राज्यले असहिष्णुतालाई सम्बोधन गर्न नसकेसम्म जातिमा आधारित विभेद प्रचलनमा कायमै रहनेछ र प्रहरीप्रति दलित समुदायको अविश्वास कायमै रहनेछ ।

दलित समुदायलाई आफ्ना विभिन्न तहमा निष्पक्ष रूपमा समावेश गर्नमा प्रहरीको संस्थागत असफलताले गर्दा दुराग्रहका यी उदाहरणहरू अस्तित्वमा आएका छन् । यसले गर्दा यस कम प्रतिनिधित्वयुक्त समूहका त्रासप्रति सहानुभूतिपूर्ण वा संवेदनशील हुनबाट प्रहरीको क्षमतालाई साँघुरो हुनपुगेको छ । प्रहरीले सीमित उच्चवर्गका मान्यताहरूलाई प्रतिनिधित्व गर्ने परम्परालाई जारी राखेसम्म दलित समुदायसँगको विश्वासलाई विकास गर्न यस संस्थालाई कठिन सिद्ध हुनेछ ।

## न्यायमा दलित समुदायको पहुँच सुनिश्चित गर्न प्रहरीमा आवश्यक सुधारहरू

जनआन्दोलन (सन् २००६) को सफलतापछि प्रजातान्त्रिक विकास तथा संस्थागत सुधारसम्बन्धी उद्देश्य हासिल गर्नका लागि आवश्यक स्थान सिर्जना गर्न नेपाल सक्षम भएको छ । अवसरको यस नयाँ युगबाट लाभान्वित हुनसक्ने निकायहरूमध्ये एउटा प्रहरी पनि हो ।

नेपालमा रहेका सम्पूर्ण समुदाय तथा समूहहरूको प्रतिनिधित्व नगर्ने अल्पसङ्ख्यक उच्चवर्गको प्रभुत्व राज्यका सम्पूर्ण अङ्गहरूमा जारी नै रहने हो भने दसवर्षे द्वन्द्व चर्काउनमा योगदान गर्ने कतिपय तत्वहरू कायमै रहनेछन् । न्यून प्रतिनिधित्व भएका समुदायहरूलाई सशक्तीकरण गर्ने तथा उनीहरूलाई राज्य संस्थाहरू तथा सुरक्षा बलहरूमा एकीकृत गर्ने अवसर नेपाल सरकारलाई उपलब्ध भएको छ ।

प्रहरीमा सहभागिता तथा समावेशीलाई प्रोत्साहित गर्दा लाभ हुने भएकोले सुधारसम्बन्धी मुद्दालाई सघाउनुपर्ने आवश्यकता छ । यसका लागि सबै जाति तथा समुदायको प्रतिनिधित्व हुनेगरी तथा अन्तरिम संविधान राम्ररी प्रतिविम्बित हुनेगरी प्रहरी ऐन (साथै अन्य सान्दर्भिक कानुनहरू)मा संशोधन हुनु आवश्यक छ । दलितहरूविरुद्ध हुने गरेका जातिमा आधारित विभेद उन्मूलन गर्नका लागि विशेष अपराध कानुन निर्माण पनि आवश्यक छ । साथै प्रहरीले यसको कार्यान्वयन सुनिश्चित गर्नु पनि आवश्यक छ । यसका अतिरिक्त प्रहरी अधिकारीहरूलाई मानवअधिकार तथा सर्वसाधारणको संरक्षणसम्बन्धमा विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूबारे सचेत गराउन पनि आवश्यक छ । प्रहरीमा दलितहरूले बृहद् प्रतिनिधित्व गर्न पाऊन् भन्ने उद्देश्यले अल्पकालीन

रूपमा आरक्षण प्रणाली लागू गरिनुपर्छ । यसका अतिरिक्त, सबै तहमा लैङ्गिक, भौगोलिक तथा जातीय समान प्रतिनिधित्वलाई प्रोत्साहित गर्ने प्रावधान तयार गरिनुपर्छ । दीर्घकालीन रूपमा अस्थायी भर्तीसम्बन्धी सम्पूर्ण कदमहरूलाई बढी प्रतिनिधिमूलक भर्ती नीतिबाट प्रतिस्थापित गरिनुपर्दछ ।

जातिमा आधारित विभेदसम्बन्धी मुद्दाहरूलाई हेर्नका लागि प्रहरीभित्र छुट्टै दलित सेल स्थापना गरिएको पनि प्रहरीले सुनिश्चित गर्नुपर्दछ । यसो गरिएमा जाहेरीहरूको अभिलेख राखिएको तथा तिनीहरूसम्बन्धी कारबाही संवेदनशील रूपमा अगाडि बढाइएको सुनिश्चित हुनसक्छ । यसले गर्दा विगतमा सम्भावित दुर्व्यवहारका कारण प्रहरीको सम्पर्कमा जान डराउनेहरू पनि आफूलाई पीडित बनाइएका कुराहरूबारे जाहेरी गर्न जान प्रोत्साहित हुनसक्छन् ।

यसका अतिरिक्त, आफ्ना प्रयासहरूको समन्वय गर्न तथा सम्पूर्ण दलितहरूलाई उनीहरू कानुनद्वारा संरक्षित छन् र आवश्यक परेको समयमा सहयोगका लागि अपेक्षा गर्न सक्छन् भन्ने अनुभूति सुनिश्चित रूपमा गराउन सरकारी तथा गैरसरकारी संस्थाहरू, विशेषगरी राष्ट्रिय दलित आयोगसँग काम गर्न प्रहरीलाई प्रोत्साहित गरिनुपर्छ ।

## निष्कर्ष

जातिमा आधारित विभेदको व्यापकतालाई जारी राख्नमा नेपाल प्रहरी तथा वर्तमान कानुनी प्रणालीले योगदान गरेको छ । प्रहरीलाई कानुन कार्यान्वयनकर्ता तथा सुरक्षा प्रदायकका रूपमा स्पष्ट रूपमा परिभाषित गरिएको भए पनि दलित समुदाय सीमान्तीकृत भएका छन्; त्यसको परिणामस्वरूप अन्य समूहहरूले पाइरहेको संरक्षण उनीहरूलाई उपलब्ध छैन । प्रहरी कानुन उल्लङ्घन गर्नेलाई दण्डित गर्न असफल रहेको र दलितहरूप्रति पक्षपातपूर्ण सोच राख्ने क्रम जारी रहेकोले यसो भएको हो ।

त्यसैले नेपालका सबै समूहहरूका सुरक्षासम्बन्धी चासोहरूप्रति बढी सहानुभूतियुक्त बनाउनका लागि प्रहरी बलमा सुधार गरिनु आवश्यक छ । आनुपातिक प्रतिनिधित्वलाई प्रोत्साहित गरिएमा यो उद्देश्य आंशिक रूपमा हासिल गर्न सकिन्छ । यसका अतिरिक्त, भावी विभेदलाई निरुत्साहित गर्नका लागि विशेष कानुनहरू तर्जुमा गरी कार्यान्वयन गरिनुपर्दछ ।

जातिमा आधारित विभेदको अन्त्य गर्न राज्यका सम्पूर्ण अङ्गहरू प्रतिबद्ध भएमा र यसका लागि कानुनहरू तथा घोषणाहरू कार्यान्वयन गर्न सहयोग गरिएमा नेपालबाट यस किसिमका पक्षपात तथा असमानताको उन्मूलन सम्भव छ ।

# नेपालमा प्रहरी व्यवस्थाः लैङ्गिक चासोहरू

- बन्दना राणा

नेपालमा महिलाको सामाजिक स्थिति सामान्यतयाः निम्न रहेको छ । यस स्थितिका लागि राष्ट्रको आम गरिबी तथा परिवार एवं समाजमा शक्ति र साधनस्रोतको लैङ्गिकतामा आधारित वितरणलाई जिम्मेवार मान्न सकिन्छ । पुरुषप्रधान मूल्य तथा मान्यताबाट सशक्त रूपमा प्रभावित बालिकामाथिको विभेदको क्रम महिला तथा बालबालिकाविरुद्ध निकृष्ट यातना तथा हिंसालाई बढावा दिँदै जन्मदेखि नै सुरु हुन्छ । घरेलु हिंसालाई कानुनले अझै पनि दण्डनीय अपराधका रूपमा आत्मसात् गरेको छैन । त्यसैले महिला तथा बालिकाविरुद्ध भएका हिंसाका कतिपय घटना प्रकाशमा आउने गरेका छैनन् ।

माओवादी विद्रोहको १२ वर्षे कालमा ठूलो मात्रामा हुने गरेको लैङ्गिकतामा आधारित हिंसाका कारण नेपाली महिला तथा बालिकाहरूले मापन गर्नै नसकिने पीडा भोग्नुपऱ्यो । युद्धरत दुवै पक्षबाट बलात्कार, यौन दुर्व्यवहार तथा यातना व्यापक मात्रामा हुने गरेका थिए । परम्परागत धर्म तथा सामाजिक प्रचलनहरूमा गहिरो जरा गाडेर बसेका लैङ्गिक असमानताहरूलाई विद्रोहले झन् विस्तार प्रदान गऱ्यो । महिलाहरू आफ्ना घरबाट पलायन हुनुपर्दा वा उनीहरूका आफ्ना श्रीमान् वा नजिकको नातेदारको हत्या हुँदा वा घाइते हुँदा सम्पत्ति तथा कल्याणसम्बन्धी विभेदकारी कानुनहरूका कारण उनीहरू विशेष रूपमा जोखिमशील रहे । आफ्ना घर छोड्न बाध्य बनाइएका महिलाहरूले साधनस्रोत तथा सीपको अभावका कारण मर्यादापूर्ण रोजगारी फेला पार्नमा ठूलो कठिनाइ भोग्नुपऱ्यो । बाँच्न तथा आफ्नो परिवारको जीवन धान्न विस्थापित महिलाहरू प्रायः शोषणयुक्त वातावरणमा काम गर्न बाध्य भएका थिए, जसले गर्दा शोषण तथा लाञ्छनाप्रति जोखिमशील बन्नपुगे ।

घरेलु हिंसाको शिकार भएका महिला तथा बालबालिकाका अधिकार प्रवर्द्धन गर्ने तथा संरक्षण गर्ने कुनै कानुन नेपालमा छैन । त्यसैले त्यस्ता अपराध गर्नेविरुद्ध पर्याप्त कानुनी कारबाही गर्ने प्रहरीको क्षमता सीमित छ । उनीहरू अधिकांश मात्रामा यस्ता द्वन्द्वको समाधान दम्पतीबीच मध्यस्थताको माध्यमबाट गर्दछन् र केही मुद्दाहरूमा अपराध गर्नेलाई तर्साउने वा केही दिन थुनामा राख्ने गर्दछन्; नियमित रूपमा अस्तित्वमा आइरहेको हिंसालाई रोकथाम गर्नका लागि यो प्रयास पर्याप्त भने छैन ।

## नेपाल प्रहरी : महिला तथा बालबालिकासम्बन्धी मुद्दा हेर्ने क्षमता

नेपालले बिनाकुनै शर्त महिलाविरुद्ध हुने सबै किसिमका विभेद उन्मूलनसम्बन्धी महासन्धि (सिडअ) र बालअधिकार महासन्धि (सीआरसी) मा हस्ताक्षर गरेको छ र यिनीहरूको अनुमोदन गरेको छ । ती महासन्धिहरूमा व्यक्त गरिएका प्रतिबद्धताहरू अनुरूप तथा यस मुद्दामा काम गरिरहेका विभिन्न संस्थाहरूको दबाबका कारण नेपाल प्रहरीले विभिन्न किसिमका अपराधबाट पीडित महिला तथा बालबालिकालाई न्यायमा पहुँच उपलब्ध गराउन विस्तारै प्रयास गर्दै आएको छ । प्रहरीमा महिलाको पहुँच बढाउनका लागि महिला प्रहरी अधिकारीहरूको एउटा विशेष अनुसन्धान टोलीको आवश्यक रहेको अनुभव प्रहरीले सन् १९९६ मा गऱ्यो । यसैको फलस्वरूप नक्सालस्थित प्रहरी प्रधान कार्यालयमा 'केन्द्रीय महिला सेवा केन्द्र' स्थापना गरियो । यस जिल्लाका अतिरिक्त, चारवटा अन्य जिल्लामा महिला सेवा केन्द्रहरू स्थापना गरिए । यस्ता केन्द्रहरूमा अधिकांश मात्रामा महिला प्रहरी अधिकारीहरूलाई खटाइए । नेपाल प्रहरीबाट उपलब्ध जानकारी अनुसार गतवर्ष महिला प्रहरीको कुल सङ्ख्या एक हजार ६६२ (३.५१ प्रतिशत) रहेको थियो; तीमध्ये सीमित सङ्ख्या मात्र वरिष्ठ पदहरूमा पुगेका छन्- वरिष्ठ प्रहरी उपरीक्षक तीनजना हुनुहुन्छ भने प्रहरी नायब उपरीक्षक सात जना हुनुहुन्छ ।

महिला सेवा केन्द्रहरूको मुख्य कार्य प्रमुख जिल्ला अधिकारी एवं स्थानीय महिला विकास अधिकारीजस्ता सरकारी एकाइहरू, महिला अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू तथा नागरिक समाजसँगको निकटतापूर्ण सहयोगमा महिलाविरुद्धका अपराधबारे अनुसन्धान गर्नु थियो । स्थापनाकालमा ती केन्द्रहरू महिलासम्बन्धी मुद्दाहरूमा मात्र केन्द्रित रहे पनि पछि उनीहरूका सेवा बालबालिकासम्बन्धी क्षेत्रमा पनि विस्तार गरियो । हिजोआज ती केन्द्रहरू महिला तथा बालबालिका सेवा केन्द्रको नामबाट चिनिन्छन् । यस्ता सेवाहरूका लागि बढ्दो मागसँगै अन्य जिल्लाहरूमा पनि यस्ता केन्द्रहरू क्रमिक रूपमा थप्दै लगिएका छन् । अहिले नेपालका विभिन्न स्थानमा २२ वटा महिला तथा बालबालिका सेवा केन्द्रहरू स्थापना गरिएका छन् तर सशस्त्र विद्रोहका कारण साधनस्रोत विनियोजन तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि दुवै दृष्टिकोणबाट ती केन्द्रहरू नराम्ररी प्रभावित भएका छन् ।

यी केन्द्रहरू स्थापना हुनुपूर्व महिला तथा बालबालिकासम्बन्धी सम्पूर्ण मुद्दाहरूको सुनुवाइ पुरुष अनुसन्धान अधिकारीहरूबाटै हुने गर्दथ्यो । यसले गर्दा अधिकतम गोप्यता निर्वाह गर्नुपर्ने संवेदनशील विषयहरूबारे जाहेरी गर्नुपर्दा हिंसाबाट पीडितहरूलाई निकै कठिनाइ पर्थ्यो । यी केन्द्रहरूको स्थापनापछि भने हिजोआज महिला तथा बालबालिकाले भोगेका हिंसासम्बन्धी मुद्दाहरू ती एकाइहरूमा काम गर्नेहरूबाटै हुने गरेको छ ।

कालिमाटी महिला सेलका प्रमुख प्रहरी नायब उपरीक्षक दुर्गा सिंहका अनुसार यस व्यवस्थाले गर्दा महिलाहरूका मुद्दालाई थप प्रभावकारी एवं संवेदनशील रूपमा सम्बोधन गर्ने कार्यमा केही थप सुधार भएको छ । ती केन्द्रहरूले महिला तथा बालबालिकाविरुद्धका हिंसासम्बन्धी मुद्दाहरूसँग निकट समन्वय राखी काम गरिरहेका भए पनि घरेलु हिंसाविरुद्ध कुनै कानुन नभएका कारण अपराध गर्नेहरूलाई दण्डित गर्ने काम कठिन छ । त्यसैले घरेलु हिंसासम्बन्धी कुनै जाहेरी पर्दा थोरै मात्र कारबाही हुने गरेको छ ।

## जाहेरीका किसिमहरू

केन्द्रका अधिकारीहरूका अनुसार उनीहरूले हेर्ने अधिकांश जाहेरीहरू घरेलु हिंसा, बलात्कार, यौन हिंसा, बेचबिखन तथा बहुविवाहसँग सम्बन्धित छन् । द्वन्द्वका कारण जाहेरीको सङ्ख्यामा वृद्धि भएको छ तर जाहेरीका प्रकृति कम वा बेसी उस्तै प्रकारका रहेको उनीहरू बताउँछन् । साथी (सन् १९९२ देखि महिलाविरुद्धका हिंसासम्बन्धमा काम गर्दै आएको एक गैरसरकारी संस्था)द्वारा सञ्चालित महिला सेल्टरका कर्मचारीको अनुभवमा भने द्वन्द्व सुरु भएपछि पीडितहरूको जनसाङ्ख्यिक परिभाषा तथा अपराधका किसिममा परिवर्तन आएको छ । विगतमा सेल्टरमा आउने अधिकांश पीडितहरू २५ वर्षभन्दा माथिको उमेरका हुन्थे र उनीहरू घरेलु हिंसा तथा बहुविवाहजस्ता अपराधबाट पीडित हुन्थे । गत पाँच वर्षको अवधिमा भने सेल्टरमा आउने पीडितहरूमध्ये ९० प्रतिशत १४ वर्षदेखि २५ वर्ष उमेरबीचका किशोरीहरू रहेका छन् । उनीहरू रोजगारीको खोजीमा सहरतर्फ आउने द्वन्द्वपीडित क्षेत्रका आप्रवासीहरू हुन् । यस क्रममा उनीहरू विवाहइतर सम्बन्धको सजिलो शिकार हुनपुग्छन्, गर्भवती हुन्छन् र पुरुषबाट परित्यक्त हुन्छन् । त्यस्ता पुरुषहरूमध्ये उल्लेख्य सङ्ख्या सेना तथा प्रहरीका विवाहित पुरुषहरू हुने गरेका छन् ।

## महिलाविरुद्ध हिंसाका घटनामा प्रहरी कारबाही

महिलाविरुद्ध हिंसालाई सम्बोधन गर्नमा कायम रहेका समस्याहरूमध्ये एउटा प्रहरी अधिकारीहरूमा समझदारी तथा संवेदनशीलताको अभाव हो । सामान्यतयाः कुनै प्रकारका यौन हिंसा वा घरेलु हिंसासम्बन्धमा जाहेरी दिन कोसिस गर्ने महिलाहरूले त्यति सक्षम नभएको र कहिलकाहीँ पूर्ण रूपमा अपमानजनक प्रहरी व्यवस्था सामना गर्दछन् । सामान्यतयाः आपराधिक न्याय प्रणालीसँगको पहिलो सम्पर्क बिन्दु प्रहरी व्यवस्था हुने भएकोले महिला पीडितहरू यौन वा अन्य हिंसाका लागि न्याय खोज्ने क्रममा प्रक्रियाको थालनीदेखि नै विभिन्न अवरोधहरू सामना गर्न बाध्य हुन्छन् ।

बलात्कार तथा घरेलु दुर्व्यवहारसँग जोडिने लज्जाका कारण त्यस्ता हिंसाबाट पीडित महिलाहरू प्रहरीको दुर्व्यवहारप्रति विशेष रूपमा जोखिमशील हुन्छन् । कैयौं महिला पीडितहरूले प्रहरी उनीहरूलाई विश्वास गर्न नचाहने तथा होच्याएर तथा अपमान गरेर उनीहरूलाई थप पीडित बनाउने गरेको गुनासो गरेका छन् । यौन तथा घरेलु हिंसाका सन्दर्भमा कुनै कानुनी व्यवस्था नभएको कारणले यस्ता कुराहरूलाई पूर्ण अपराधका रूपमा लिन पनि प्रहरीहरू प्रायः हिचकिचाउने गर्दछन् । उनीहरूले गर्ने नाम मात्रको कारबाही पनि सार्वजनिक अपराध ऐन अन्तर्गत हुने गरेको छ । त्यसैले घरेलु हिंसाका घटनामा उनीहरूले आफ्नो भूमिकालाई मध्यस्थकर्ताका रूपमा बढी हेर्ने गरेका छन् ।

विभिन्न किसिमका यौन तथा घरेलु हिंसाबाट पीडितहरूसँग गरिएको कुराकानीबाट प्रकाशमा आए अनुसार उनीहरू आफ्नै प्रयासमा प्रहरी चौकीहरूमा जाँदा उनीहरूका गुनासोहरूलाई सम्बोधन गरिँदैनन् । महिला संस्थाहरूमार्फत जाँदा मात्र उनीहरूका जाहेरी दर्ता गरिन्छन् । महिलाहरूका जाहेरी दर्ता गरिए पनि त्यसबारे विस्तृत रूपमा अनुसन्धान नगरिनु महिलाहरूले सामना गर्ने सबैभन्दा ठूलो साझा समस्याका रूपमा रहेको छ । परिणामस्वरूप, कतिपय महिलाहरू दुर्व्यवहारबारे उजुरी दिन निरुत्साहित भएका छन् र प्रहरीको सम्पर्कमा जानुलाई उनीहरूले निष्फल प्रयासका रूपमा लिने गरेका छन् । अपराधबारे जानकारी दिन कोसिस गर्नेहरूमध्ये कतिपयले महत्वपूर्ण रूपमा उल्लेख गरे अनुसार असंवेदनशील प्रहरी अधिकारीहरूको सामना गर्ने काम हिंसा आफैभन्दा पनि बढी पीडाजनक हुने गरेको अनुभव उनीहरूको छ ।

महिलाहरूले प्रहरीसँग सामना गर्ने संस्थागत अवरोधहरू अतिरिक्त, साथीको सेल्टरमा उल्लेख्य सङ्ख्यामा आउने गरेका घटनाहरू प्रहरी दुर्व्यवहारबाट पीडित हुनेहरूको रहने गरेको छ । सबैभन्दा आम प्रहरी अपराध भनेको सार्वजनिक स्थानहरू र कार्यस्थलमा गरिने मौखिक तथा भौतिक हिंसा हो । यसका अतिरिक्त प्रहरी अधिकारीहरूद्वारा गर्भ बोकाइएका र त्यसपछि छोडिएका कैयौं महिलाहरू सेल्टरमा आउने गरेका छन् ।

## प्रहरी तथा गैसस सहकार्य

लैङ्गिक विभेद तथा हिंसाको समस्या जटिल छ र यसको समाधानका लागि परिवारदेखि राज्यसम्मका विभिन्न तहहरूमा विभिन्न किसिमका हस्तक्षेपहरू आवश्यक छ । यस सन्दर्भमा प्रहरीले महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने कुरा बढ्दो रूपमा स्पष्ट भएको छ । महिलाहरूका आवश्यकतासम्बन्धमा संवेदनशील रूपमा काम गर्न प्रहरी बल प्रतिबद्ध नभएसम्म र पूर्ण रूपमा साधनस्रोत नभएसम्म दैनिक रूपमा हिंसाबाट पीडित हुने लाखौं महिलाको उद्धार हुने छैन ।

## प्रशिक्षण

कैयौं महिला तथा बालबालिकासम्बन्धी संस्थाहरूले महिला तथा बालबालिकाविरुद्धका हिंसाविरुद्ध सङ्घर्ष गर्ने प्रयासका क्रममा विभिन्न सरोकार पक्षहरूबीच वर्षौंदेखि अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । ती प्रशिक्षणहरू हिंसाका विविध आयामहरूमा चेतना अभिवृद्धि गर्ने, विभिन्न पक्षहरूका भूमिकाको विश्लेषण गर्ने, हिंसासम्बन्धी मुद्दाहरूमा प्रत्यक्ष एवं परोक्ष रूपमा काम गर्नेहरूको क्षमता अभिवृद्धि गर्ने तथा सञ्जाल सशक्तीकरण गर्ने उद्देश्यले आयोजना गर्ने गरिएका छन् । प्रहरीको प्रतिनिधित्व तथा सहभागिता यस्ता प्रशिक्षणहरूको एक महत्वपूर्ण अंशका रूपमा रहेको छ । विभिन्न प्रशिक्षण सत्रहरूमा हुने गरेको प्रहरी अधिकारी तथा गैसस कार्यकर्ताहरूबीचको सहकार्यबाट विचार तथा अनुभवहरू फलदायी रूपमा आदान-प्रदान गर्न तथा गैसस कार्यकर्ताहरू र प्रहरी अधिकारीहरूबीचको खाडल पुर्न योगदान दिएको छ र घरेलु तथा अन्य सामुदायिक हिंसाहरूलाई थप प्रभावकारी रूपमा सम्बोधन गर्न तथा समाधान गर्न उनीहरूलाई सक्षम बनाएको छ ।

## पीडितलाई सहयोग

नेपालमा महिला तथा बालबालिकाका लागि साथी, माइती नेपाल, महिला पुनःस्थापना केन्द्र (वोरेक) र बाल मजदुर सरोकार केन्द्र नेपाल (सीविन) जस्ता विभिन्न गैरसरकारी संस्थाहरूले धेरै सेल्टरहरू सञ्चालन गरिरहेका छन् । हिंसाबाट पीडितहरूका लागि सेल्टर, औषधि उपचार वा परामर्शजस्ता तात्कालिक सहयोग गर्ने क्षमता प्रहरीसँग नभएका कारण यी सेल्टरहरू विशेष रूपमा महत्वपूर्ण छन् । यसले गर्दा प्रहरीहरूले आफूकहाँ आउने अधिकांश पीडितहरूलाई गैरसरकारी संस्थाहरूद्वारा सञ्चालन गरिएका सेल्टरहरूमा पठाउन सक्षम भएका छन् । यसबाट गैरसरकारी संस्थाहरू तथा प्रहरीबीच निकट संवादका लागि सहयोग पुगेको छ । यसरी सेल्टरहरू सञ्चालन गर्नमा प्रहरी महत्वपूर्ण साझेदार भएका छन् ।

प्रहरीद्वारा सेल्टरमा पठाइएका बाहेकका महिलाहरूका उजुरीहरू उनीहरू सेल्टरमा आउनेबित्तिकै र सेल्टरबाट निस्कनुभन्दा अघि स्थानीय प्रहरी चौकीमा दर्ता गरिन्छन् । पीडितहरूको सुरक्षाका लागि यो सहकार्य आवश्यक छ । हिंसा गर्ने अपराधीहरूलाई न्यायिक निकायमा पुऱ्याउनका लागि प्रहरीको सहायता प्राप्त गर्न यस अन्तर्क्रियाले पनि अधिकांश हिंसाबाट पीडितहरूलाई सहयोग पुऱ्याएको छ ।

## बेचबिखन

बेचबिखनसम्बन्धी समस्याको सामना गर्न गैससहरूलाई सहयोग गर्नमा पनि प्रहरी इच्छुक देखिएको छ । उदाहरणका लागि प्रहरीले नेपालगञ्जको सीमा बिन्दुमा साथीसँग साझेदारीमा काम गरेको छ । साथीका क्रियाकलापहरूमा त्यसका कर्मचारीहरूलाई सहयोग गर्न स्थानीय महिला तथा बालबालिका सेवा केन्द्रले आफ्ना एकजना अधिकारी साथीलाई उपलब्ध गराएबाट यस्तो भएको हो । उक्त प्रहरी अधिकारीको उपस्थितिका कारण साथीका कर्मचारीहरूलाई सोधपूछका लागि रोकेका मानिसहरूसँग नडराई आफ्नो काम प्रभावकारी रूपमा गर्न निकै सजिलो भएको छ ।

### प्रमुख मुद्दाहरू

- घरेलु हिंसासम्बन्धी कानुनको अभावमा यौन हिंसाजस्ता घरेलु हिंसासम्बन्धी जाहेरीहरूप्रति प्रहरी सामान्यतयाः उत्तरदायी रहेको छैन । यसका अतिरिक्त प्रहरीले घरेलु हिंसालाई सामान्य घरेलु कुराका रूपमा व्यवहार गर्ने गरेको देखिन्छ र हिंसाका अपराधीहरूविरुद्ध अभियोग लगाउन हिच्किचाएको देखिन्छ ।

- धेरै जिल्लाहरूमा महिला तथा बालबालिका सेवा केन्द्रहरूको स्थापनाका कारण महिला तथा बालबालिकाले सामना गरिरहेका विभिन्न किसिमका हिंसासम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्न सहयोग पुगेको छ । यी संवेदनशील मुद्दाहरूसम्बन्धी काम गर्नमा भने केन्द्रमा रहेका अधिकारीहरूमा संवेदनशीलता, सीप तथा लगनशीलताको अभाव रहेको बेलाबेलामा देखिएको छ ।

- सामाजिक संस्थाका माध्यमबाट प्रहरीको सहयोगका लागि पुग्दा दुर्व्यवहारका शिकारहरूलाई भिन्नै किसिमबाट व्यवहार गर्ने गरिएको पनि स्पष्ट छ । स्वतन्त्र रूपमा न्यायको खोजीमा गएका महिलाले कुनै उपलब्धि हासिल गर्न प्रायः कठिनाइ सामना गर्दछन् ।

- सही अवसर तथा वातावरण उपलब्ध भएका कारण तथा दृढ एवं नियमित अन्तर्क्रियाका माध्यमबाट प्रहरीहरू आम धारणाका विपरीत परिवर्तन तथा लैङ्गिकतामा आधारित हिंसालाई थप कुशल एवं प्रभावकारी रूपमा समाधान गर्ने नीति ल्याउन र कार्यान्वयन गर्न सकारात्मक रहेको छ ।

## सुझावहरू

- महिला तथा बालबालिकासम्बन्धी मुद्दाका लागि जिम्मेवार प्रहरी अधिकारीमा केन्द्रित लैङ्गिक सचेतीकरणजस्ता नियमित शैक्षिक कार्यक्रमहरूले हिंसाबाट पीडितहरूको न्याय पहुँचमा सुधार गर्न सहयोग गर्न क्छ ।

- कुल प्रहरीहरूमा ३.५१ प्रतिशत मात्र महिला छन् । महिला भर्तीमा वृद्धि तथा प्रहरी बलभित्र निर्णय लिने पदहरूमा महिलाको अल्प प्रतिनिधित्वलाई सम्बोधन गर्नाले पनि प्रहरीमा थप लैङ्गिक संवेदनशीलता हासिल गर्नमा सहयोग पुग्नसक्छ ।

- प्रहरी प्रणालीमा लैङ्गिक मुद्दाहरूलाई मूल प्रवाहीकरण गर्नका लागि प्रशिक्षण सामाग्रीहरू, प्रतिवेदनहरू, कार्यशालाहरू तथा मूल्याङ्कन साधनहरू जस्ता सहकार्यमूलक परियोजनाहरू तयार गरिनुपर्दछ । प्रहरीलाई अन्तर्राष्ट्रिय महासन्धिहरू तथा प्रतिबद्धताहरूबारे सचेत बनाइनुपर्दछ । नेपालले हाल सामना गरिरहेको द्वन्द्वोत्तर चुनौतीहरूका सन्दर्भमा महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रस्ताव नं. १३२५ विशेषगरी सान्दर्भिक छ ।

- प्रहरी जवान एकेडेमीहरूका पाठ्यक्रममा सबै किसिमका लैङ्गिक हिंसासम्बन्धी मुद्दाहरूलाई समावेश गरिनुपर्दछ । सम्पूर्ण वरिष्ठ जवानहरूले आफ्ना प्रशिक्षणकै अंशका रूपमा महिला तथा बालबालिकाका मुद्दाहरू सम्बन्धलाई सम्बोधन गरिरहेका गैरसरकारी संस्थाहरूसँग पनि काम गर्नुपर्दछ ।

- सबै जिल्लाहरूमा महिला तथा बालबालिका सेवा केन्द्रहरू स्थापना गरिनुपर्दछ र तिनीहरूलाई लैङ्गिकतामा आधारित हिंसासम्बन्धी मुद्दाहरू सम्हाल्नका लागि पर्याप्त साधनस्रोत, अधिकार तथा क्षमतायुक्त बनाइनुपर्दछ ।

# प्रहरी सुधारमा सामाजिक समावेशीकरण

- शोभा गौतम

“प्रहरीको वास्तविक अर्थ ‘सर्वसाधारणको सुरक्षाका लागि सरकारद्वारा नियुक्त’ हो” तर हामीले प्रहरी क्रियाकलापहरूमाथि दृष्टि दियौं भने उनीहरू अपशब्द प्रयोग गर्दै सर्वसाधारणमाथि दमन गर्ने तथा किशोरीहरूमाथि गरिने यौन हिंसामा संलग्न रहने भ्रष्टको पर्यायवाचीका रूपमा परिचित रहेको पाउँछौं । त्यसैले मेरा बालबालिकालाई प्रहरी सेवामा लाग्नका लागि सल्लाह दिन वा प्रोत्साहित गर्न म खासै मन पराउँदिनँ तर आफूलाई मन पर्ने पेशामा लाग्ने अधिकार सबैलाई हुन्छ । त्यसैले मेरा छोराछोरीले आफूलाई मन परेको पेशा छानेमा म त्यसमा सहमत हुनुपर्छ ।

- झापा जिल्लाकी एक महिला

## समावेशी भनेको के हो ?

सम्पूर्ण जाति, वर्ग, लिङ्ग तथा भाषिक समूहहरूलाई बिना कुनै विभेद राज्यका सम्पूर्ण संरचना तथा प्रत्येक किसिमका निर्णय-प्रक्रियामा समान रूपमा सहभागी गराउनु नै समावेशी हो । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (सन् १९४८) को धारा २ मा उल्लेख गरिएको छ- “जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचार, राष्ट्रियता वा सामाजिक मूल, सम्पत्ति, जन्म वा अन्य अवस्था जुनसुकै भए पनि सबैजना यस घोषणापत्रमा उल्लेख गरिएका सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरू उपभोग गर्न स्वतन्त्र छन् ।” त्यसैले संयुक्त राष्ट्रसङ्घले सबै सदस्य राष्ट्रमाथि आ-आफ्ना जनतालाई समान स्तर तथा अवसर उपलब्ध गराउनुपर्ने दायित्व सिर्जना गर्ने कानुनी मापदण्ड स्पष्ट रूपमा तयार गरेको छ ।

## प्रहरी सुधार भनेको के हो ?

प्रहरी सुधारको सामान्य अर्थ कानुन लागू गर्ने अधिकारीहरूलाई समुदाय तथा सर्वसाधारणहरूका आवश्यकताहरूप्रति संवेदनशील बनाउन उनीहरूमा भएका सम्पूर्ण नकारात्मक प्रवृत्तिहरू तथा व्यवहारहरूलाई हटाउनु हो । यसले प्रहरीलाई सामाजिक समस्याहरूको मध्यस्थता तथा स्थानीय समस्या समाधानलाई सहजीकरण गर्ने क्षमतामा अभिवृद्धि गर्न सक्षम बनाउँछ । प्रहरी सेवामा सबै

समूहहरूको आनुपातिक सम्मिलनले यो लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउनेछ किनभने यसो गर्नाले प्रहरी भनेको सबै समुदायको प्रतिनिधि हुन् भन्ने सुनिश्चित गर्नेछ र सबैको सहानुभूति प्राप्त गर्नुका साथै सबैका लागि स्वीकार्य बनाउनेछ । फलस्वरूप प्रहरीले समाजमा बृहद् पहुँच प्राप्त गर्न सक्नेछ । यो उपलब्धिले गर्दा अपराध अनुसन्धान तथा व्यवस्थापनमा सुधार गर्न सघाउ पुग्नेछ ।

नेपालमा समुदायमा केन्द्रित प्रहरी स्वरूप पहिलोपटक सन् १९८४ मा स्थापित गरिएको थियो । यस प्रक्रियाको अधिकार क्षेत्र सर्वसाधारण जनतालाई 'घरदैलोमा सेवा' उपलब्ध गराउनु थियो ।[1] सुरुमा यो जनमुखी पद्धति कानुन कार्यान्वयनकर्ता तथा स्थानीय समुदायहरूलाई सँगसँगै काम गर्न सक्षम बनाउन सफल रह्यो । सरकारी सुरक्षा बल तथा नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीच द्वन्द्व चर्किएपछि भने यो प्रहरी प्रणालीको प्रभावमा ह्रास आयो । सुरक्षामा बढी जोड दिइएका कारणले यसो भएको हो । सेवामुखी कानुन कार्यान्वयन विधिमा फर्किन राम्ररी सक्षम हुनका लागि नेपाल प्रहरीले आफू सबै समूहहरूका आवश्यकताको प्रतिनिधि हो भन्ने सुनिश्चित गर्दै बृहद् सामाजिक समावेशीकरणलाई प्रोत्साहित गर्नु आवश्यक छ ।

## नेपाली प्रहरी बल तथा समावेशीपना

नेपाल प्रहरी सन् १९९० को प्रजातान्त्रिक शासन व्यवस्थाभन्दा पहिला निकै समावेशी रहेको तर्क केही उच्चपदस्थ अधिकारीहरू गर्दछन् । अहिले नेपाल प्रहरीका उच्च ओहदाहरूमा दलित, महिला तथा अन्य अल्पसङ्ख्यक समूहहरूको प्रतिनिधित्व थोरै सङ्ख्यामा मात्र छ । वर्तमान परिस्थितिको एक उदाहरण यस्तो छ- १९ जना प्रहरी नायब महानिरीक्षकमध्ये दुईजना मात्र दलित छन् र चारजना दलित मात्र प्रहरी नायब उपरीक्षक ओहदामा छन् । ती सबै अधिकारीहरू पञ्चायतकालदेखि नै प्रहरी सेवामा थिए । यसका अतिरिक्त प्रहरी सेवामा रहेका ४७ हजार ३४९ जनामध्ये ३.८ प्रतिशत मात्र महिला छन् । आजसम्म पनि प्रहरीमा लैङ्गिक तथा जनजातीय सन्तुलन रहेको प्रमाण बिरलै पाइन्छ ।

यसका अतिरिक्त प्रहरी सेवामा भाषिक तथा क्षेत्रीय असमानता पनि स्पष्ट छ । पञ्चायती व्यवस्थाको समयमा मोतीलाल बोहरालाई नियुक्त गरिएपछि उहाँको गृहक्षेत्रबाट आएकाहरूलाई स्पष्ट रूपमा प्राथमिकतापूर्ण व्यवहार गरिएको थियो । फलस्वरूप, धेरै मानिसहरूका चासोको प्रतिनिधित्व पर्याप्त मात्रामा भएन र बदलामा कानुन कार्यान्वयनसम्बन्धी व्यवस्थाहरूसमक्ष अवरोध सिर्जना भयो ।

---

[1] चुडाबहादुर श्रेष्ठ, माओवादी विद्रोहसँग सामना, द्वन्द्व विश्लेषण तथा समाधान, २००४, पृष्ठ ४४८ ।

सन् १९९८ मा प्रजातन्त्रको पुनःस्थापना भएपछि नेपाल प्रहरी बढ्दो रूपमा राजनीतिमा तानिएको थियो । यसले गर्दा प्रहरीभित्रै विभाजन बढ्न थाल्यो र कतिपय उच्चपदस्थ अधिकारीहरूले राजनीतिक संरक्षण खोज्न थाले । दलका सदस्यहरूप्रतिको बफादारीबाट समावेशी छायाँमा पर्न थालेपछि प्रहरीको समावेशी प्रकृति अवश्यम्भावी रूपमा सीमित हुनपुग्यो ।

## प्रहरीबारे जनधारणा

प्रहरी साम्प्रदायिक सुरक्षा सुनिश्चित गर्नका लागि उत्तरदायी हुन्छ भन्ने आम सोच पाइन्छ तैपनि सामान्यतयाः उनीहरूलाई भ्रष्ट, यौन व्यभिचारी तथा क्रुरका रूपमा लिइन्छ । विगत केही दशकहरूमा केही प्रहरी अधिकारीहरूले यस नकारात्मक विचारमा परिवर्तन ल्याउन कोसिस गरेका छन् र प्रतिनिधित्वमा वृद्धि गर्नका लागि योजनाहरू तयार गरेका छन् । यसबाट सामुदायिक प्रहरीको अवधारणाको विकास भएको छ । ती परियोजनाहरू निकै लोकप्रिय रहेका थिए तर आर्थिक अभाव तथा माओवादी विद्रोहको प्रभावका कारण अन्ततोगत्वा तिनीहरू असफल भएका थिए ।

निर्णय प्रक्रियामा सीमान्तीकृत प्रहरीको अवस्था प्रहरीसम्बन्धी अनुभवबारे राम्ररी जानकारी हासिल गर्ने उद्देश्यले सन् २००७ को मईमा पाँचवटै विकास क्षेत्रहरूमा समुदायहरूको सहभागितासहित केन्द्रित समूह छलफलहरू आयोजना गरिएका थिए । छलफललाई प्रोत्साहित गर्नका लागि समूहहरूसमक्ष कैयौं प्रश्नहरू राखिएका थिए । ती प्रश्नहरूमध्ये केही निम्नानुसार छन् :

- प्रहरी सेवामा सबै जाति, समूह, लैङ्गिक तथा भाषिक समूहहरूलाई स्थान दिइएको छ ?
- प्रहरीमा सबै समूहहरूले समान अवसर पाइरहेका छन् ?
- प्रहरीमा महिलाहरूलाई पर्याप्त सङ्ख्यामा रोजगारी दिइएको छ ?
- वरिष्ठ प्रहरी अधिकृत महिला भएमा उजुरी गर्न थप सजिलो होला ?

अन्तर्वार्ता गरिएकामध्ये कतिपयसँग विभेदका प्रत्यक्ष अनुभवहरू थिए । प्रहरी सेवामा कुनै एउटा मौका पाउनासाथ उच्च जातिका मानिसहरूले अन्य जाति वा समूहहरूलाई दबाउने गरेको तथ्य उल्लेख गरिएको थियो ।

स्थिति अध्ययन :

"हामी गरिब दलित समुदायका हौं । मेरो भाइले विद्यालय तथा कलेजमा अध्ययन गरेको छ र उनको एउटै मात्र अभिरुचि भनेको प्रहरीमा संलग्न भई जनताको सेवा गर्नु थियो । गत वर्ष मेरो भाइ र उनका एकजना ब्राह्मण साथीले एकजना प्रहरी नायब निरीक्षकको सहयोगमा आवेदनपत्र भरेका थिए । उनीहरू अन्तर्वार्ताका लागि जाँदा प्रहरीद्वारा उनीहरू दुईजनालाई गरिएका व्यवहार तथा प्रयोग गरिएका भाषामा निकै भिन्नता थियो । मेरो भाइले भने अनुसार उनलाई प्रहरीमा वा कुनै राजनीतिक शक्तिशाली पदमा उनका कोही नातेदारहरू छन् वा छैनन् भनी सोधिएको थियो । प्रहरीमा वा सत्ताको कुनै पदमा उनका कोही नातेदार नभएका कारण उनले उक्त पदमा नियुक्ति पाउन सकेनन् ।"

- एक किशोरी (दलित), सिन्धुली ।

नेपालको प्रहरी सेवाका तल्ला तहहरूमा समावेशीपनाका केही उदाहरणहरू छन् । पदोन्नतिको अवसर आउँदा भने तल्ला जाति, केही निश्चित भाषिक समूहहरू तथा महिलाहरू सीमान्तीकृत भएका देखिन्छन् । केन्द्रित समूह छलफलको निष्कर्षमा इङ्गित गरिए अनुसार प्रगतिका लागि यस्तो अवसरको अभाव समस्यामूलक छ, उदाहरणका लागि महिलाहरू महिला प्रहरी अधिकारीसँग कुराकानी गर्न बढी सजिलो मान्छन् ।

## प्रहरीमा सीमान्तीकृत समूहहरूलाई कसरी समावेश गर्न सकिन्छ

समाजमा जीवनयापन गरिरहेका सबै मानिसहरूलाई समान अवसर उपलब्ध गराउनका लागि नेपाली प्रहरी प्रणालीमा निम्नलिखित व्यवहारगत गुणहरू प्रवर्द्धन गरिनुपर्दछ । सबैभन्दा पहिले धारा २१ (सबै जाति, वर्ग, समूह, धर्म तथा लिङ्गको समावेशीकरणसम्बन्धी सिद्धान्त) प्रतिविम्बित हुनेगरी प्रहरी ऐन (सन् १९५५)लाई संशोधन गरिनुपर्दछ । स्वतन्त्र सुपरीवेक्षण आयोग तयार गरी प्रहरीमा पारदर्शिता अभिवृद्धि गर्नु तथा सञ्चालन व्यवस्थामा सुधार गर्नु पनि महत्वपूर्ण छ ।

प्रहरीहरूले आफैंबीच तथा समुदायहरूसँग प्रभावकारी रूपमा काम गर्न सकोस् भन्ने उद्देश्यले 'साझेदारीमा प्रहरी व्यवस्था' ढाँचा विकास गरिनु पनि आवश्यक छ । यसका लागि प्रहरीहरूलाई पर्याप्त प्रशिक्षण दिइनु आवश्यक छ भने प्रत्येक समुदायको स्थानीय भाषामा कुराकानी गर्न पनि उनीहरू सक्षम हुनुपर्छ । साम्प्रदायिक सम्बन्धमा सुधार गर्न तथा अधिकांश मानिसहरूलाई प्रहरीमा जाहेरी दिन सशक्त बनाउन जिल्लाहरूमा थुप्रै महिला तथा अल्प-प्रतिनिधित्व भएका समूहहरूका मानिसहरूलाई नियुक्त गर्न पनि आवश्यक छ ।

## सम्भावित चुनौतीहरू

प्रहरीभित्र बृहद् समावेशीकरण लागू गरिनुका लाभहरू भए पनि सकारात्मक सामाजिक लाभहरूलाई पनि ध्यानमा राखिनु आवश्यक छ । अहिलेको अवस्थामा केही जाति तथा समूहहरूले उपभोग गरिरहेको शिक्षाको स्तर पर्याप्त छैन । समुदायको हितका लागि सबै समूहलाई प्रतिनिधित्व गराइनु अत्यावश्यक छ भने कुनै पनि मूल्यमा त्यसो गर्नाले आफ्ना जिम्मेवारी पालना गर्ने प्रहरीको क्षमता कम हुनसक्छ । त्यसैले समावेशीकरण तथा अवसरमा पहुँचसम्बन्धी मुद्दालाई नेपाली जीवनका विभिन्न पक्षहरूभरि नै सम्बोधन गरिनुपर्ने कुरा स्पष्ट छ तर यस्ता कुरामा संलग्न हुने राजनीतिक तत्परता वर्तमान अवस्थामा नदेखिएकाले यो आवश्यकता समाधान गर्न भने कठिन हुनसक्छ ।

यसका अतिरिक्त, आनुपातिक रूपमा प्रतिनिधिमूलक प्रहरी प्रणाली सिर्जना गर्दा आर्थिक लगानी पनि गर्नुपर्ने हुन्छ किनभने राष्ट्रमा थपिने प्रहरी अधिकारीहरूका लागि राष्ट्रबाट ठूलो वित्तीय प्रतिबद्धता आवश्यक हुनेछ । अल्पकालीन रूपमा यो भारबहनका लागि दाताहरूबाट सहयोग पाइनसक्छ भने दीर्घकालीन रूपमा भने ठूलो प्रहरी सङ्ख्यालाई धान्ने क्षमता नेपाल आफैंमा हुनुपर्छ ।

## सामाजिक समावेशीकरण, राजनीतिक एवं सामाजिक गन्यमान्य वर्ग तथा सुधार

प्रहरीभित्र समावेशीकरणको आवश्यकतासम्बन्धी चेतना तथा विभेद उन्मूलनका लागि प्रतिबद्धता सम्पूर्ण राजनीतिक समूहहरूमा हुनु निकै महत्वपूर्ण छ । सामाजिक समावेशीकरण, प्रहरीका सन्दर्भमा सकारात्मक विभेदसम्बन्धमा नयाँ कानुन पारित गरेर तथा आधारभूत प्रहरी प्रशिक्षणमा मानवअधिकार र मानवीय कानुनहरू पनि समावेश गरेर यस उद्देश्य हासिल गर्न सकिन्छ । यस सन्दर्भमा राजनीतिक दलहरूलाई फाइदा पुऱ्याउन चेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक छ ।

लैङ्गिक सचेतना, प्रभावकारी व्यवस्थापन अभ्यासहरू, नैतिकता तथा समुदायप्रतिको सम्मानको महत्वमा जोड दिँदै प्रहरीलाई सेवाकालीन प्रशिक्षण गराइनुपर्छ । महिला तथा अल्प-प्रतिनिधित्व भएका समूहहरूसम्बन्धी उत्तरदायित्वहरूमा जोड पुगोस् भन्ने उद्देश्यले प्रहरी अधिकारीको परीक्षा सञ्चालन गर्नुपूर्व अतिरिक्त कक्षाहरू सञ्चालन गरिनुपर्दछ ।

## निष्कर्ष

थप उपलब्धिमूलक तथा सेवामूलक प्रहरी सेवाको प्रवर्द्धनका लागि प्रहरी बलका विभिन्न तहमा समावेशीकरण आवश्यक छ । महिला तथा अल्प-प्रतिनिधित्व भएका समूहहरूमा प्रहरीप्रतिको विश्वास बढाउन तथा बृहद् सेवा व्यवस्थालाई सहज पार्न यसो गर्नुपर्छ । हाल नेपाल प्रहरीका सबै तहहरूमा केही सीमित प्रतिनिधित्व विद्यमान छ तर यो पर्याप्त छैन र उच्च जाति तथा भाषिक समूहहरूका सीमित सङ्ख्याले प्राथमिकतापूर्ण अवसरहरू उपभोग गरिरहेका छन् ।

नेपालमा थप खुला प्रहरी ढाँचा कार्यान्वयन गर्नमा सहयोग पुऱ्याउनका लागि केही पहलहरू कार्यान्वयन गर्न आवश्यक छ । सम्पूर्ण समूहहरूका प्रहरी अधिकारी बन्न चाहने व्यक्तिहरूलाई सक्षम बनाउने थप समावेशी शिक्षा तथा प्रशिक्षण सञ्चालन तीमध्ये एउटा हुनसक्छ । यसका अतिरिक्त, समावेशीको महत्वलाई अझ राम्ररी बुझ्न सबै राजनीतिक दल तथा निर्णयकर्ताहरू सक्षम होऊन् भन्ने उद्देश्यले उनीहरूलाई फाइदा पुग्ने गरी चेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ ।

प्रहरीभित्र विभेदलाई सीमित गर्न तथा सम्पूर्ण तहमा विभिन्न समूहहरूको बृहद् प्रतिनिधित्व गराउनका लागि थुप्रै पहलहरू कार्यान्वयन गर्नुपर्छ । यस्ता पहलहरूका रूपमा सेवाकालीन क्षमता अभिवृद्धि कार्यक्रमहरूको सञ्चालन तथा वर्तमान व्यवस्थापन प्रणालीमा सुधार जस्ता कार्यहरू हुनसक्छन् । स्वतन्त्र सुपरीवेक्षण प्रणाली सिर्जना गरेर यसमा सहयोग पुऱ्याउन सकिन्छ । सामुदायिक प्रहरी ढाँचालाई पुनःथालनी गरेर तथा निर्माण गरिएमा पनि प्रहरी सेवा लाभान्वित हुनसक्छ ।

# नेपालमा मानवअधिकार र प्रहरी

- सुबोधराज प्याकुरेल

## पृष्ठभूमिः

सरकारको तर्फबाट कानुनको अनुपालन गर्ने गराउने विषय संवैधानिक विषय हो तसर्थ नेपाल प्रहरी जनताका संवैधानिक अधिकारको रक्षा गर्नका लागि सरकारको प्रमुख प्रशासनिक निकाय हो ।

नेपाल प्रहरीका प्रमुख कार्यहरूमध्ये शान्ति-सुव्यवस्था कायम गर्नु, समुदायमा सुरक्षा सुनिश्चित गर्नु, अपराधकर्मका लागि अवसर कम गर्नु, जीउधनको सुरक्षा गर्नु र अपराधको अनुसन्धान गर्नु तथा अपराधकर्तालाई हिरासतमा राख्नु हो । यसैगरी, मानिस र सडक यातायातका साधनहरूको आवतजावतलाई सहज बनाउनु, आपत-विपतमा परेका मानिसलाई सेवा र उद्धार सहायता उपलब्ध गराउनु र घरेलु तथा अन्य प्रकारका सामाजिक झैझगडा मिलाउनु पनि नेपाल प्रहरीको जिम्मेवारी हो ।

राजाको अधिनायकवादी शासनकाल (पञ्चायती शासन) मा प्रहरीको काम भनेको खासगरी शासन व्यवस्थाको निहितार्थको रक्षा गर्नु थियो । राज्यले जनताका नागरिक तथा राजनीतिक अधिकारलाई कुल्चन र राजनीतिक दलहरूका क्रियाकलापलाई दमन गर्न यस संयन्त्रलाई व्यापक रूपमा परिचालन गरेको थियो ।

२०४७ सालमा प्रजातन्त्रको पुनर्बहाली भएपछि प्रजातन्त्रका आदर्श र जनआकांक्षा पूरा गर्न पूरक हुनेगरी प्रहरीमा सुधार हुने अपेक्षा गरिएको थियो । यस प्रक्रियालाई अघि बढाउने सन्दर्भमा २०४९ (सन् १९९२) सालमा नेपाल प्रहरीको आधुनिकीकरण गर्न एक प्रहरी सुधार आयोग गठन गरिए तापनि केही मात्र परिवर्तन हुन सक्यो । नेपाल प्रहरीमा सुधार गर्ने प्रक्रिया राजाको अक्टुबर २००२ र फेब्रुअरी २००५मा राजाले चालेका प्रतिगामी कदमका बेला र त्यसपछि धेरै नराम्रोसँग रोकियो । २०६३ मा लोकतन्त्रको स्थापना भएपछि अब आउँदा दिनमा सुधार कार्यलाई प्रेरित गर्ने हो कि होइन, हेर्न बाँकी नै छ ।

## नेपाल प्रहरीमा मानवअधिकारसम्बन्धी सचेतनता

सन् १९९९० सम्म नेपाल प्रहरी संस्थागत रूपमा र व्यक्तिगत रूपमा पनि यसका सदस्यहरूमा मानवअधिकारको अवधारणाबारेको चेतना निकै कम थियो । केही उच्च दर्जाका अधिकृतहरूको शैक्षिक पृष्ठभूमि कानुन भएकाले तिनले मानवअधिकारका आधारभूत अवधारणाबारे पढेका थिए । प्रहरीले सक्रिय रूपमा अधिनायकवादी शासनको सेवा गर्नुपर्ने हुँदा उनीहरूसँग जति र जस्तो ज्ञान भए तापनि त्यसको सार्‍है कम उपयोग गरियो ।

१९९० मा प्रजातन्त्र स्थापना भएपछि अन्तर्राष्ट्रिय समुदायले नेपालमा प्रहरीको प्रजातान्त्रीकरणको प्रवर्द्धन गर्न सुरु गर्‍यो । यसले कैयौं मानवअधिकार संगठनहरूलाई चेतना अभिवृद्धि अभियान सञ्चालन गर्न प्रोत्साहित गर्‍यो ।

सरोकारवालाहरूबीच भएको अन्तर्क्रियाले मानवअधिकारको संवर्द्धन तथा प्रहरीमा उचित सुधार गर्न विकल्पहरू अघि सार्न मद्दत गर्‍यो । सन् १९९१ देखि संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यमा खटिएपछि नेपाल प्रहरीलाई फाइदा पनि भयो । यसले गर्दा मानवअधिकारसम्बन्धी धेरै ज्ञान प्राप्त गर्न ठूलो अवसर मिल्यो । दृष्टान्तका लागि धेरै प्रहरी अधिकृतहरू संयुक्त राष्ट्रसंघको तर्फबाट वा सम्बन्धित संस्थाबाट आयोजना गरिएका तालिम, गोष्ठी र सम्मेलनहरूमा सहभागी भइरहेका छन् । यसबाट संस्थाभित्र मानवअधिकारलाई सुदृढ गर्न योगदान मिल्दैछ । यस्ता गतिविधिले नेपाल प्रहरीको तालिमको पाठ्यक्रममा मानवअधिकारसम्बन्धी अवधारणालाई समावेश गर्न सकिएको छ ।

## नेपाल प्रहरी र मानवअधिकार

सन् २००२ मा नेपाल प्रहरीको संगठनात्मक स्तरमा मानवअधिकार र संवैधानिकता तथा विधिको शासनलाई प्रवर्द्धन गर्ने प्राथमिक उद्देश्य लिएर मानवअधिकार इकाइको स्थापना भयो । यो इकाइ मानवअधिकारसम्बन्धी तालिम चलाउन जिम्मेवार संयन्त्र पनि हो । अचेल मानवअधिकार इकाइले ठूलो संख्यामा नागरिक एवं केही प्रहरी कर्मचारीबाट पनि प्रहरी ज्यादतिका बारेमा उजुरी प्राप्त गर्छ । मानवअधिकार इकाइको क्षमता अभिवृद्धि तथा संगठनमा मानवअधिकार विषयलाई मूल प्रवाहमा ल्याउन उच्च प्राथमिकता दिइएको छ ।

नेपाल प्रहरीले पाँचै क्षेत्रमा मानवअधिकारसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ । संयुक्त राष्ट्रसंघको मानवाधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयको सहयोगमा उसले आफ्ना सबै कर्मचारीका लागि मानवअधिकारसम्बन्धी हातेपुस्तक तयार गरेको छ । यस्तै एम्नेष्टी इन्टरनेसनल र रेडक्रसको अन्तर्राष्ट्रिय समिति जस्ता कैयौं संस्थाहरूले प्रहरी कर्मचारीका लागि मानवअधिकार र मानवीय कानुनसम्बन्धी प्रशिक्षण दिइरहेका छन् । नेपाली

सेना, सशस्त्र प्रहरी र गृह मन्त्रालयले पनि मानवअधिकार इकाइ स्थापना गरी प्रहरी सेवामा मानवअधिकारको सम्मानलाई प्रवर्द्धन गर्नमा सहयोग पुऱ्याएका छन् ।

सन् १९९६ को सुरुमा महिला र बालबालिकाविरुद्धको अपराध नियन्त्रण तथा रोकथामका लागि त्यस्ता अपराधीहरूको अनुसन्धान गरी कानुन अनुसार दण्डित गर्न एवं पीडितहरूका अधिकारको रक्षा गर्न नेपाल प्रहरीको केन्द्रीय कार्यालयमा महिला प्रहरी अधिकृतको परिचालन गरी महिला र बाल सेवाको स्थापना गरिएको थियो ।

नेपाल प्रहरीले समाजलाई धेरै नराम्रो असर गर्ने खालका मानव बेचबिखन, लागूऔषध दुर्व्यसन, जुवातास, देहव्यापार तथा अन्य सामाजिक अपराधहरूको न्यूनीकरणका लागि देशभरि नै सामुदायिक प्रहरी र सामुदायिक सेवा केन्द जस्ता अन्य सेवाको स्थापना गरेको थियो । सामुदायिक प्रहरीले अपराध न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि कार्यक्रमसमेत लागू गर्ने लक्ष्य राखेको थियो ।

## नेपालको प्रहरी सेवामा मानवअधिकारसम्बन्धी प्रमुख चासो

जहाँ नेपाल प्रहरीका वरिष्ठ अधिकारीहरू विभिन्न अभिसन्धि र घोषणापत्रमा दिइएका मानवअधिकारसम्बन्धी सामान्य अवधारणाहरूबारे व्याख्या गर्न जान्दछन् उहीं समग्र संस्था लोकतान्त्रिक र मानवअधिकारमा आधारित कार्यशैली इन्कार गर्ने पुरानै दिमाग र मूल्यप्रणालीको चेपुवामा परेको छ । कैयौं प्रहरी अधिकृत तथा केही कनिष्ट प्रहरी कर्मचारीहरूसँग मैले गरेका अन्तर्क्रियाबाट म के निष्कर्ष निकाल्न सक्छु भने उनीहरू अझै पनि मानवअधिकार र कानुन व्यवस्था कायम गर्ने काम सँगसँगै जान सक्तैनन् भन्ने ठान्छन् । उदाहरणका रूपमा भनौ. उनीहरू यातना नदिइकनै अपराध अनुसन्धान गर्न सकिन्छ भन्ने कुराको कल्पनासम्म पनि गर्न सक्तैनन् । यातना दिनुलाई कानुनी रूपमै अपराध करार गर्नुपर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाब हुँदाहँदै पनि नेपाल प्रहरीले नमानेका कारणले सरकारले त्यसो गर्न सकेको छैन । यसो भए तापनि अन्तरिम संविधान, २०६३ ले यातना दिनुलाई अपराध मानेको छ ।

प्रहरी सेवासँग सम्बन्धित सबै कानुनहरूको समीक्षा गर्नुपर्ने आवश्यकता अर्को प्रमुख चासोको विषय हो । नेपाल प्रहरीका कामकारबाहीलाई नियमित गर्ने सन् १९९१ मा छैठौंपटक संशोधन गरिएको र १९५५ मा बनाइएको प्रहरी ऐनमा आधारभूत मानवअधिकारका सिद्धान्तहरूको गुञ्जाइस छैन । उदाहरणका लागि प्रहरी ऐनमा गैरकानुनी थुनामा राख्ने, थुनुवालाई दुर्व्यवहार गर्ने वा हिरासतको अवस्थामा अन्य प्रकारका जनअधिकारको हनन् गर्ने प्रहरीलाई जिम्मेवार बनाउने व्यवस्था समावेश गरिएको छैन । यसले प्रमुख जिल्ला अधिकारी वा कुनै प्रहरी कर्मचारीलाई "उसले कर्तव्य पालनको सिलसिलामा गरेको" भनी कसुर नलाग्ने

क्षमतासमेत दिन्छ ।[१०३] यसका साथसाथै यसले नेपाल आफू स्वयं पक्ष रहेको यातनाविरुद्धको सन्धि (क्याट) जस्ता अन्तर्राष्ट्रिय सन्धिहरूको हवाला पनि दिइँदैन ।

मानवअधिकार एकाइबाहेक मानवअधिकारसम्बन्धी उजुरी लिने छुट्टै कुनै आधिकारिक निकाय छैन । मानवअधिकारमा सुधार गर्ने सन्दर्भमा कानुन व्यवस्था लागू गर्ने काममा समावेश गर्नका लागि मानवअधिकार इकाइको क्षमता सुदृढ गर्नु र महिला तथा बालबालिका सेवा केन्द्र एवं सामुदायिक प्रहरीको भूमिकालाई दह्रो पार्नु केही महत्वपूर्ण उपाय हुन् ।

## नेपाल प्रहरीले सामना गर्नुपरेका कठिनाइ

नेकपा माओवादीसँगको द्वन्द्वमा प्रहरी कैयौं दमनकारी गिरफ्तारी, यातना, गैरन्यायिक हत्या, बेपत्ता पार्ने र मानवअधिकारको गम्भीर किसिमले उल्लंघन गर्ने यस्तै अन्य काममा संलग्न भएको आरोप लागेको थियो । सेनाको परिचालन गर्नुभन्दा पहिले पनि यस्तो भएको थियो । २००१ देखि २००६ सम्म सरकारले माओवादीसँगको शान्तिवार्ता र युद्धविराम असफल भएपछि संकटकाल लागू गरी विद्रोह कुल्चन सेना र संयुक्त प्रहरी बलको परिचालन गऱ्यो । यसले प्रहरीको आत्मबल र क्षमतालाई कमजोर पारिदियो । सन् २००६ मा शान्ति र लोकतान्त्रिक शासनको पुनर्बहाली भएपछि पनि द्वन्द्वकालमा अपनाइएका नकारात्मक रवैयालाई फेर्ने कुनै विशेष उपाय अपनाइएन ।

द्वन्द्वोत्तर अवस्थामा व्यावसायिक शैलीमा सुधार गर्ने र मानवअधिकारका सिद्धान्तलाई सम्मान गर्ने जस्ता प्रयास गरिएको भए सुधारमा देखिएका चुनौतीहरूको सामना गर्न सफलता मिल्ने थियो । यसका साथै मानवअधिकार उल्लंघन गर्ने जोसुकैलाई अलिकति पनि सहन नगर्ने अवधारणा लागू गर्नुपर्ने हुन्छ । प्रहरीमा साहस, आदरसम्मान, अखण्डता, सेवा र व्यावसायिक दक्षता अनि प्रहरी संगठनमा सहानुभूतिशीलता ल्याउन मानवअधिकार विधि अत्यावश्यक हुन्छ ।

---

[१०३]. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, सजाय तथा अन्य क्रुर, अमानवीय, घृणित व्यबहार वा सजायसम्बन्धी महासन्धि, बालअधिकारसम्बन्धी महासन्धि, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्न बनेको महासन्धि र जातिगत विभेदका सम्पूर्ण स्वरुपको उन्मूलन गर्न बनेको अन्तर्राष्टिय महासन्धिलगायत ।

## मानवअधिकार र प्रहरीः हालैका प्रयासहरू

सन् १९९० मा प्रजातन्त्रको पुनर्बहाली भएपछि अन्तरिम सरकारले केही महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धिमा हस्ताक्षर गरेपछि[२] नेपालको राजनीतिमा मानवअधिकार मूल मुद्दाको रूपमा अगाडि आयो । अहिले नेपाल संयुक्त राष्ट्रसंघका २० र अन्तर्राष्ट्रिय श्रम संगठनका छवटा सन्धिको पक्ष भएको छ । यस्तैगरी नेपाल सन् १९४९ को चारैवटा जेनेभा महासन्धिको पक्ष पनि हो । यस्ता मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय अनुबन्धहरूको कार्यान्वयन गर्नु नेपाल प्रहरीको प्राथमिक दायित्व हो ।

मानवअधिकारलाई नेपाल प्रहरीभित्रको चालक शक्तिका रूपमा कानुन तथा कार्यविधिकै मेलोमा स्थापित गर्न बाँकी नै छ ।

जनआन्दोलन-२ पछिको समयमा प्रहरी सेवाबारे केही महत्वपूर्ण चासोहरू छन् र प्रहरीले आफ्नो कर्तव्य पालन नगरेको देखिन्छ । प्रहरी र अपराधीबीचको साझेदारी र प्रहरीको राजनीतिक दुरुपयोगमा भएको जस्ता कुरा जनताबीच रहेको असन्तुष्टि र गुनासाहरूका साझा स्रोत हुन् ।

नेपाल प्रहरीको कार्यकुशलता तथा विभिन्न सरोकारवालाहरूसँगको समन्वयलाई राम्रो बनाउन कसरी सुधार गर्ने महत्वपूर्ण प्रश्न धेरै छ । प्रहरी र जनताबीचको सहयोग मानवअधिकारका सिद्धान्तहरूको सम्मानमा आधारित हुन्छ र यो कार्यमूलक विधि पनि हो । यसले ठूलो मात्रामा जवाफदेहिता र पारदर्शिताका विषयहरूलाई समेत सम्बोधन गर्दछ । बाधकको रूपमा रहनुभन्दा सुरक्षित वातावरण तयार गरेर, लोकतन्त्रको प्रवर्द्धन गर्दै विधिको शासनका आदर्श अनुरूप कार्यविधि अपनाउँदै आमजनताको सेवा र मानवअधिकारको संरक्षण तथा जनस्वतन्त्रताको रक्षा गर्नका लागि लोकतान्त्रिक प्रहरीको निर्माण गर्नु प्राथमिक महत्वको विषय हो । अहिले सार्वजनिक बहसको सूचीमा सबैभन्दा माथि राज्यको समग्र पुनर्संरचनामा यस्ता विषय कसरी समेटिने हुन् भन्ने विषय नै छ ।

## नेपाल प्रहरीको सुधारमा मानवअधिकार एक कार्यसूची

नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बलभित्रका मानवअधिकार इकाइहरूले आफ्ना प्राथमिक उद्देश्यहरू पूरा गर्न सकेका छैनन् । त्यसकारण मानवअधिकारको संरक्षणलाई सुधार प्रक्रियामा लागेका सबै सरोकारवालाहरूको प्राथमिक चासोको विषय बनाइनुपर्छ । यसका लागि सबै तह र दर्जाका सबैजनामा मानवअधिकारका सिद्धान्तहरूबारे पर्याप्त चेतना जागृत गर्नुपर्दछ ।

नेपाल सरकारले पनि कानुन व्यवस्था कायम गर्ने विषयको राजनीतिकरण गर्ने अभ्यास बन्द गर्नुपर्दछ । यसले नेपाल प्रहरीको सबैखालका अन्तर्राष्ट्रिय प्रतिबद्धता

कार्यान्वयन गर्ने क्षमतालाई बलियो बनाउन मद्दत गर्नेछ अनि नातावाद र पक्षपात समाप्त पारी प्रगतिशील सुधार हुन सक्छ । पछि गएर प्रहरी कानुन व्यवस्थालाई प्रभावकारी ढंगले लागू गरेर दिगो शान्ति प्रक्रियामा योगदान गर्न बढी सक्षम हुनेछ ।

प्रहरी सुधारको दीर्घकालीन सफलता 'पहिले जनताको सेवा गर' भन्ने विधि अपनाउने कुरामा भर पर्छ । यसका लागि जवाफदेहिता, पारदर्शिता र दक्षता मुख्य तत्व हुन् र यी तत्वको अभाव हुन गए त्यस्तो संस्थाको स्थापना गर्नमा अवरोध उत्पन्न हुन्छ ।

यसका साथै खासगरी आर्थिक र सामाजिक रूपमा पछि परेकाहरूको सेवा गरेर 'पहिले जनताको सेवा' गर्ने संस्कृतिलाई प्रोत्साहित गरेमा जवाफदेहिता, पारदर्शिता र दक्षतामा सुधार आउनेछ । यसैगरी तल्लो दर्जाका प्रहरीहरूका लगि तयार गरिएका तालिमका पाठ्यक्रममा मानवअधिकारसम्बन्धी तालिम समावेश गरी प्रशिक्षित तुल्याई प्रभावकारी कार्यसम्पादनको माध्यमबाट सर्वसाधारण जनताको विश्वास जित्नु सुधारका लागि महत्वपूर्ण तत्व हुन् ।

नेपालमा प्रहरी सेवा
लेखहरूको सङ्ग्रह

सम्पादन:
सेफरवर्ल्ड